# प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिता

प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिता – लक्ष्मी भट्टराई, २०७०

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नात्तकोत्तर तह दोस्रो वर्षको

दसौं पत्रको प्रयोजन लागि प्रस्तुत

**शोध-पत्र**

शोधार्थी

लक्ष्मी भट्टराई

त्रिभुवन विश्वविद्यालय

२०७०

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**त्रि.वि. कीर्तिपुर**

## शोध निर्देशकको सिफारिस

**प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिता** शीर्षकको प्रस्तुत शोधपत्र लक्ष्मी भट्टराईले मेरा निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उहाँले निकै मेहनत गरी तयार पार्नु भएको छ । म उहाँको शोधपत्रप्रति पूर्ण रूपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

.......................................

**डा. नारायण गड्तौला**
**शोध निर्देशक**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**त्रि.वि. कीर्तिपुर ।**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा लक्ष्मी भट्टराईले त्रि.वि. नेपाली केन्द्रीय विभाग स्नात्तकोत्तर तह एम.ए नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिता** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. देवी प्रसाद गौतम (विभागीय प्रमुख) | .................... |
| २. | डा. नारायण गड्तौला (शोधपत्र निर्देशक) | .................... |
| ३. | एकनारायण पौड्याल (वाह्य परिक्षक) | .................... |

मितिः २०७०/ /

## कृतज्ञताज्ञापन

प्रस्तुत **'प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिता'** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु डा. नारायण गड्तौलाको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अमूल्य समय दिएर मलाई यो शोधपत्र सम्पन्न गर्न सहयोग तथा निर्देशन दिनुहुने श्रद्धेय गुरुप्रति आभार व्यक्त गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि अनुमति प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख देवी प्रसाद गौतमलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा आवश्यक सहयोग र सल्लाह प्रदान गर्ने शोधनायक प्रतीक ढकाल तथा उहाँको परिवारप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रका लागि आवश्यक पुस्तक, पत्रिका, शोधपत्र उपलब्ध गराई दिने त्रि.वि. केन्द्रीय पुस्तकालय तथा कम्प्युटर सम्बन्धी सहयोग गर्नुहुने राजीव महर्जन ( फ्रेन्ड कम्प्युटर सर्भिस) कीर्तिपुरलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मेरो अध्ययनलाई यस तहसम्म पुऱ्याई अमूल्य योगदान गर्नुहुने श्रद्धेय बुबाआमा रामचन्द्र र गीता भट्टराईप्रति म सधैं कृतज्ञ छु ।

प्रस्तुत शोधपत्र सम्पन्न गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद व्यक्त गर्दछु ।



**लक्ष्मी भट्टराई**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।

## विषय सूची

पृष्ठ


*शोध निर्देशकको मन्तव्य*

*स्वीकृति पत्र*

*कृतज्ञता ज्ञापन*

**पहिलो परिच्छेद**

**शोधपत्रको परिचय** १

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शाधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य तथा महत्त्व ७

१.६ शोधकार्यको सीमाङ्कन ८

१.७ शोधविधि ८

१.७.१ सामग्री सङ्कलन विधि ८

१.७.२ अध्ययन विधि ८

१.८ शोधपत्रको रूपरेखा ८

**दोस्रो परिच्छेद**

**प्रतीक ढकालको जीवनी** १०

२.१ जन्म र जन्म स्थान १०

२.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि १०

२.३ बाल्यकाल ११

२.४ शिक्षादीक्षा ११

२.५ विवाह र पारिवारिक जीवन १२

२.६ आर्थिक अवस्था १२

२.७ व्यक्तिगत रुचि तथा स्वभाव १४

२.८ भ्रमण १४

२.९ सम्मान तथा पुरस्कार १५

२.१०. प्रेरणा र प्रभाव १६

२.११ संलग्नता १६

२.१२. निष्कर्ष १७

**तेस्रो परिच्छेद**

**प्रतीक ढकालको व्यक्तित्व १८**

३.१ साहित्येतर व्यक्तित्व १८

३.१.१ शारीरिक व्यक्तित्व १८

३.१.२ सामाजिक व्यक्तित्व १९

३.१.३ कलाकार तथा गायक व्यक्तित्व १९

३.१.४ जागिरे व्यक्तित्व २०

३.१.५ राजनीतिक व्यक्तित्व २१

३.१.६ धार्मिक व्यक्तित्व २१

३.२ साहित्यिक व्यक्तित्व २२

३.२.१ खण्डकाव्यकार व्यक्तित्व २२

३.२.२ नियात्राकार व्यक्तित्व २३

३.३ प्रतीक ढकालको साहित्य यात्रा र चरण विभाजन २४

३.३.१ चरण विभाजन २४

३.४ अनुवादक व्यक्तित्व २७

३.५ सम्पादकीय व्यक्तित्व २७

३.६ निष्कर्ष २८

**चौंथो परिच्छेद**

**प्रतीक ढकालको नियात्राकारिता २९**

४.१ 'हिमालपारि पुगेपछि' नियात्राको विश्लेषण २९

४.२ 'सेती पनि काली पनि' नियात्राको विश्लेषण ३७

४.३ 'सगरमाथाको आधारशिविरबाट' नियात्राको विश्लेषण ४५

४.४ 'चीनको विचित्र चित्र' नियात्राको विश्लेषण ५५

४.५ पाइतलाका छापहरू नियात्राको विश्लेषण ६५

४.६ 'गण्डकीको मुहानतिर' नियात्राको विश्लेषण ७७

**पाँचौ परिच्छेद**

**उपसंहार तथा निष्कर्ष** ८६

५.१ उपसंहार ८६

५.२ निष्कर्ष ८७

**सन्दर्भ ग्रन्थ सूची** ८९

## संक्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| वि.सं. | : | विक्रम सम्बत् |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| स्व. | : | स्वर्गीय |
| नं. | : | नम्बर |
| का.म.न.पा. | : | काठमाडौं महानगर पालिका |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मी. | : | मीटर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ना.सु. | : | नायब सुब्बा |
| सम्पा. | : | सम्पादक |
| दो. सं. | : | दोस्रो संस्करण |
| चौ. सं. | : | चौथो संस्करण |
| छै. सं. | : | छैटौं संस्करण |

# पहिलो परिच्छेद
# शोध पत्रको परिचय

## १.१ विषय परिचय

प्रतीक ढकालको जन्म वि.सं. २०१६ साल जेठ १३ गते बुधवारका दिन पिता अनन्त प्रसाद ढकाल र माता स्व. पवित्रा ढकालका जेष्ठ पुत्रका रूपमा भुटानको दागापेला भन्ने ठाउँमा भएको हो । ४ वर्षको उमेरमा बुधबारे ४ झापामा बसाइ सरेका ढकालले निःशुल्क तथा अनिवार्य प्राथमिक पाठशाला केन्द्र नं. २ जयपुरबाट आफ्नो शिक्षा आरम्भ गरेका थिए । सानै उमेरदेखि साहित्य लेखनमा रुचि भएका ढकालले २०२८ सालमा झापाबाट प्रकाशित हुने 'सुर्योदय' साप्ताहिकमा 'धार' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यसका अतिरिक्त हाल उनका पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । प्रस्तुत शोधपत्रमा यिनै प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिताको विविध पक्षलाई अध्ययनको विषय बनाइएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यका क्षेत्रमा विशेषतः नियात्रामा प्रसिद्धि कमाउन सफल प्रतीक ढकालले नियात्रा लेखनका माध्यमबाट नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले उत्कृष्ट कृतिहरू प्रदान गरी नेपाली साहित्यलाई समुन्नत बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि उनका बारेमा सामान्य चर्चा परिचर्चा बाहेक उनको जीवनी, व्यक्तित्व एवम् नियात्राकारिताको बारेमा समग्र पक्षको चर्चा भएको देखिँदैन । यस्ता उल्लेखनीय प्रतिभाको ठोस रूपमा अध्ययन हुन नसक्नु नेपाली साहित्यकै समस्या हुनु पुगेको छ । प्रस्तुत शोधकार्यमा ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिताको विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि निन्नानुसारका समस्याहरूको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ :

क. प्रतीक ढकालको जीवनीका सन्दर्भहरू के कस्ता छन् ?

ख. प्रतीक ढकालको व्यक्तित्वका पक्ष के कस्ता छन् ?

ग. प्रतीक ढकालको नियात्राकारिता के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य समस्या कथनमा उठेका समस्याहरूको समाधानार्थ ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिताको ठोस, विस्तृत एवम् व्यवस्थित रूपमा अध्ययन गर्नका लागि निम्नानुसारका उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क. प्रतीक ढकालको जीवनीका विभिन्न सन्दर्भहरूको खोजी गर्नु

ख. प्रतीक ढकालका व्यक्तित्वका पक्षहरू पत्ता लगाउनु,

ग. प्रतिक ढकालका नियात्राको अध्ययन गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली नियात्राका क्षेत्रमा उच्च स्थानमा रहेका प्रतीक ढकाले नियात्राको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नियात्रा साहित्यका फाँटमा विगत दश वर्षदेखि सक्रिय रूपमा साधनारत यात्राकारका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न पुस्तक र पत्रपत्रिका मार्फत् समीक्षा गरेका छन् । ती मध्ये पूर्व अध्येताहरूले ढकाल र उनका कृतिका बारेमा अध्ययन गरेका सामग्रीहरू जे जति मात्रामा प्राप्त भएका छन् तिनीहरूलाई कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

ईश्वरी ज्ञवाली (२०६२) ले **नेपाली** राष्ट्रिय साप्ताहिक पत्रिकामार्फत 'हिमालपारि पुगेपछि' कृतिको परिचयका क्रममा डोल्पा र मुस्ताङ गरी २ खण्ड एवम् २३ शीर्षकमा विभाजित नियात्रामा प्रतीकले आफूलाई दायित्वबोध, संवेदनशील र राष्ट्रवादी चेतले अभिप्रेरित नियात्राकारका रूपमा प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् ।

उदय निरौला (२०६२) ले **मधुपर्क** पत्रिकामार्फत 'कठिन पदयात्राको नियात्रा' शीर्षक लेखमा हिमालपारि पुगेपछि कृतिमा यात्रामा क्रममा हिमालपारिका तर नेपाली मानिसका सुखदुःख, रहनसहन, प्राकृतिक सौन्दर्यबारे विस्तारपूर्वक प्रकाश पारेका छन् भन्ने भाव व्यक्त गरेका छन् ।

युवराज नयाँघरे (२०६३) ले **जनभावना** पत्रिकामा प्रकाशित 'प्रतीकलाई पत्र' शीर्षकको लेखमा नेपाली यात्रा साहित्यमा तपाईंबाट लेखकहरू निकै उत्साहित भएका छन् र यस्तै उत्साह भइरहने हो भने नेपाली साहित्यमा अझ बलिया यात्राका थुंगा फक्रने वातावरण बन्नेछ भन्दै पत्रात्मक शैलीमा ढकालको नियात्राकारिताको टिप्पणी गरेका छन् ।

रामबहादुर रावल (२०६५) ले **इन्द्रेणी** पत्रिकामार्फत् 'चपचाप वेस्टसेलर' शीर्षक लेखमा साझा प्रकाशनले गरेको वृहत् पुस्तक प्रदर्शनीमा सबैभन्दा बढी विक्री हुने पुस्तकका लेखकलाई एउटा पनि संस्थागत पुरस्कार नदिएको र ढकालले यति धेरै पाठकको माया पाएपछि संस्थागत पुरस्कारको खाँचो नपर्ने बताउँछन्, भन्ने भाव व्यक्त गरेका छन् ।

विश्वमणि सुवेदी (२०६५) ले **जनआस्था** पत्रिकामा प्रकाशित 'कुकर्म नै हो र ? कम्युनिस्ट समर्थक हुनु' शीर्षक लेखमा यात्रासाहित्यमा चर्चित नाम प्रतीक ढकाल सगरमाथा भन्दा पनि अग्लो कुनै शिखर छ भने एकदिन त्यहाँ पनि उदाउनेछन् भन्ने भविष्यवाणी गरेका छन् ।

आपा शेर्पा (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'पर्वतारोहीका सक्कली साथी' शीर्षक लेखमा उनले लेखेका किताबहरू यात्रा हुन् कि, नियात्रा हुन् ? हिमाली साहित्य छन् कि, पर्वतीय साहित्य हुन् - त्यो मैले जान्ने र भन्ने विषय नै हाइन, मैले देखेको एउटै मात्र पक्का कुरो चाँहि के मात्र हो भने - हिमालमा गएरै हामीसँग धुलमिल भएरै, त्यहाँको रीतिरिवाज र संस्कृतिलाई सम्मान गर्दै हामी आम शेर्पा मान्छे सरह हिमाल चहारेरै किताव लेख्ने लेखक चाँहि अहिले सम्मका लागि प्रतीक ढकाल मात्रै हुन् भनेका छन् (बन्धु, २०६९ : ८०) ।

चूडामणि बन्धु (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'नियात्राकार प्रतीक ढकाल' शीर्षक लेखमा संसारमा नेपालको परिचय दिने सगरमाथा र हिमालप्रति प्रेम जगाउने स्तुत्य कार्य गरी प्रतीक ढकालले सही अर्थमा देश-सेवा गरेका छन् भन्दै ढकालको चर्चा गरेको छन् ।

कृष्ण धरावासी (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'शेर्पा जस्तो प्रतीक' भन्ने लेखमा झापामा हुर्केको एउटा उपाध्याय ब्राह्मण पुत्र प्रतीक ढकाल कसरी हिमाल आरोही शेर्पा जस्तो हुन पुगेछ । आनी बानी, व्यवहार, रुचि सबै शेर्पा जस्तै भएछ । उसको यात्रा किन हिमालतिर सुरु भएछ ? कसरी हिंड्यो होला त्यसले ती अग्ला पहाड र गहिरा खोंचहरू ? उसको यात्राको वर्णन बढ्छ ? सँगसँगै हिड्न पाएको आनन्द मात्रै आउँदैन, बरु फिल्मको दृश्य जस्तो अनुभूति पनि हुन्छ । सरल र मनोरञ्जक भाषा छ । आफूलाई अत्यन्त सामान्य बनाउँदै अरूको व्यक्तित्वको उत्थान गर्ने उसको मनको उदात्तता र भाषिक शक्ति ज्यादै आकर्षक छन् भन्दै ढकालको चर्चा गरेका छन् ।

तारानाथ शर्मा (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'नियात्रा बगैंचाका पर्वतीय माली' शीर्षक लेखमा प्रतीकको चर्चा गर्दै भनेका छन् - 'प्रतीकले त मेरै कृतिहरू पढेर प्रभावित भई लेख्न थालेका मेरै एक एकलव्य 'चेलो' ठान्दा रहेछन् आफूलाई तर मैले त आफ्नो भन्दा राम्रो बगैंचा बनाउने मालीलाई आफूले रोपेको बिरुवा हो भन्दा सक्ने स्थिति नै रहेन । उनका रुख र बगैंचाहरू मेराभन्दा राम्रा छन् । म पनि अब यसैमा रमाइरहेछु । प्रतीक जस्तो मालीले स्याहारेको यो नियात्रा - बगैंचा अब पूर्ण रूपले हुर्किंदै जानेछ भन्ने कुरामा मलाई पूरै विश्वास छ' ।

तुलसी भट्टराई (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'प्रतीक ढकाल अर्थात् यात्रा साहित्यका प्रतीक' भन्ने लेखमा धन्य हुन-प्रतीक ढकाल, जसले उच्च हिमाली भेगका अनेकौं आधारशिंविरहरूसम्म पुगेर सशरीर/सजीवन घर फर्किन सकेका छन् । आफ्नो यात्रामा क्रममा भोगेको सुख, दु:ख, जीवन, मृत्यु-संघर्ष आदिलाई प्रत्यक्ष अनुभवद्वारा अभिव्यक्ति दिएका छन् भनी चर्चा गरेका छन् ।

दिपक जंगम (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'प्रतीकसंगै हिमालतिर घुम्न निस्कँदा' भन्ने लेखमा हाम्रो देश कति सुन्दर छ

भनेर दुनियालाई देखाउन रात दिन आफ्नो कलम मात्र होइन, खुट्टै घोटेर देश दर्शन गरिरहने अविश्रान्त यात्री हुन् - प्रतीक ढकाल । हमेशा राष्ट्रका सकारात्मक र सुन्दर कुराहरूको मात्र बिस्कुन हाल्न रुचाउने देशभक्तिका महान् गायक/नायक पनि हुन् भनी ढकालका बारेमा चर्चा गरेका छन् ।

भीमार्जुन आचार्य (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'प्रतीक ढकाल : एक मानवतावादी लेखक' भन्ने लेखमा सरल, सहयोगी र एक प्रखर मानवतावादी लेखक प्रतीक ढकालले उँचाइ आउँदा दिनमा अझ चुलिदै जाने र उनका नयाँ - नयाँ र रोमाञ्चक पर्वतीय नियात्रा कृतिहरूले नेपाली साहित्यको भण्डार भरिदै जाने कुरा उल्लेख गरेका छन् ।

राजेश खड्का (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'सम्मानका शब्दहरू' भन्ने लेखमा प्रतीकलाई सम्मान गर्दै भनेका छन् - 'मैले साह्रै मन पराएका लेखकहरू मध्येका एक हुन-प्रतीक ढकाल । मैले साह्रै नै सम्मान गरेका सरस्वतीका सम्मान मध्येका एक हुन् - प्रतीक ढकाल । म उनको कलमलाई हार्दिक सम्मान गर्दछु' ।

राधेश्याम भट्टराई (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'नियात्राका प्रतीकः प्रतीक ढकाल' शीर्षक लेखमा हिमालको रमणीय दृश्य देखेर अघाउँदैनन् प्रतीक हिमालको महनीय गान बखान गरेर चुप लग्दैनन् प्रतीक, हिमाली क्षेत्रको पदयात्रा गरेर थाक्दैनन् प्रतीक । उनलाई हिमाली भेगको सौन्दर्यले गाँजेको हुन्छ, लठ्याएको हुन्छ, मोहनी लगाएको हुन्छ पदयात्रा गरिरहन मन लाग्छ, देशदर्शन गरिरहन मन लाग्छ । उनको आसक्ति यसबाट पनि छर्लङ्ग हुन्छ 'हिमालको फेदीमा नपुगेको मान्छे चुप लागेर बस्न सक्ला र तर एकपटक हिमाललाई नजिकैबाट देखिसकेको मान्छे चुप लगेर बस्न सक्दैन । मौका पर्नासाथ त्यतैतिर दगुर्ने भइहाल्छ' भनी ढकालका बारेमा चर्चा गरेका छन् ।

बसन्त कुमार शर्मा 'नेपाल' (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'एउटा घुमन्तेको हिमाल यात्रा' भन्ने लेखमा ढकालका बारेमा

चर्चा गरेका छन् । उनका अनुसार मुलुकको सबै भागमा म आफै पुगिसकेको, आफ्नै आँखाले देखिसकेको र लेखक साहित्यकार पनि भै- खाएको व्यक्ति भएका नाताले म प्रतीकको यो परिश्रमलाई राम्ररी बुझ्न सक्छु । प्रतीक ढकालले जे लेखेका छन् - त्यो नेपाली भाषा साहित्य र समष्टिगत रूपमा भन्दा नेपाली समाज र वाङमयलाई नै संवृद्ध बनाउने एउटा सार्थक प्रयास पछिको उपलब्धिको रूपमा मैले बुझेको छु । राष्ट्रप्रेमले भरिपूर्ण मुटु नभएको मान्छेले यसरी माटोको सुवासलाई बोक्नै सक्तैन ।

विजय सुब्बा (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'आधारशिविरबाट फर्केपछि' भन्ने लेखमा समकालीन नियात्रा साहित्यका बहुचर्चित एवम उच्चकोटीका यी नियात्राकारलाई' लौ तिम्रो अहिलेको तलब जति मासिक रूपमा दिन्छु, डुलिबस' भनेर छाड्दियो भने थाम्नै नसकिने पो हुन्थे कि ? जागिर हुँदा त यति उधुम मच्चाई सके भनेर प्रतीकको बारेमा चर्चा गरेका छन् ।

वैरागी काँइला (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'मनमा लागेको कुरो' भन्ने लेखमा हिमाच्छादित पर्वत, पर्वतारोहण, हिमाली जाति र तिनको संस्कृतिका बारेमा नियात्रा पुस्तकहरू लेख्ने र मुलुकभित्र सर्वाधिक विक्री हुने लेखक हुन् - प्रतीक ढकाल । उनी हिमाल र पर्वतका अनन्य मित्र मात्र होइनन्, भक्त र उपासक समेत हुन् । यही भक्तिका प्रतापले होला, यिनका कलममा पाठकलाई लठ्याउने जादू छ । प्रतीकले लेखेका किताबहरू पढ्न थालेपछि छोड्न सकिँदैन भन्दै ढकालको व्यक्तित्व बारे चर्चा गरेका छन् ।

शिवप्रसाद सत्याल 'पीठ' (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'पदपाठको प्रतिक्रिया' भन्ने लेखमा प्रतीक ढकाल जस्ता प्रतिभाशाली लेखकको यहाँ ताँती लाग्नु पर्छ । हिमालका विषयवस्तु बाल, वृद्ध, वनिता, स्वदेशी, विदेशी सबैलाई रुचिकर हुनेछन् । आज पर्वतीय पर्यटन र पर्वतारोहण लगभग पर्यायबाची शब्द बनेका छन् । हाम्रो देशमा यसको प्रवल संभावना पनि छ भन्ने भाव व्यक्त गरेका छन् ।

हरिहर खनाल (२०६९) ले **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि** नामक पुस्तकमा 'एक विहङ्गम दृष्टि' भन्ने लेखमा ढकालको व्यक्तित्वको चर्चा गरेका छन् । उनका अनुसार प्रतीकको लेखाइमा सुरुमा यसो हेर्दा केही पनि छैन जस्तो लाग्छ, तर गहिरिएर पढ्दै जाँदा पाठकका मनमा एक प्रकारको प्रभाव पर्न थाल्छ । उनमा आफ्नै किसिमको सम्मोहन गर्ने क्षमता छ । सबै राम्रा सिर्जनशील लेखकहरूमा भए झैं नै तिनको लेखाइमा एक प्रकारको निजत्व छ । प्रतीक असाध्यै अनौपचारिक छन्, उनका सिर्जनामा । र एउटा लेखकका हैसियतमा उनीसित भएको सबैभन्दा ठूलो खुबी पनि यही नै हो सायद् ।

यसरी विभिन्न लेखक तथा समीक्षकहरूको प्रतीक ढकालका बारेमा समीक्षा साथै उनका पुस्तकका भूमिका खण्डमा सङ्केतात्मक र सूचनात्मक अध्ययन प्रस्तुत गरे पनि उनको समग्र जीवनी, व्यक्तित्व र नियात्राकारिताका बारेमा कसैले पनि व्यवस्थित, विस्तृत र प्रामाणिक अध्ययन गरेको देखिँदैन तर पनि पूर्व अध्येताहरूले ढकाल र उनका कृतिहरूबारे गरेका अध्ययनबाट यो शोधकार्य सम्पन्न गर्न केही सहयोग मिलेको छ । यसरी ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिताको समग्र पक्षमा अध्ययन नभएकाले यस शोधपत्रमा उनका यी विविध पक्षबारे अध्ययन गर्ने जमर्को गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य तथा महत्त्व

प्रतीक ढकाल नेपाली साहित्यका एक उल्लेखनीय एवम् नियात्रा लेखनमा साधनारत प्रतिभा हुन् । उनले नियात्रा लेखनबाट नेपाली साहित्यलाई विशिष्ट योगदान दिएका छन् । यिनै प्रतिभाशाली प्रतीक ढकाललाई विभिन्न कोणबाट चिनाउने, उनको जीवनी र व्यक्तित्वका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन गर्ने तथा उनका नियात्रा कृतिहरूको समग्र अध्ययन गरिने हुनाले यो शोधकार्यको औचित्य र महत्त्व स्वतः स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारितामा सीमित रहेको छ । यहाँ उनको जविनी र व्यक्तित्वका विविध पक्षहरूका अतिरिक्त उनका प्रकाशित नियात्रा कृतिहरूको विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालयीय स्रोतलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । ढकालका कृतिहरूको विश्लेषण गरिएका विभिन्न पत्र-पत्रिकाहरूको सहयोग एवम् शोधनायकसँग प्रत्यक्ष भेट गरी प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ । उनको जीवनी तथा व्यक्तित्वमाथि प्रकाश पार्ने क्रममा प्राथमिक स्रोतका सामग्रीलाई बढी प्राथमिकता दिइएको छ ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधकार्य प्रतीक ढकालको जविनी, व्यक्तित्व र नियात्राकारिता माथि प्रकाश पार्ने उद्देश्यले तयार गरिएको हुनाले ढकालको जीवनीपरक समालोचनाको सैद्धान्तिक आधारलाई अध्ययन विधिको मूल आधार बनाइएको छ । यो शोधकार्य सम्पादन गर्न सङ्कलित सामग्रीहरूलाई अध्ययन, अनुसन्धान गरी मूलतः वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सुगठित रूपमा सम्पन्न गर्नका लागि यस शोधपत्रलाई भिन्न परिच्छेदमा भिन्न शीर्षक राखी विश्लेषण गरिएको छ, जसको रूपरेखा निम्न बमोजिम छ :

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : प्रतीक ढकालको जीवनी

तेस्रो परिच्छेद : प्रतीक ढकालका व्यक्तित्वका पक्षहरू

चौथो परिच्छेद : प्रतीक ढकालको नियात्राकारिता

पाँचौ परिच्छेद : उपसंहार तथा निष्कर्ष

सन्दर्भग्रन्थ सूची

# दोस्रो परिच्छेद

# प्रतीक ढकालको जीवनी

## २.१ जन्म र जन्म स्थान

प्रतीक ढकालको जन्म वि.सं. २०१६ साल जेठ १३ गते बुधबारका दिन पिता अनन्तप्रसाद ढकाल र माता स्व. पवित्रा ढकालका जेष्ठ पुत्रका रूपमा भुटानको दागापेला भन्ने ठाउँमा भएको हो । उनी वि.सं. २०१९ सालमा ४ वर्षको उमेरमा आफ्नो बुबासँग बुधबारे ४ झापामा बसाइ सरेका हुन् । उनको न्वारनको नाम खडानन्द ढकाल हो र साहित्यका क्षेत्रमा उनी प्रतीक ढकालका नामबाट चिनिन्छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२ वंश परम्परा र पारिवारिक पृष्ठभूमि

नेपालको ताप्लेजुङबाट आजीविकाका लागि भुटानको दागापेला भन्ने ठाउँमा गएका प्रतीक ढकालका प्रपितामह मधुसूदन ढकालका छोरा अविकेशरको जीविका पनि सोही ठाउँमै चल्यो । प्रतीक ढकालका पिता अनन्त प्रसाद ढकालको जन्म अविकेशर ढकालका जेष्ठ पुत्रका रूपमा भएको हो । यिनका दुई श्रीमती मध्ये जेठी श्रीमतीको नाम पवित्रा हो र प्रतीक यिनैका जेठा छोरा हुन् । प्रतीक ढकालका २ आमामध्ये आफ्नी आमातर्फका ३ छोरा र ३ छोरी छन् । ३ छोरीमध्ये २ वटी दिदी निरा, मिना र बहिनी दिव्य रहेका छन् भने भाइहरू जीवन र घनश्याम रहेका छन् । वि.सं. २०१९ सालमा अनन्तप्रसाद २ श्रीमती ३ छोरी र ३ छोरा सहितको परिवार लिएर झापा जिल्लाको बुधबारे ४ जयपुरमा बसाइ सरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

आर्थिक अभावका कारण जीवन निर्वाहका लागि नेपालबाट भुटान गई कृषि पेशामा संलग्न भएका मधुसूदन ढकालको वंशपरम्परामा अनन्त प्रसाद ढकालका जेष्ठ पुत्रका रूपमा जन्मिएका प्रतीक ढकालको पारिवारिक पृष्ठभूमि समस्यापूर्ण देखिन्छ । आजीविकाको लागि नेपाल र भुटान सर्नुका पछाडि पनि ढकालको परिवार समस्यामा रुमलिएको पाइन्छ । यही पारिवारिक पृष्ठभूमिमा उनको जन्म भएको पाइन्छ ।

## २.३ बाल्यकाल

निम्न मध्यम वर्गीय ढकाल परिवारमा भूटानको दागापेलामा जन्मिएका प्रतीक ढकालको बाल्यकालको केही अवधि भुटानमा र केही अवधि नेपालमा बित्यो । उनी ४ वर्षको उमेरमा भुटानबाट बसाइ सरी नेपाल आएका हुन् । सानै उमेरमा बसाइ सरेका उनलाई भुटानमा बिताएको बाल्यकालको ताजा अनुभूति छैन । उनी ९ वर्षको हुँदा आफ्नी आमाको मृत्यु भएको हो । बाल्यकालमै मातृवियोगको पीडा सहनुपरेको ढकाललाई आमाको मृत्युपश्चात हजुरआमाबाट लालनपोषण भएको हो । उनका पिताको स्वभाव अलि कडा थियो कडा प्रकृत्तिका पिताको प्रवृत्तिले ढकाल निकै डराउँथे र दुःखी हुन्थे । आमाको मृत्यु र बुबाको रुखो स्वभावले दुःखी बन्ने उनी बुबाभन्दा हजुरबुवा हजुरआमाको निकटतामा बस्न रुचाउँथे र उनीहरूको अनुपस्थितिमा उनी प्रायः एक्लै बस्न रुचाउँथे (शोधनायकबाट प्राप्त जानकारी) ।

बालयकालमै मातृवियोगको पीडा सहेका ढकालको बाल्यकाल त्यति सुखद् देखिँदैन तर पनि हजुरआमाको माया ममता, साथिभाइ एवम् आफन्तको सद्भावका कारण उनको बाल्यकाल सहज रूपमै बितेको देखिन्छ ।

## २.४ शिक्षादीक्षा

प्रतीक ढकालको शिक्षारम्भ उनी सात वर्षको हुँदा बुधवारे ४ झापामा रहेको निःशुल्क तथा अनिवार्य प्राथमिक पाठशाला केन्द्र नं. २ जयपुर' बाट औपचारिक रूपमा भएको हो । शिशु कक्षामा भर्ना भएका उनलाई उक्त कक्षामा सर्वप्रथम भएर एकैचोटी दुई कक्षामा पठाइएको थियो । २०२७ सालसम्म सोही स्कूलमा अध्ययन गरेका ढकाल २०२८ सालमा बुद्ध आदर्श हाइ स्कुल बुधबारेमा कक्षा ६ मा भर्ना भएका हुन् । उनले उक्त स्कुलबाट २०३३ सालमा ६८ प्रतिशत ल्याएर एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । २०३७ सालमा महेन्द्र रत्न बहुमुखी क्याम्पस इलामबाट कृषि शिक्षा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेका ढकालले प्राइभेट विद्यार्थीका रूपमा बाँकी अध्ययन गरेका छन् । उनले वाणिज्यशास्त्र, कानून र शिक्षा शास्त्र सङ्कायमा स्नातकोपाधि हासिल गरेका छन् । उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा

एम.ए. जनप्रशासनमा एम.पी.ए. र समाजशास्त्रमा एम.ए. उत्तीर्ण गरेका छन् ( शोधनायकबाट प्राप्त जानकारी) ।

उनको ब्रतबन्ध १४ वर्षको उमेरमा भएको थियो । यिनले गायत्री मन्त्र, कपिलमुनि पोखरेलबाट ग्रहण गरेका थिए ।

## २.५ विवाह र पारिवारिक जीवन

प्रतीक ढकालको विवाह वि.सं. २०४२ साल मंसीर १३ गते पाल्पा जिल्ला अर्गली गा.वि.स. वडा नं. ४ निवासी पित स्व. रामहरी भट्टराई र माता सावित्रा भट्टराईकी छोरी लक्ष्मी भट्टराईसँग भएको हो । त्यतिबेला प्रतीक ढकालको उमेर २६ वर्ष र लक्ष्मी भट्टराईको उमेर २१ वर्ष थियो । उनका एक छोरी र एक छोरा छन् । छोरी प्रज्ञा ढकालको जन्म वि.सं. २०४४ साउन २७ गते र छोरा प्रज्वल ढकालको जन्म २०४७ कार्त्तिक १८ गते भएको हो । हाल छोरी प्रज्ञा आर्किटेक्चरल इन्जिनियरिङ अध्ययन पूरा गरेकी छन् । छोरा प्रज्वल एम.वि.वि.एस. अध्ययनरत छन् । उनकी श्रीमती लक्ष्मी ढकाल स्नातकसम्मको अध्ययन गरेकी छन् र हाल काठमाडौंमा बीमा समितिको वरिष्ठ सहायक पदमा जागिरे छन् । हाल ढकाल ४ जनाको परिवारसहित का.म.पा. ३५ मनोहरवस्ती काठमाडौंमा आफ्नै घरमा बसेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । विगतमा जस्तोसुकै भए पनि वर्तमानमा विभिन्न कुराहरूको आधारबाट ढकालको परिवारिक जीवन सुखद् र सन्तोषपूर्ण देखिन्छ ।

## २.६ आर्थिक अवस्था

प्रतीक ढकालको जन्म निम्न मध्यमवर्गीय किसान परिवारमा भएको हो । उनका पूर्खा भुटानको दागपेला भन्ने ठाउँमा कृषिपेसामा संलग्न थिए । उनी ४ वर्षको उमेरमा २०१९ सालमा परिवार सहित नेपाल आएका हुन् । भुटानबाट बसाइ सरी झापाको बुधवारेमा आएका उनको परिवारले त्यहाँ पनि कृषि पेशामै आश्रित रहेर निकै दुःख कष्टका साथ गृहस्थी चलाएका थिए । आमाको निधनपछि एक्लिएको ढकाललाई उनकी हजुरआमाले निकै माया ममता दिनु भयो । बुबासँग धेरै डराउने उनी

आफूलाई आवश्यक सानो रकमको पनि कुरा गर्न सक्दैनन् । उनले आफूले अध्ययन गर्दा लाग्ने मासिक शुल्कको स्रोत पनि हजुरआमालाई नै गराएका थिए । अलि ठूलो रकम चाहिने अवस्थामा पनि हजुरआमाले बुबासँग लिइदिने र घुमाउरो ढंगबाट आफूले प्राप्त गर्थे । उनकी हजुरआमाले हरेक बुधबार बुधवारे बजारमा गई घरमै उत्पादित तरकारीको सानो पसल गर्नुहुन्थ्यो र २/४ पैसा आफ्नो थैलीमा जम्मा गर्न सफल हुनुहुन्थ्यो । उक्त थैलीले आफू यहाँसम्म आइपुग्न ठूलो सहयोग पुगेको ढकाल बताउँछन् । नि.मा.वि. तहको पढाइमै अर्थको अभावमा पिल्सिएका उनी माध्यमिक स्तरमा पुगेपछि मित्र मन्डलीको आकारमा व्यापक वृद्धि भएको र सधैं अर्काले खुवाएको चिया खाजा खाँदा लज्जाबोध भएर वैकल्पिक उपायहरू सोच्न थालेका बताउँछन् । उनले किताब बोक्ने झोलामा अलि कति चामल चोरेर हाल्ने र बुधबारका दिन बाटोमा चट्टी थापेर बसेका मधेसीलाई बेच्दा प्रतिकिलो अढाइ रूपैया सम्म पाउने र उक्त रमकले केही हदसम्म खर्च धान्ने गरेको बताउँछन् । त्यस्तो अवसरमा उनले साथीहरूलाई चिया खुवाउँथे । चामल चोर्ने कामले बढीमा २५/३० रूपैया हात पारेको र उक्त रकमले आर्थिक रूपमा ठूलो टेवा पुऱ्याएको कुरा कहिल्यै नबिर्सने र उक्त कार्यप्रति अहिले पनि कुनै पश्चाताप नभएको उनी स्वीकार्दछन् (बुधबारेका २० वर्ष लेखबाट प्राप्त) ।

आठ कक्षामा पढ्दा पहिलोपल्ट नयाँ फुल पाइन्ट लगाएको र २०३३ सालमा एस.एल.सी. परीक्षा दिन डेरा गरेर बस्नु पर्दा एक महिनाको खर्चवापत पाएको रु ३०० आफ्नो हातमा परेको दिनलाई आफू कहिल्यै विर्सिदैन भन्दछन् । उनी त्यतिवेला आफ्नो हातमा परेको सबैभन्दा ठूलो रकम नभइ सय रूपैयाको नोट पहिलोपल्ट देखेको र त्यो नै पहिलो अवसर हो भन्छन् । यी विविध कुराहरूको आधारमा उनको आर्थिक अवस्था ज्यादै कमजोर देखिन्छ । आर्थिक अवस्था त्यति राम्रो नभए पनि उनी १८ वर्षको उमेरमै शिक्षण पेसामा आबद्ध भए । केही समय शिक्षण पेसा छाडेर अध्ययनतर्फ लागेका उनी आर्थिक अभावका कारण पुनः २०३६ सालमा सोही पेसामा संलग्न भए । यसै क्रममा विद्यार्थी आन्दोलनको अगुवाइ गरेवापत पञ्चायत विरोधी गतिविधिमा संलग्न भएवापत उनी जागीरबाट वर्खास्त भए र वैकल्पिक पेसाको खोजीमा लागे ।

२०४६ साल साउन १ गते लोकसेवा आयोग पास गरी शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरे र हाल उनी सह सचिव पदमा कार्यरत छन् । अध्ययन एवम् जागिरसँगै साहित्यका क्षेत्रमा लागेका उनी नियात्राका क्षेत्रमा चर्चित बनेका छन् । हाल उनको सरकारी सेवा र लेखबापत पाएको रकमले का.म.पा. ३५ मनोहरबस्ती काठमाडौंमा पक्की घर बनाई ४ जनाको परिवार सन्तोषपूर्वक बस्दै आएको छ ।

## २.७ व्यक्तिगत रुचि तथा स्वभाव

हरेक व्यक्तिका आ-आफ्ना रुचि तथा स्वभाव हुनछन् । मानिसको चाहना वा रुचिअनुसार नै उसको व्यक्तित्व निर्माण भएको हुन्छ । प्रतीक ढकालमा पनि आफ्नै किसिमको रुचि तथा स्वभाव रहेको पाइन्छ । उनी सरल, शान्त एवम् गम्भीर स्वभावका व्यक्तिका रूपमा परिचित छन् । उनमा सहयोगी भावना रहेको पाइन्छ । यी कुराहरूका अतिरिक्त साहित्यिक रचना, गायन, भ्रमण गर्ने जस्ता कुराहरू उनमा रहेका रुचि हुन् ।

प्रतीक ढकाल कुनै पनि विषयमा तर्क गर्न डराउँदैनन् । आफूलाई चित्त नबुझेको प्रसङ्गमा तर्क गर्ने एवम् प्रश्न सोध्न नडराउने हठी स्वभाव उनमा पाइन्छ । कुनै नयाँ कुरामा चासो देखाउने उनी त्यस्ता कुराको गहीराइसम्म पुगेर अध्ययन गर्दछन् । उनी कुनै कुराको अध्ययनमा पसेपछि मिही कुरो खोज्न त्यसको गम्भीर अध्ययन गर्न मन पराउँछन् ।

## २.८ भ्रमण

भ्रमणले नयाँ नयाँ ठाउँ, त्यहाँको भेषभूषा रहनसहन, संस्कृति आदिका बारेमा जान्ने मौका मिल्नुका साथै साहित्यिक सिर्जनामा समेत सहयोग गर्दछ । वि.सं. २०३५ सालमा इलामा पाँचथर, ताप्लेजुङ बाट भ्रमण आरम्भ गरेका ढकालले हाल नेपालका हुम्ला, जुम्ला, मुगु र कालिकोट बाहेक ७१ वटा जिल्लाको भ्रमण पूरा गरिसकेका छन् । स्वदेश बाहेक उनले भारत, भुटान, थाइल्याण्ड, जापान, सिंगापुर, अमेरिका, कतार,

फ्रान्स, बहराइन, बेल्जियम, जर्मनी, नेदरल्याण्ड, इण्डोनेशिया, चीन, फिलिपिन्स र श्रीलंका जस्ता देशहरूको भ्रमण गरिसकेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.९ सम्मान तथा पुरस्कार

प्रतीक ढकाल सानै उमेरदेखि नै साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले समाजका विविध क्षेत्रमा कार्य गरेवापत विविध सम्मपान तथा पुरस्कार प्राप्त गरेका छन् । तिनीहरूको सूची तल दिइएको छ :

क. स्वर्णपदक : राष्ट्रव्यापी खुल्ला वक्तृत्वकला प्रतियोगिता, २०४२

ख. स्वर्णपदकः अन्तर्राष्ट्रिय युवा वक्तुत्वकला पर्व, टोकियो, जापान, १९८५

ग. हेमराज पाण्डे पुरस्कार : महेन्द्र संस्कृत विश्वविद्यालय, २०४६

घ. रजत पदकः राष्ट्रिय कविता महोत्सव, नेपाल प्रज्ञा प्रतिष्ठान, २०४६

ङ. प्रथम स्थानः राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगिता, २०५०

च. प्रथम स्थानः राष्ट्रव्यापी खुला कविता प्रतियोगिता, २०५२

छ. सरस्वती सम्मानः लिट्टल फ्लावर्स स्कुल, विर्तामोड, झापा, २०६२

ज. राष्ट्रिय शिक्षा पुरस्कार : शिक्षा मन्त्रालय, २०६५

झ. कीर्तिमानी लेक सम्मान : काठमाडौं रुरु कल्याण गुठी, २०६५

ञ. कीर्तिमानी लेखक सम्मान : बर्दिया - काठमाडौं सम्पर्क मञ्च, २०६५

ट. मिडिंया मिसन सम्मान : मिडिया मिसन नेपाल, २०६६

ठ. उत्कृष्ट कर्मचारी सम्मानः नेपाल निजामती कर्मचारी संगठन, गृह मन्त्रालय, २०६६

ड. कीर्तिमानी साहित्यकारको रूपमा सम्मानः जेम्स स्कुल, धापाखेल, ललितपुर, २०६६

ढ. पासाङ ल्हामु शिक्षा पुरस्कार : ट्रेकिङ एजेन्सीज एसोसिएसन नेपाल, सन् २००९, 'सगरमाथाको आधार शिविरबाट' नामक कृतिका लागि

ण. डा. हर्क गुरुङ पर्वतीय पुरस्कार : नेपाल पर्वतारोहण संघ सन् २०१०

त. मदन भण्डारी कला -साहित्य पुरस्कारः मदन भण्डारी कला - साहित्य प्रतिष्ठान, २०६७

थ. कीर्तिमानी लेखक सम्मानः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, केन्द्रीय कार्यलय, अमेरिका, २०१०

## २.१०. प्रेरणा र प्रभाव

प्रतीक ढकालले सानै उमेरमा आफ्नी हजुरआमाले गुनगुनाएका श्लोकहरू सुनेका थिए । उनले आफ्नो हजुरबुबाले रामायण, महाभारत, श्री स्वस्थानी पढेको सुनिरहन्थे । बाल्यकालमै मातृवियोगको पीडा सहनुपरेको उनले एकान्तमा बस्दा रामायणको कथा सम्झन्थे । यिनै कथा, श्लोकहरू सुन्दा एवम् त्यस्तै परिवेशले आफ्नो मनमा मैले पनि केही गर्नुपर्छ भन्ने छाप बसेको उनी बताउँछन् । त्यतिवेला उनलाई छन्दमा लय हालेर पढेका श्लोकहरूको प्रभाव आफ्नो अन्तर्मनमा रहेको र आफू पनि शार्दुलविक्रीडित छन्दमा दोहोरो कुराकानी नै गर्न सक्ने भएको स्वीकार्दछन् । उनले विद्यालयमा हुने कार्यक्रममा भाग लिदा शिक्षकहरूबाट पाएको हौसला एवम् स्यावासीहरूले पनि साहित्यलेखनमा प्रेरणा मिलेको बताउँछन् । विभिन्न विद्धानहरूका कृतिहरू पढ्ने, वाह्य पुस्तकहरूको अध्ययन गर्ने तथा ब्राह्मण समाजको सङ्गतबाट पनि साहित्य लेखनमा रुचि थपिदै गएको कुरा उनी बताउँछन् । ९ वर्षसम्म आमाबाट पाएको स्नेह, ९ वर्षपछि मातृवियोगको पीडाबाट जन्मेको नैराश्य नै साहित्य सिर्जनाको कारकको रूपमा रहेको उनी स्विकार्छन् ।

## २.११ संलग्नता

मानिस सामाजिक प्राणी हो । समाजमा मिलेर बस्नका लागि पनि उसले सबैसँग सुमधुर सम्बन्ध राख्नु जरुरी हुन्छ । व्यक्ति सबैसँग घुलमिल भएर बस्नका लागि पनि उसका सामाजिक भावना हुनु आवश्यक हुन्छ । सबैसँग राम्रो सम्बन्ध राख्न सकेमा र सेवाको भाव भएमा नै मानिस सबैसँग मिलेर बस्न सक्छ । प्रतीक ढकालमा पनि यी गुण भएको पाइन्छ । सेवाको भाव तथा निःस्वार्थ भावनाले गर्दा उनी सबैका माझ उत्तिकै लोकप्रिय छन् भने सामाजिक भावना भएका कारण विभिन्न संघसंस्थामा

पनि संलग्न छन् । आफ्नो बौद्धिकता तथा क्षमतालाई र आफ्नो निःस्वार्थ भावनालाई सबैसंग साट्न सकेका कारण नै उनी विभिन्न संघ संस्थामा संलग्न हुन सकेका छन् ।

प्रतीक ढकालले विभिन्न गोष्ठी तथा सम्मेलनहरूमा सहभागी भएर आफ्नो क्षमतालाई उजागर गरेका छन् । उनले विभिन्न शैक्षिक, प्राज्ञिक तथा सेमिनारहरूमा पनि आफ्नो संलग्नता जनाएका छन् । त्यस्तै उनले 'हुलाक' (२०५५ देखि २०६२ सम्म) र 'संगम' (२०५०) पत्रिकाको सम्पादकको रूपमा कार्य गरेका छन् । त्यस्तै 'केही' कृतिहरूको अनुवाद गरेर पनि आफ्नो क्षमतालाई प्रदर्शन गरेका छन् । यसका अतिरिक्त निम्नलिखित कुराहरूमा ढकाल संबद्ध रहेको छन् ।

क. संरक्षक, रिडर्स क्लब नेपाल

ख. संरक्षक, म्यानेजमेन्ट स्टुडेण्टस् एसोसिएसन अफ नेपाल

ग. आजीवन सदस्य, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज

घ. आजीवन सदस्य, भानु साहित्यिक मासिक

ङ. आजीवन सदस्य नेपाल रेडक्रस सोसाइटी

च. आजीवन सदस्य मनोहरवस्ती सामुदायिक अध्ययन केन्द्र, काठमाडौं

छ. आजीवन सदस्य, ढकाल समाज नेपाल

ज. सदस्य, नेपाल पर्वतारोहण संघ

## २.१२. निष्कर्ष

प्रतीक ढकालको जन्म वि.सं. २०१६ जेष्ठ १३ गते बुधबारका दिन भुटानको दागपेलामा भएको हो । अनन्त प्रसाद ढकालकी जेठी श्रीमती पवित्रा ढकालका सुपुत्रका रूपमा जन्मिएका प्रतीक ढकाल ९ वर्षको हुँदा आमाको मृत्यु भएको हो र आमाको मृत्यु पश्चात् हजुरआमाको हेरचाहमा हुर्किए । सामान्य किसान परिवारमा जन्मिएका ढकालको आर्थिक अवस्था मध्यम स्तरको पाइन्छ । हाल आएर नियात्राकारिताबाट चर्चित बनेका ढकालले लेखनबाट प्राप्त रकम र नेपाल सरकारको सेवाबाट प्राप्त रकमले का.म.न.पा. ३५ मनोहरबस्तीमा यिनको ४ सदस्यीय परिवारको गुजारा चलेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# प्रतीक ढकालको व्यक्तित्व

मान्छेको व्यक्तित्व उसको जीवनका विभिन्न आरोह अवरोह, पीर -वेदना, हर्ष-खुशी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक तथा वातारणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका वहन गरेका हुन्छन् । मानिसको व्यक्तित्व निर्माणमा उसका चारित्रिक क्रियाकलापको उल्लेख्य भूमिका रहेको हुन्छ । यिनै आधारमा प्रतीक ढकालका व्यक्तित्वका दुई पाटा देखिन्छन् ती हुनः साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्व । यहाँ विभिन्न उपशीर्षकहरूमा यी दुबै व्यक्तित्वका पक्षलाई चर्चा गरिएको छ ।

## ३.१ साहित्येतर व्यक्तित्व

ढकालको साहित्येतर व्यक्तित्वलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ३.१.१ शारीरिक व्यक्तित्व

प्रतीक ढकालसँग प्रत्यक्ष भेटघाटका आधारमा भन्नुपर्दा उनको शारीरिक बनावट औसत नेपालीको शारीरिक वनावट जस्तै नै छ । उनी प्रभावशाली व्यक्तित्वका रूपमा देखा पर्दछन् । उनको उचाइ ५ फिट ७ इन्च रहेको छ । उनको शारीरिक रूपाकृति हेर्दा गोरो उज्यालो मुखाकृति छ । न ज्यादा मोटा न ज्यादा दुब्ला अथवा सुहाउँदो शारीरिक वनावटले गर्दा ढकाल अत्यन्त सुन्दर र आकर्षक देखिन्छन् । उनी सधैं सफा र चट्ट मिलेका कपडामा सुसज्जित देखिन्छन् । उनमा वाहिरी तडकभडक नभई सरल र सहयोगी भावना पाइन्छ । सहयोगी भावनाले गार्द नै उनी सबैका माझ लोकप्रिय पनि छन् । निरर्थक एवम् अहंका कुरा गरेर उनी समय खेर फाल्दैनन् । चम्किलो तथा हंसिलो मुखाकृतिमा प्रस्तुत हुने उनी आवश्यक, औचित्यपूर्ण तथा

घतलाग्दा कुराकानीका माध्यमबाट सबैलाई मख्ख पार्दछन् । समग्रमा भन्नुपर्दा नम्र तथा सौम्य स्वभाव भएकाले उनको भौतिक व्यक्तित्व आकर्षक नै देखिन्छ ।

### ३.१.२ सामाजिक व्यक्तित्व

प्रतीक ढकाल समाजसेवामा पनि उत्तिकै चासो राख्ने सामाजिक भावना भएका व्यक्ति हुन् । समाजसेवा गर्ने चाहनाले नै यिनी ढकाल समाज नेपाल, नेपाल रेडक्रस सोसाइटी तथा मनोहरवस्ती सामुदायिक अध्ययन केन्द्र, काठमाडौंका आजीवन सदस्य बनेका छन् । उनले गरेका समाजसेवाका कामहरूलाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क. २०४६/४७ सालमा खोड्पे बझाङ सडकको सुरुवात गरेका

ख. नेपालको इतिहासमै पहिलोपटक महिला बालबालिका र जेष्ठ नागरिकलाई विशेष दरको प्रोत्साही व्याज दिने प्रचलनको सुरुवात गराएका,

ग. २०६० सालमा विमल स्मृति पुस्तकालय धरानलाई विभिन्न विषयका ३०० पुस्तक प्रदान गरको,

घ. दलित, असहाय बालबालिकालाई विद्यालयमा भर्ना गर्ने कार्यमा सहयोग गरेका

ङ. उपचार नपाएका असहायहरूलाई आफ्नो सामर्थ्यले भ्याएसम्मको आर्थिक सहयोग गरेका

यसरी प्रतीक ढकाल विभिन्न माध्यमबाट समाजसेवामा संलग्न भएका छन् ।

### ३.१.३ कलाकार तथा गायक व्यक्तित्व

प्रतीक ढकाल अभिनयमा पनि सिपालु थिए । वि.सं. २०३८/३९ तिर उनको गाउँ झापामा रहेको आदर्श नि.मा.वि. जयपुरमा महाकवि लक्ष्मी प्रसाद देवकोटा लिखित 'मुनामदन' नाटक मञ्चन गरिएकोमा यिनले मदनको भूमिका निर्वाह गरेका थिए । उक्त नाटक आफूले सोचेको भन्दा दोब्बर तेव्बर दिनसम्म हाउसफुलका साथ चलेको उनी बताउँछन् । यिनको त्यो अभिनय जीवन्त बनेको थियो । यसका अतिरिक्त ढकाल गायनमा पनि उत्तिकै सिपालु छन् । यिनले उषा किरण अधिकारी, दिनेश सुब्बा, ठुले राई, बुद्धवीर लामा, मानसिंह थुलुङ, आदिसँग मिलेर विभिन्न गीतहरू समूहमा

गाएका छन् भने एकल स्वरमा गीत रेकर्ड हुँदा देविका प्रधान र सीमा पोखरेलले महिला स्वरमा साथ दिएका छन् ।

### ३.१.४ जागिरे व्यक्तित्व

प्रतीक ढकालले २०३३/३४ सालमा मोहनमाया प्रा.वि. चारपाने झापामा १ वर्षसम्म स्थायी शिक्षकको रूपमा सेवा गरेका थिए । २०३७ सालमा सेतीपानी प्रा.वि. शनिश्चरेमा पुनः १ वर्ष स्थायी शिक्षकको रूपमा अध्यापन गराएका उनी २०३८-४० सम्म आदर्श नि.मा.वि. जयपुरमा ३ वर्षसम्म शिक्षण पेशामै लागेका हुन् । २०४० सालमै पञ्चायती व्यवस्थाको विरोधी क्रियाकलापमा संलग्न भएकाले शिक्षण पेसाबाट बर्खास्त हुनुपरेको थियो । २०४० सालमै पोखरामा खानेपानी संस्थानको स्थायी कर्मचारीका रूपमा खरिदार पदमा रही ३ महिनामा सेवा गरे । २०४० सालमै पोखरामा जे.टी.ए खरिदार पदमा स्थायी कर्मचारीकै रूपमा १७ दिन सेवा गरे । २०४० सालमै पाल्पामा कृषिको जे.टी नायवसुव्वा पदमा २ वर्षसम्म सेवारत रहे । २०४२ चैत्र २४ देखि २०४६ असार मसान्तसम्म वरिष्ठ सहायक नायव सुब्बा सरहको पदमा राष्ट्रिय वाणिज्य बैङ्क केन्द्रीय कार्यालय काठमाडौंमा सेवा गरे । २०४६ साल साउन १ गते देखि २०५२/२/५ सम्म शाखा अधिकृत पदमा तत्कालीन श्री ५ को सरकारको जिल्ला पञ्चायत सचिवालय बझाङ, कैलाली, जि.वि.स. स्याङ्जा, स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखा, ग्रामीण विकास शाखा, संस्थागत विकास शाखा, मन्त्रीको निजी सचिवालयमा सेवा गरेको पाइन्छ । यसरी नै २०५२/२/७ देखि २०६६/११/२५ सम्म नेपाल सरकारको उपसचिव पदमा कार्यरत रहे । उक्त कालवधिमा उनले गोश्वारा हुलाकको उपनिर्देशक, केन्द्रीय धनादेश कार्या लयको प्रमुख, तनहुँ र कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी, पर्यटन मन्त्रालयको उपसचिव, गृह मन्त्रालयको उपसचिव र मुलुकको अध्यागमन प्रशासन सम्बन्धी जिम्मेवारी लिएको पाइन्छ । २०६६/११/२७ देखि हालसम्म नेपाल सरकाको सह-सचिव पदमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमनको प्रमुखका रूपमा कार्यरत रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.१.५ राजनीतिक व्यक्तित्व

प्रतीक ढकाल आफ्नो अध्ययनकालमा इलाममा रहँदा विद्यार्थी राजनीतिमा निकै सक्रिय भएर लागिपरेका थिए । उनको झुकाव बामपन्थी राजनीतिमा थियो । राजनीतिकै कारणले उनले शिक्षण पेसाबाट बर्खास्त हुनुपरेको थियो । त्यतिबेला उनी अनेरास्ववियू इलाम जिल्ला कमिटीको सचिव भएका थिए । त्यस क्रममा इलाम क्याम्पसका धेरै साथीहरू पक्राउ परेका थिए र ढकालको नाममा पनि बारेष्ट जारी भयो । वारेण्ट जारी भएको र पक्राउ पूर्जी आफ्ना नाममा जारी भएको थाहा पाएपछि उनी त्यहाँबाट राती-राती भागेर पैदल हिँडेर विहान ४ बजे झापा पुगे । घरमा पुलिसले निगरानी राखेको रहेछ सो कुरा हजुरबुबाबाट थाहा पाए र मकै वारीमा लुक्न पुगे । आफ्नो भाइ जीवनले आवश्यक सामानसहितको झोला ल्याइदिएपछि उनी दार्जीलिङ पुगे उनी पछि घटना सामसुम भएपछि पुनः फर्के । यसरी लामो समयसम्म राजनीतिमा लागिपरेका ढकाल हाल निष्क्रिय बनेका छन् । राजनीतिमा यसरी निष्क्रिय बन्नुको कारण असल कुराको खोजी गर्नु हो भन्ने तर्क उनको छ । शोधनायकबाट प्राप्तजानकारी केही समय राजनीतिमा संलग्न भएकाले यिनको व्यक्तित्वको आंशिक पाटाको रूपमा राजनीतिक व्यक्तित्वलाई पनि लिन सकिन्छ ।

### ३.१.६ धार्मिक व्यक्तित्व

ढकाल धर्मकर्ममा पनि विशेष आस्था राख्छन् । उनी गाउँमा छँदा भजन कीर्तन गर्ने र धार्मिक प्रवचन गर्ने गर्दथे । जसका कारण उनी गाउँमा निकै प्रख्यात पनि भए । उनको विवाहको सुत्रधार पनि त्यही धार्मिक भजन कीर्तन र प्रवचन नै थियो । हाल उनी व्यस्तताका कारणले भजन कीर्तन र प्रवचन गर्दैनन्, सुन्न भने चासो लिन्छन् । यस अतिरिक्त सनातन परम्परालाई समय र परिस्थिति अनुसार महत्त्व दिनुपर्छ भन्ने उनको धारणा छ । तसर्थ ढकालको व्यक्तित्वको आंशिक पाटाका रूपमा धार्मिक व्यक्तित्वलाई पनि उल्लेख गर्न सकिन्छ ।

## ३.२ साहित्यिक व्यक्तित्व

कुनै व्यक्तिले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदान, प्रकाशित कृति र कृतिगत मूल्यका आधारमा व्यक्तिको स्रष्टा व्यक्तित्व निर्धारण गरिन्छ । ढकालको साहित्यिक व्यक्तित्वलाई पनि यसै आधारमा चर्चा गरिएको छ । सानै देखि साहित्य लेखनमा रुचि भएका प्रतीक ढकाल २०२८ सालमा झापाबाट प्रकाशित हुने 'सुर्योदय' साप्ताहिकमा 'धार' शीर्षकको कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । कविताबाट साहित्य क्षेत्रमा प्रवेश गरेका ढकालका हालसम्म १ खण्डकाव्य र ६ नियात्रासङ्ग्रह प्रकाशित छन् । यसका अतिरिक्त प्रेमपत्र, आत्महत्या जस्ता कथाहरू अप्रकाशित रूपमा छन् । यस्ता कृतिहरूले ढकालको साहित्यिक व्यक्तित्व परिष्कृत र परिमार्जित बन्दै गएको देखिन्छ ।

प्रतीक ढकालका साहित्यिक रचना अन्तर्गत खण्डकाव्य र नियात्रा देखिएकाले उनको साहित्यिक व्यक्तित्व उपशीर्षकमा अध्ययन गरिएको छ । यसका अतिरिक्त उनले आधा दर्जन जति कथा थोरै मात्रामा नाटक तथा निबन्ध विधामा पनि कलम चलाएका थिए तर ती केवल प्रतियोगिताका लागि मात्र रचना गरेको र फलस्वरूप सबैमा विजयी भएको कुरा ढकाल स्वयम् स्वीकार्दछन् । यद्यपि अप्रकाशित कृतिहरूको यहाँ चर्चा गरिएको छैन ।

### ३.२.१ खण्डकाव्यकार व्यक्तित्व

प्रतीक ढकालको **सानुलाई** खण्डकाव्य प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यो कृति ऋषिकेश कपडा उद्योग अर्गली, पाल्पाबाट २०४२ सालमा प्रकाशित भएको हो । काल्पनिक प्रियसीको देहावसानमा लेखिएको 'सानुलाई' शोककाव्यमा माधवप्रसाद घिमिरे, चूडामणि बन्धु, गुमानसिंह चामलिङ जस्ता साहित्यकारहरूले समीक्षात्मक भूमिका एवम् मन्तव्य प्रकट गरेका छन् । यही खण्डकाव्यका आधारमा ढकाललाई खण्डकाव्यकार भन्न सकिन्छ ।

प्रस्तुत खण्डकाव्य हाल शोधनायक स्वयम् संग पनि अप्राप्त भएको हुँदा यस शोधकार्यमा अध्ययन एवम् विश्लेषण गरिएको छैन । तापनि डा. खेम कोइराला बन्धुद्वारा सम्पादित 'नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि' नामक पुस्तकमा सम्पादकले उल्लेख गरकौ प्रस्तुत 'सानुलाई' खण्डकाव्यको एउटा श्लोक यहाँ उद्धृत गरिएको छ :

आँसु पुछिद्यौ भन्दिन प्रभु । म आँसु निरन्तर आइरहून्
नित्य निरन्तर अन्तर्दिलको कालो मैलो धोइरहून्
हृदय मेरो नील-गगन झैं निर्मल निर्मल हुन्छ भने
वर्षापछिको आकाश जस्तै पावन पावन हुन्छ भने
आँसु अझै पनि देऊ प्रभु म नित्य निरन्तर रोइरहूँ
पापी मनले पाप चिताए पनि आँसुले धोइरहूँ ..... ।

### ३.२.२ नियात्राकार व्यक्तित्व

प्रतीक ढकालको प्रथम प्रकाशित नियात्रा **'हिमालपारि पुगेपछि'** (२०६१) हो । यसपछि 'सेती पनि काली पनि' (२०६३), **'सगरमाथाको आधार शिविरबाट'** (२०६४), **'चीनको विचित्र चित्र'** (२०६६), **'पाइतलाका छापहरू'** (२०६६), **'गण्डकीको मुहानतिर'** (२०६८) जस्ता नियात्रा प्रकाशित भएका छन् ।

माथि उल्लेखित नियात्रामध्ये 'हिमालपारि पुगेपछि', सेती पनि काली पनि', 'सगरमाथाको आधार शिविरबाट', 'पाइतालका छापहरू' र 'गण्डकीको मुहानतिर' स्वदेश भ्रमणमा आधारित नियात्रा हुन् भने 'चीनको विचित्र चित्र' विदेश भ्रमणमा आधारित नियात्रा हो । यी नियात्रामा प्रकृति, जनजीवन, संस्कृति, भूगोलसित प्रत्यक्ष साक्षात्कार गरिएको पाइन्छ । यी कृतिहरूमा तत्सम्, तद्भव र झर्रो नेपालीका साथै अङ्ग्रेजी भाषाका शब्द पनि प्रयोग भएका छन् । त्यस्तै यी नियात्रामा उपमा, रूपक र उत्प्रेक्षा अलङ्कारको सहज प्रयोग छ । अनुप्रास मिलाउने चेष्टा समेत गरिएकाले नियात्रा काव्यात्मक बन्न पुगेको छ । ढकालका नियात्रामा संवेदना र भावनाको मात्रा न्यून छ भने सूचनात्मक तथ्य प्रबल बनेको छ । समग्रमा नियात्राको भाषा शैली सामान्य

बोधगम्य छ । यस्तै विशेषताका कारण यिनको सहित्यिक व्यक्तित्वलाई नियात्राकार व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

## ३.३ प्रतीक ढकालको साहित्य यात्रा र चरण विभाजन

प्रतीक ढकाल नेपाली साहित्यका बहु प्रतिभाशाली व्यक्तित्व हुन् । उनले नेपाली कविता, कथा, निबन्ध, आदि विधामा कलम चलाएका छन् । उनी प्रकाशनका दृष्टिले २०२८ सालमा साहित्यका क्षेत्रमा प्रवेश गरेका हुन् । उनको झापाबाट प्रकाशित हुने 'सूर्योदय' साप्ताहिकमा 'धार' शीर्षकको कविता प्रकाशित भएपछि साहित्यिक यात्रा सुरु हुन्छ ।

गद्य तथा पद्य साहित्यका विविध विधामा कलम चलाउने ढकालका कविता, खण्डकाव्य तथा स्वदेश तथा विदेश भ्रमणका अनुभवहरू समेटिएका नियात्राहरू प्रकाशित भएका छन् । उनका प्रकाशित कृतिहरूमा 'काका हो ची मिन्ह' (२०३९) र 'चम्किलो रातो तारा' (२०४०) अनुदित कृति तथा 'सानुलाई' (२०४२) खण्डकाव्य रहेका छन् । त्यसैगरि 'हिमालपारि पुगेपछि' (२०६१), 'सेती पनि काली पनि' (२०६३), 'सगरमाथाको आधारशिविरबाट' (२०६४), 'चीनको विचित्र चित्र' (२०६६), 'पाइतलाका छापहरू' (२०६६), 'गण्डकीको मुहानतिर' (२०६८), 'वियोन्ड द हिमालयज' ट्राभलौग ( २००२) नियात्रा कृति हुन् भने राजनीतिक चिन्तन तथा विश्लेषण (२०४९), नेपालमा सुशासन र प्रशासन सुधारः सिद्धान्त र व्यवहार (२०६१) पनि प्रकाशित भएका छन् । यी बाहेक विभिन्न पत्रपत्रिकामा अन्य दर्जनौ नियात्रा, कथा, कविता, गीत र संस्मरणहरू प्रकाशित भएका छन् । यिनै कृति र प्रवृत्तिका आधारमा ढकालको साहित्य यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

### ३.३.१ चरण विभाजन

वि.सं. २०२८ सालदेखि साहित्य क्षेत्रमा प्रवेश गरेका ढकाल २०२८-२०६० सम्मका कृतिहरूमा कविता, निबन्ध, नाटक, कथा रहेको र यी कृतिहरू स्वदेशकै मात्र वर्णनमा आधारित छन् र जीवनका अनुभवहरू समेटिएका छन् भने २०६१ देखि

हालसममका कृतिहरू केवल नियात्राहरू मात्र रहेको र उक्त कृतिहरू स्वदेश तथा विदेश भ्रमणमा आधारित छन् । यस अर्थमा उनको साहित्य यात्राको समग्र यात्रालाई अध्ययन सुविधाका लागि दुई चरणमा विभाजन गर्न सकिन्छ । पूर्वार्द्ध चरण (२०२८ - २०६०) र उत्तरार्द्ध चरण (२०६१ - हाल सम्म) ।

## क. पूवार्द्ध चरण वि.सं. २०२८ देखि २०६० सम्म

वि.सं. २०२८ सालमा झापाबाट प्रकाशित हुने 'सूर्योदय' साप्ताहिकमा 'धार' शीर्षकको कविता प्रकाशनदेखि हिमालपारि पुगेपछि (२०६१) प्रकाशित हुनु पूर्वको समयावधि ढकालको साहित्यिक यात्राको पूर्वार्द्ध चरण हो । यो उनको आभ्यासिक चरणको रूपमा देखिएको छ । उनका यस चरणका रचनाहरूमा जीवनका तीता-मीठा अनुभवलाई समेट्ने कामसँगै युगीन कथाव्यथालाई समावेश गरिएको छ । यस चरणमा उनको साहित्यिक लेखन परिपक्व अवस्थामा रहेको पाइँदैन ।

ढकालको प्रथम प्रकाशित कृति 'धार' कविता हो । यसपछि उनले प्रेमपत्र, आत्महत्या जस्ता मनोवैज्ञानिक, विसङ्गतिवादी कथा लेखेको पाइन्छ । उनले आफ्नै जीवनमा आधारित 'लक्ष्यहीन'नामक यथार्थवादी उपन्यास पनि लेखेको पाइन्छ । उल्लिखित यी रचनाहरूले उनलाई साहित्यिक यात्रामा अगाडि बढ्न प्रोत्साहन मिलेको प्रतीत हुन्छ ।

ढकालको यस चरणमा पुस्तकाकार कृतिका रूपमा सानूलाई' खण्डकाव्य २०४२) प्रकाशित भएको छ । समग्रमा यस चरणका विशेषतामा काल्पनिकता, कारुणिकता, मनोवैज्ञानिकता, मानवता, यथार्थता पाइन्छ । आभ्यासिक चरणका रूपमा लिइएको ढकालको यस पूर्वार्द्ध चरणमा प्रस्तुतिगत शैली र भावबोधले गर्दा यिनका रचनाबाट साहित्यिक आनन्द प्राप्त हुन्छ ।

## ख. उत्तरार्द्ध चरण २०६१ देखि हालसम्म

प्रतीक ढकालको साहित्यिक यात्राको उत्तरार्द्ध चरण वि.सं. २०६१ देखि सुरु हुन्छ । स्वदेश तथा विदेश भ्रमणका अनुभवहरूलाई समेट्दै विभिन्न नियात्राहरू

पुस्तकाकार कृतिको रूपमा प्रकाशित हुन थालेपछि उनको यो चरण उर्वर अवस्थामा पुगेको छ । वि.सं. २०६१ मा ‘हिमालपारि पुगेपछि’ नियात्रा कृति प्रकाशित भएपछि उनको उत्तरार्द्ध चरण सुरु भएको हो । २०६१ सालदेखि साझा प्रकाशनले गरेको पुस्तक प्रदर्शनीमा सर्वाधिक बिक्री भई प्रथम स्थानमा पुग्न सफल यस ‘हिमालपारि पुगेपछि’ नियात्राले प्रतीक ढकाललाई नियात्राकारका रूपमा प्रतिष्ठापित गराएको हो । २३ वटा नियात्रा सङ्कलित यस नियात्रालाई डोल्पा र मुस्ताङ गरी दुई खण्डमा विभाजित गरिएको छ र नियात्राकार प्रतीक ढकालले यात्रा गरेका घटनाक्रम एवम् अनुभवहरूलाई विषयवस्तु बनाइएको छ ।

ढकालको दोस्रो नियात्रा ‘सेती पनि काली पनि’ (२०६२) हो । यस कृतिमा १४ वटा नियात्रा सङ्कलित छन् । ढकालको यो कृति पनि साझाले गरेको प्रदर्शनीमा २०६३ देखि निरन्तर द्वितीय स्थानमा रहन सफल भएको छ । यस नियात्रामा मध्य पश्चिमाञ्चल क्षेत्र र सुदुर पश्चिमाञ्चल क्षेत्रका विभिन्न भागहरूमा नियात्राकारले यात्रा गरेका घटनाक्रमलाई विषयवस्तु बनाइएको छ ।

ढकालको तेस्रो नियात्राकृति ‘सगरमाथाको आधार शिविरबाट’ (२०६४) हो । यस नियात्रामा २३ वटा नियात्रा सङ्कलित छन् । ढकालको यो कृति सगरमाथाको शिखरबाट विमोचित विश्वको पहिलो पुस्तकको रूपमा नेपाल सरकारबाट मान्यता प्राप्त कृति हो ।

ढकालको चौथो कृति ‘चीनको विचित्र चित्र’ (२०६६) हो । उनको यो कृति विदेश भ्रमणमा आधारित एक मात्र कृति हो । यस कृतिमा २२ वटा नियात्राहरू सङ्कलित छन् । यसमा चीन र तिब्वतका विभिन्न भागमा आफूले यात्रा गरेका घटनाक्रमलाई ढकालले विषयवस्तु बनाएका छन् ।

ढकालको पाँचौ प्रकाशित कृति ‘पाइललाका छापहरू’ (२०६६) हो । तीन खण्डमा संरचित यस नियात्रामा २४ नियात्रा सङ्कलित छन् । उक्त तीन खण्डमा पूर्व दर्शन, पश्चिम दर्शन र हिमाल दर्शन गरी छुट्याइएको छ ।

ढकालको छैटौं तथा अन्तिम नियात्रा कृति गण्डकीको मुहानतिर हो । यो २०६८ सालमा प्रकाशित भएको हो । यस नियात्रामा ८ वटा नियात्रा सङ्कलित छन् । यसमा नियात्राकार आफू पोखरादेखि मनास्लु आधारशिविर सम्मको यात्रामा रहदा देखे भोगेका सम्पूर्ण कुराहरूको क्रमलाई विषयवस्तु बनाएका छन् ।

यस चरणका विशेषताहरूमा परिपक्वता, चित्रात्मकता, कुतुहलता, परिवेशगत स्थानीयता र तथ्यात्मकता, बोधगम्य, भाषाशैली, स्थानीय संस्कृतिको जीवन्त चित्रण, प्रकृति चित्रण, श्रृङ्गारिकता, काव्यात्मक शैली आदि रहेको पाइन्छ ।

## ३.४ अनुवादक व्यक्तित्व

प्रतीक ढकालको साहित्यिक व्यक्तित्वको एउटा पक्ष अनुवाद रूपान्तरण पनि हो । उनले वि.सं. २०३९ मा प्रकाशित 'काका हो ची मन्हि' कृति हिन्दीबाट अनुवाद गरेका छन्  त्यस्तै उनले वि.सं. २०४० सालमा प्रकाशित 'चम्किलो रातो तारा' कृति हिन्दी र अङ्ग्रेजी दुबै भाषाबाट अनुवाद गरेका छन् भने 'स्वतन्त्रताको बाटो' अङ्ग्रेजीबाट अनुवाद गरेका छन् । उक्त कृति २०४६ सालमा लेखिएको भएपनि हालसम्म प्रकाशित भएको थिएन । यसरी उनका यी तीनवटै कृतिहरूलाई समेटिएको 'विभाजित मन अनुदीत आकाश' २०६८ डिकुरा प्रकाशन बाट प्रकाशित भएको छ ।

## ३.५ सम्पादकीय व्यक्तित्व

प्रतीक ढकाल सम्पादनका क्षेत्रमा पनि लागेका छन् । उनले हुलाकको २०५५ देखि २०६२ सम्म समपादनको रूपमा कार्य गरेका छन् भने संगम २०५० को सम्पादकको रूपमा रही कार्य गरेका छन् । यसरी समपादनका क्षेत्रमा बढी समय नलागे तापनि उनको व्यक्तित्वको अंशिक पाटाको रूपमा सम्पादकीय व्यक्तित्वलाई पनि चिनाउन सकिन्छ ।

## ३.६ निष्कर्ष

प्रतीक ढकालको व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर व्यक्तित्व गरी विभाजन गरिएको छ । ढकालको नियात्राकार व्यक्तित्व अरू व्यक्तित्वको तुलनामा सबल र सशक्त छ । नेपाली यात्रा साहित्यका फाँटमा उनको कृति सर्वाधिक विक्रीको सूचीमा परेको छ । ढकालको काव्यकार व्यक्तित्व 'धार' शीर्षकको कविता र 'सानुलाई' खण्डकाव्यमा केन्द्रित छ । सामाजिक, धार्मिक, राजनीतिक, साङ्गीतिक, प्रशासक आदि व्यक्तित्वले ढकाललाई थप चर्चित बनाएको छ । बहु आयामिक आकर्षक व्यक्तित्वका धनी ढकाल आफ्ना यिनै व्यक्तित्वका कारण जीवन यापनलाई सहज बनाउन सफल भएका छन् । हाल सह-सचिव पदमा कार्यरत ढकाल आफ्नो छुट्टै अस्तित्व बनाउने सफल साहित्यकारका रूपमा आम पाठकका माझ परिचित छन् ।

## चौंथो परिच्छेद

# प्रतीक ढकालको नियात्राकारिता

प्रतीक ढकाल वि.स. २०२८ सालदेखि कविता लेखनद्वारा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । नेपाली साहित्यमा प्रवेश गरेको निकै समय पछि मात्र उनी नियात्रा क्षेत्रमा प्रवेश गरेका छन् । ढकाल वि.सं. २०६१ सालमा 'हिमालपारि पुगेपछि' नियात्रा प्रकाशित भएपछि नियात्राकारका रूपमा उदाएका छन् । त्यसपछि उनका 'सेती पनि काली पनि' (२०६३), 'सगरमाथाको आधारशिविरबाट' (२०६४), 'चीनको विचित्र चित्र' (२०६६), 'पाइतलाका छापहरू' (२०६६) र 'गण्डकीको मुहानतिर' (२०६८) गरी ६ वटा नियात्राहरू प्रकाशित भएका छन् । यहाँ ढकालका यिनै प्रकाशित नियात्राहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।

## ४.१ 'हिमालपारि पुगेपछि' नियात्राको विश्लेषण

'हिमालपारि पुगेपछि' नियात्रा वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । यस नियात्रामा डोल्पा खण्डको यात्रा २०५३ र मुस्ताङ खण्डको यात्रा २०५७ सालमा गरिएको हो । यसका केही झिल्काहरू त्यतिबेलाका पत्र पत्रिकाहरूमा पनि प्रकाशित भएका थिए । हाल यसको छैटौं संस्करण पनि प्रकाशित भएको छ । वि.सं. २०६१ सालदेखि साझा प्रकाशनले गरेको वृहत् पुस्तक प्रदर्शनीमा सर्वाधिक विक्री भई लगातार प्रथम स्थानमा पुग्न सफल यस 'हिमालपारी पुगेपछि' नियात्राले प्रतीक ढकाललाई नियात्राकारका रूपमा प्रतिष्ठापित गराएको छ । यस नियात्राको डोल्पा खण्डमा जम्मा १२ वटा शीर्षक क्रमशः जुफालको हेलिकोप्टर र दुनैको खजुरो, 'शे-फोक्सुन्डोको काखमा, शे-फोक्सुन्डो वरिपरि, हिमाल हेर्न दक्षिणतिर फर्कंदा, शे-गुम्बाको सेरोफेरो, उत्तरका अपराध, 'भिजेर' मा दुई रात, कराङला पासको उकालोमा, याञ्जिर गुम्बाको राष्ट्रपूजा, साल्दाङदेखि जाङलासम्म, हिउँले जागिर खाएपछि, ताराकोटबाट घर सम्झिंदै रहेका छन् भने मुस्ताङ खण्ड अन्तर्गत ११ वटा शीर्षक क्रमशः मुस्ताङ जान हिंडेपछि, हावाको थप्पड खाँदै कागबेनीमा, शालीग्राम खोज्ने धुनमा, घोडाको मोल, चराङ जाने बाटोमा, लोमान्थाङको 'ट्रिपल एस', घिउका रङ्गीन

मूर्तिहरू, मुस्ताङे राजासँग केही क्षण, मराङको बाटोमा चार पाउ टेक्दै छन् । समग्रमा यिनै नियात्राहरूको विषयवस्तु, भाषाशैली र उद्देश्यका आधारमा संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.१.१ विषयवस्तु

डोल्पा खाण्डअन्तर्गतको यात्रा वि.सं. २०५३ साउन २१ गतेका दिन जापानी यात्राटोलीसहित सम्पर्क अधिकृत रहेका नियात्राकार प्रतीक ढकाल नेपालगञ्जको राझा हवाइमैदानबाट एभरेष्ट एअरको ९ एन. ए.डि. ओ. हेलिकोप्टरमा चढी डोल्पा जिल्लाको एक मात्र एअरपोर्ट जुफाल एअरपोर्टमा अवतरण गरेका छन् र यहाँदेखि नै नियात्राको विषयवस्तुले गति लिएको छ । त्यस्तै मुस्ताङ खण्डअन्तर्गत ग्रीन लोटस प्रा.लि. मार्फत मुस्ताङ घुम्न जाने चारजना वेल्जियम नागरिकसँगै सम्पर्क अधिकृतका रूपमा तोकिएका प्रतीक ढकाल २०५७ असोज ३ गते सबैजना पोखरा तर्फ प्रस्थान गरेका छन् र यसको विषयवस्तु पनि अगाडि बढेको छ ।

प्रस्तुत नियात्रामा नियात्राकारले डोल्पा र मुस्ताङ दुबै खण्डको भ्रमणका क्रममा त्यहाँ रहेको भौगोलिक बनावटको पनि यथार्थ चित्रण गरेका छन् । डोल्पा खण्डअन्तर्गत विभिन्न खोचहरू काडादार बुट्यान, नाङ्गा ढुङ्गे पहाडले सु-सज्जित भौगोलिक बनाबटको यथार्थ जानकारी यस नियात्रामा पाउन सकिन्छ । आफूले पढ्दै आएको नेपालको भूगोलले हिमाल उत्तरमा पर्छन् भन्ने सिकाएको र आज हिमाल दक्षिणमा परेको कुरा 'हिमाल हेर्न दक्षिणतिर फर्कदा' शीर्षक नियात्रामा सत्य सावित भएको कुरा नियात्राकारले यसरी वर्णन गरेका छन् 'मैले आजसम्म पढ्दै आएको नेपालको भूगोलले मलाई हिमालहरू उत्तरतिर सिमानामा पर्छन् भन्ने सिकाएको थियो - त्यो स्थापित सत्य आज मेरा आँखा अगाडि गलत साबित भइरहेको छ । हिमालपारिको नेपालमै भूमिका बसेर सुस्ताइरहेछु म र दक्षिणतिर मेरो आफ्नै हिमाल हाँसिरको छ ।' (हिमालपारि पुगेपछि, २०६१) । आफू ३९०० मिटरको उचाइमा पुगेपछि जङ्गली तोरी र फापर फुलेको जस्तो देखिँने पाखी भएको लेकबाट पछाडि हेर्दा शे-फोकसुन्डो तालको दृश्य पोस्टकाईको तस्विर जस्तो सानो र अत्यन्त मनमोहक देखिने

र आफू हिमालभन्दा पनि माथि पुगेपछि सुखद् अनुभूति हुने कुरा नियात्राकारले प्रत्यक्ष अनुभव गरेका छन् । छोरङ्गला हाइक्याम्पबाट माथि त्यस क्षेत्रको सबैभन्दा उचाइमा रहेको 'सेलापास' को भौगोलिक बनावटको वर्णन नियात्राकारले 'शे गुम्बाको सेरोफेरो' शीर्षक नियात्रामा यसरी गरेका छन्

> 'हामी क्याम्पबाट हिँडेको अढाइ घण्टा भइसकेको रहेछ र अहिले हामी यस क्षेत्रको सबैभन्दा उचाइमा रहेको ५३८८ मिटर अग्लो 'सेलापास' को थाप्लोमा उभिएका छौं । यो नाकाको फेदीदेखि लिएर पार हुने ठाउँ (पास) सम्ममा माटोको अंश पनि देखिदैन । सबै ढुङ्गैढुङ्गा छन् र माटोको रूपमा ढुङ्गाकै धुलो छरिएको छ । बनस्पतिको नाम-निसानसमेत छैन् । हिमनदीहरूको सुरुआत कसरी हुने रहेछ भन्ने कुराको प्रत्यक्ष ज्ञान यहाँ वरिपरिको दृश्यबाट पाइन्छ । वरिपरिको ढुङ्गाको पहाडमा जतातत‌ै हिउँ परेको छ र चुचुरोमा अडिन नसकेर थेग्लाथेग्ला भएर भूइँमा खसेको छ हिउँको पहिरो' (हिमालपारि पुगेपछि २०६१) ।

यात्राटोली खण्ड ख अन्तर्गत मुस्ताङ भ्रमणको क्रममा अगाडि बढेका छ । यस क्रममा उक्त टोली कालीगण्डकीको वगरमा शालिग्राम खोज्दै छुसाङ गाउँ हुँदै चैले भन्ने ठाउँमा जादै छ । त्यहाँ नदीको एक भाग पहरामुनिबाट छिरेर निस्केको छ । कालीगण्डकीको भँगालोले आफू छिर्न एउटा कलात्मक ढोका बनाएको छ । नदी नै दुई भागमा विभाजित छ । एउटा भंगालो बगरबाट आउँछ र अर्को भंगालो पहरामा आफैले बनाएको ढोकाबाट आउँछ । एउटै नढीमाथि हालिएको पुल पनि आधा भाग ट्रस शैलीको र आधाभाग झोलुङ्गे शैलीको देखिने यस ठाउँको भौगोलिक बनावट निकै रोमाञ्चक छ । यात्राटोली मुक्तिनाथ पुग्ने तयारीका साथ अगाडि बढेको छ । उत्तर तिर अग्ला अग्ला नाङ्गा पहाडहरू, मुक्तिनाथ मन्दिरको ठीक माथि हिउँले ढाकिएको थोराङ्गी शिखर, दक्षिणतिर पूरै हिमाश्रृङ्खला, पश्चिमतिर पनि कालीगण्डकी पारिको पहाडले घेरेको यस मुक्तिसम्पूर्ण रमणीय उपत्यका जस्तो देखिएको छ । त्यस ठाउँलाई नियात्राकारले यसरी वर्णन गरेका छन् । 'होचो थालीका बीचमा एउटा माटाको मूर्ति राखिए झै देखिने गरी त्यही गहीरो बीचमा पनि टुसुक्क उठेको उउटा

पहाड । बीचको पहाडको थुम्को देख्दा यस्तो लाग्छ, मानौं त्यो पहाडको बिरुवा हो, भर्खरै रोपिएको जो बिस्तारै हुर्केर ठूलो हुनेछ ।' (हिमालपारि पुगेपछि २०६१ : १३९) ।

डोल्पाको अवलोकन गर्ने क्रममा यात्राटोलीले एउटा नदी किनाराको विशाल चट्टानमुनि बनेको एउटा अर्धगुफाको चट्टानमा सबैले अँगारले आफ्नो नाम लेख्ने प्राचीन संस्कृतिलाई प्रत्यक्ष नियालेको छ र सोही बमोजिम आ-आफ्नो नाम पनि लेखेका छन् । यस नियात्रामा चियामा ध्यू र नुनको सम्मिश्रण गरेर पिउने डोलपेली संस्कृतिको चित्रण पाइन्छ । यस नियात्रामा शे-फोक्सुन्डोको दक्षिणपूर्वी किनारामा अवस्थित 'पाल सेन्तान थासन छोलिङ गुम्वा' को परिक्रमा बाँया तर्फबाट गरिने, बोम्पो धर्म मानिने, लामाहरूले लगाउने लुगाको रङ पनि उस्तै हुने र यो बौद्ध धर्मको शाखा नभई एक छुट्टै धर्म हो भन्ने धार्मिक संस्कृतिको पनि चर्चा भएको छ । आफ्नो घरमा मीत पाहुना आएपछि आफ्नी श्रीमती छाडिदिनुपर्ने प्राचीन संस्कृतिको उल्लेख 'भिजेर' मा दुई रात शीर्षक नियात्रामा भएको छ । याञ्जिर गुम्बाको राष्ट्रपूजा गर्नको निम्ति कचौरामा रक्सी र त्यसको वरिपरि चौंरीको घिउ लागेको सगुन आफूले ग्रहण गरिकेपछि मात्र सहमति हुने कुरा 'याञ्जिर गुम्बाको राष्ट्रपुजा' शीर्षक नियात्रामा उल्लेख छ । जस्तै 'जब चौरीको घिउ लागेको सगुन आयो, तब कुरो मिल्यो सर । यो हाम्रो संस्कृतिको सर्वोच्च सम्मान हो ... (हिमालपारि पुगेपछि २०६१, ५१) ।

यात्राटोली अगाडि बढ्ने क्रममा साल्दाङ भन्ने ठाउँमा पुग्दछ । त्यस क्षेत्रमा धर्मावलम्बीहरू तिब्बती लिपिमा धार्मिक सूक्तिहरू ढुङ्गामा कुँदेर ठाउँ ठाउँमा चढाउँदा रहेछन् । यसलार्य पनि त्यहाँको संस्कृतिको रूपमा लिन सकिन्छ ।

यात्रा कठिन भएपनि विभिन्न ठाउँमा देखिने प्राकृतिक मनोरम दृश्यहरूले मनलाई नै प्रफुल्ल बनाइदिएका छन् । ठाउँ ठाउँमा देखिने फूलहरूलाई पहिले पहिले आमाहरूले लगाउने ढुङ्ग्रीसँग तुलना गरिएको छ । टाढा टाढा सम्म जङ्गल तर सबै एकै जातका रुख तराइको किम्बु जस्तो देखिने रुखहरूको जङ्गल, सबैले बोक्रा फालेर र सेतासेता काण्डहरू टिलिक्क टल्काएर आफूहरूलाई आकर्षित पार्न प्रकृति पछि नपरेको चर्चा यस नियात्रामा पाइन्छ । यस नियात्रामा पदमचालका फूलहरू भएको

'पदमचाल' नामक प्राकृतिक बगैंचाको चर्चा गरिएको छ । सुन्दर, शान्त र विशाल तीनवर्ट विशेषताले युक्त शे फोक्सुन्डोताललाई जति हेरेपनि मन नअघाउने प्रकृतिको मनोरम दृश्य 'शे-फोक्सुन्डो वरिपरि' नामक नियात्रामा देख्न सकिन्छ ।

मुस्ताङको यात्रामा प्राकृतिक सौन्दर्यको मनोरम दृश्यको वर्णन पाउन सकिन्छ । कागवेनीमा वास बस्न पुगेको यात्राटोलीले विहान उठ्ने बित्तिकै नीलगिरि हिमालको सुनौलो स्वरूपको दर्शन गर्न पाएकोमा अलौकिक आनन्दको अनुभूति गरेका छन् । यसको प्राकृतिक सुन्दरताको वर्णन शब्दमा गर्न नसकिने कुरा पनि यस नियात्रामा पाइन्छ । नियात्राकारको जीवनमा पहिलो पटक कालीप्रसाद रिजालका शब्दहरू सार्थक हुन पाएका छन् 'विहान उठ्ने वित्तिकै हिमाल हेर्न पाइयो' । (हिमालपारि पुगेपछि २०६१, ९०) । भोटे पीपलका विरुवाहरू हुकाईएको हरियाली ठाउँ तिलिचो, नीलगिरि, दामोदर जस्ता सुन्दर हिमालहरू, रमणीय उपत्यका जस्तो मुक्ति क्षेत्र, अग्ला-अग्ला नाङ्गा पहाडहरू, हिमश्रृङखला आदिको दर्शन पाउनु प्रकृतिले आफूलाई दिएको उपहार साबित भएको छ । विभिन्न स्थानको अवलोकन गर्ने क्रममा यात्राटोली स्याङमोचेन, छुसाङ, तेलाङ हुँदै ताङ्बे भन्ने ठाउँमा पुगेको छ । पहाडमाथि प्रकृतिको रङ्गीन जादु, स्याउको बगैंचा, बीचमा ताङबे गाउँका घरहरू र शिरमा नीलगिरि हिमालले अति नै सुन्दर देखिने यो ठाउँको प्राकृतिक सौन्दर्यको वर्णन नियात्राकारले यसरी गरेका छन् 'ताङ्वे गाउँले नीलगिरिको टोपी र स्याउको बगैंचाको खुट्टाटेकेर बीचमा गमक्क परेर बसेको देखिने रहेछ यहाँबाट' (हिमालपारि पुगेपछि, २०६१) । कालीगण्डकीको वगरमा शालीग्राम खोज्दै सुन्दर, हराभरा प्रकृतिसँग रमाउँदै यात्राटोली अगाडि बढेको छ ।

जुफाल विमान स्थलबाट केही तल रहेको एउटा गाउँमा काठमाथि माटोले लिपेर बनाइएका छानाहरू रहेका समाजको चित्रण, जतातत्तै फोहोर र विरक्त लाग्दो गरिबीको नाङ्गो चित्र, नाङ्गाभुतुङ्गा केटाकेटी जहाँ उनीहरू क्यामेरामा आफ्नो चित्र उतार्न अग्रएर देखिएका छन् यस्तो चेतनाको कमी भएको समाजको चित्रण यस नियात्रामा गरिएको छ ।

तिब्बतको सीमाना भएकाले तिब्बतीहरूले नेपालीहरूलाई दुःख दिने, नेपालका चरनहरूमा ल्याएर चौंरी चराइदिने, गोठ राखिदिने, लुटेर लैजान मिल्ने केही कुरा पाए लगिदिने, नेपालीका चौरी काटेर खाइदिने जस्ता तिव्वती समाजको यथार्थ चित्रण 'उत्तरका अपराध' शीर्षक नियात्रामा गरिएको छ । यात्राकै क्रममा उक्त यात्राटोली 'भिजेर' गाउँ पुगेको छ त्यहाँको समाजले पनि अघोर दुःख पाएको, रोग लागे मर्नु, भोक लागे रुनुको विकल्प नभएका कुरा बताउँछन् । प्राथमिक स्तरको स्कुल त गाउँमै छ तर १०-१२ जना विद्यार्थी स्कुल आउने गर्छन् । यहाँको समाजमा पढ्नुपर्ने चेतना पनि छैन र पढेर के गर्ने विकल्प पनि छैन र त्यो समाज सबैतिरबाट सम्पर्क विच्छेद भएको टापुबस्ती समान छ ।

## ४.१.२ भाषाशैली

डोल्पा खण्डमा ६ जना जापानीहरू र मुस्ताङ खण्डमा ४ जना वेल्जियन नागरिकका टोली सहित नियात्राकार प्रतीक ढकाल सम्पर्क अधिकृतको रूपमा रही अगाडि बढेको यस 'हिमालपारि पुगेपछि' नियात्रामा वर्णनात्मक, विवरणात्मक शैलीको प्रयोग भएको छ । यात्राटोलीमा टोलीका सहयोगीहरू, भरियाहरू पनि उपस्थित छन् । यस नियात्रामा केन्द्रीय तथा प्रमुख पात्रका रूपमा नियात्राकार स्वयम् उपस्थित छन् र विभिन्न स्थानको संस्कृति, रहनसहन, भेषभूषा, प्रकृति, भौगोलिक वनावट आदिको वर्णन गरेका छन् । यात्राको क्रमलाई अगाडि बढाउने क्रममा भएको वार्तालापमा नियात्रा एउटा कथा जस्तो पनि लाग्दछ । उनीहरूका दैनिक नित्यकर्मदेखि लिएर बीच बीचमा भएका घटनाक्रम, कुनै ठाउँमा एकले अर्कोलाई उछिनेर अगाडि जाने, कुनै पात्र पछाडि छुट्ने आदिको चर्चाबाट नियात्रामा कथात्मक शैलीको प्रयोग भएको प्रष्ट हुन्छ । नियात्रामा नियात्राकारले कतिपय स्थानमा निजी शैलीको प्रयोग गरेका छन् । यस नियात्रामा अङ्ग्रेजी शब्दहरू जस्तै एभरेष्ट एअर, हेलिकोप्टर, चार्टर्ड प्लेन, जुफाल एअरपोर्ट, ब्लु सिप, क्लियर, युनिफर्म, एन.जि.ओ., पेन्सन, ग्रीन लोटस ट्रेकिङ प्रा.लि. कोल्ड क्रिम, सेभिङसेट, ब्रस, पेस्ट, वोर्डिङ पास, लास्ट ट्राइ, काउन्टर, डयूटी, मुनलाइट, क्यामेरा, फोटोग्राफ, बोर्ड, इनामेल, कन्फर्म, किचन स्टाफ, ट्रिपल एस, क्याम्पसाइट, टुरिस्ट, लन्च, कम्पाउन्ड, स्लिपिङ व्याग आदि रहेका छन् । त्यस्तै

जापानी शब्दहरू युकुरी युकरी, ओइवासान, ढकालसान, इकिमास्यो, नोवुरिमारा आदि प्रयोग भएका छन् । नियात्रामा तत्सम शब्दहरू पनि प्रयोग भएका छन् जस्तै निर्जनतः निःशुल्क, अर्धमृत, भ्रमण, दृश्यावलोकन, सुन्दर, प्राङ्गण, चिरशान्ति, अनुगृहित, श्राद्ध, विराजमान, वयोवृद्ध, आधिकांश, पर्याप्त अर्ध-अर्ध, परमात्मा, अन्तरङ्ग आदि । यस्ता शब्दहरूको प्रयोग भएपनि नियात्राको भाषाशैली सरल र सहज छ ।

डोल्पाली संस्कृतिमा प्रयोग भएका शब्दहरू सूच्या, बोम्पोधर्म, रिग्मो आदि रहेका छन् । विभिन्न भाषाका शब्दहरूको प्रयोगले नियात्रा काव्यात्मक बनेको छ । नियात्रामा 'भिजेर' गाउँका बासिन्दाले बोलेको भाषालाई जस्ताको जस्तै प्रयोग गरिएको छ जस्तै 'बर्खामा जान्च, हिउँदोमा जाँदैना । त्यो जन्ने छ । त्यै सुन्ने छ । के लेख्छ, के मा सै गराउँछ, क्यै था हुँदैन, त्यै भर डर लाग्चा' । त्यस्तै निजालवासी लामाहरले बोलेको भाषालाई पनि प्रयोग गरिएको छ 'तार्पैहरूले तार्शान पौन गारोचा, बोली व्यान फिरी आइजा, ताँ साँगा कुरा चा, यता आइजा ।' नियात्रामा साल्दाङ तथा जाङ्गलावासीले बोलेका भाषालाई पनि टपक्कै टिपी प्रयोग गरिएको छ । 'साक्छास्, बाने लैजा ना, हामीलाई पनि सँगै लैजाओ, सँगै सुतौंला, छोराछोरी पाउँला ।' नियात्रामा कथ्य भाषाको पनि प्रयोग भएको छ जस्तै 'नाङ्गा भुतुङ्गा, चैं, उँधो, बड्कौला, पोथ्रे काँडाका भूँइथुम्काहरू आदि । यी विभिन्न भाषाको प्रयोगले नियात्रा काव्यात्मक र आकर्षक बनेको छ ।

नियात्रामा विभिन्न अलङ्कारको प्रयोगले गर्दा आलङ्कारिक शैली पाउन सकिन्छ । तिब्वती च्याङ्ग्राको गर्धनसँग साँसदको मूल्यको आरोप गरेकाले रूपक अलङ्कारको प्रयोग भएको छ । बाटामा फूलेका विभिन्न रङका फूलहरूलाई पलिहे पहिले आमाहरूले लगाउने ढुङ्ग्रीसँग तुलना गरकाले उपमा अलङ्कारको प्रयोग भएको छ । त्यस्तै ताङबे गाउँले टोपी नीलगिरिको लगाएको र स्याउको बगैचामा खुट्टाले टेकेर बीचमा गमक्क परेर बसेजस्तो देखिएको छ भनेर उपमा अलङ्कारको प्रयोग भएको छ भने सम्पूर्ण उपत्यकालाई रमणीय उपत्यकासँग तुलना गरेकाले त्यहाँ पनि उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । नियात्रालाई ढुङ्गाको पहाडमा जताततै हिउँ परेको छ । सिमलको फूल झै सेतो हिउँ परेको छ भनी काव्यात्मक अनुप्रासले सु-सज्जित

तुल्याएको छ । नियात्रामा 'पहाड हो कि मेहनतले कुदिएको कुनै मन्दिर, 'पहाडका विरुवाहरू मानौं त्यो बिरुवा हो भर्खरै रोपेको जो बिस्तारै हुर्केर ठूलो हुनेछ' भनेर उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ । यी विभिन्न अलङ्कारहरूको प्रयोगले नियात्रा थप आकर्षक बनेको छ । नियात्रामा नियात्राकारले आफूले प्रत्यक्ष अवलोकन गरेका हरेक ठाउँका दृश्यहरूलाई सचित्र उतारेका छन् यसरी चित्रात्मक शैलीको प्रयोगले नियात्रा सजीव एवम् जीवन्त बन्न पुगेको छ ।

समग्रमा यस नियात्राको भाषाशैली सरल, सहज, बोधगम्य, अनुप्रासयुक्त काव्यात्मक, लयात्मक, आकर्षक, कलात्मक, सम्प्रेषणीय तथा सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने खालको छ ।

### ४.१.३ उद्देश्य

'हिमालपारि पुगेपछि' नियात्रामा २३ शीर्षकका नियात्रा रहेका छन् र प्रत्येक नियात्राको आ-आफ्नै उद्देश्य रहेको छ । डोल्पा खण्ड अर्न्तगत डोल्पाको जनजीवन, प्रकृति, संस्कृति, भूगोलसित साक्षात्कार गर्नु यस नियात्राको मुख्य उद्देश्य हो । शे फोक्सुन्डो तालको सौन्दर्य र डोल्पाली संस्कृतिको रहनसहन, खानपानको जानकारी पाठ्क समक्ष पुर्‍याउनु यसको उद्देश्य देखिन्छ । शे-फोक्सुन्डोको तालमा रहेको गुम्बाको जानकारी गराउनु, ३९०० मिटर उचाइ भएको छोरङ्ला हाई क्याम्पबाट हिमाल दक्षिण दिशामा देख्न सकिने कुराको जानकारी पाठकसमक्ष पुर्‍याउनु, नेपाल र तिब्वतको सीमानामा पर्ने विविधि सांस्कृतिक, धार्मिक रूपरङ्गका बारेमा पाठकलाई अवगत गराउनु यस नियात्राको उद्देश्य रहेको छ । त्यस्तै 'भिजेर' गाउँ नेपाली गाउँ हो भनेर सरकारलाई धेरै पछि मात्र थाहा भएको कुराको जानकारी पाठकमाझ पुर्‍याउनु, 'निजल' गाउँमा रहेको 'याञ्जिर गुम्बा' को ऐतिहासिक तथा धार्मिक महत्त्वका बारेमा पाठकसमक्ष जानकारी पुर्‍याउनु, तलको डोल्पामा रहेका विविध भौगोलिक तथा प्राकृतिक दृश्यहरू र त्यहाँका गाउँहरूको रहनसहनका बारेमा पाठकलाई जानकारी दिनु यस नियात्राको उद्देश्य रहेको छ ।

मुस्ताङ खण्ड अन्तर्गत यात्राका क्रममा देखेका सुखद तथा दुःखद घटनाहरूको जानकारी पाठकसमक्ष पुऱ्याइएको छ । नीलगिरि, तिलिचो, दामोदर जस्ता हिमालको बारेमा जानकारी दिइएको छ । कालीगण्डकीको वगरमा पाइने शालीग्रामको महत्त्व पनि नियात्रामा दर्शाइएको छ । यिनै कुराहरूको जानकारी पाठकसमक्ष पुऱ्याउनु यस नियात्राको उद्देश्य रहेको छ । भोटेहरूको व्यवहार, स्थानीय, परिवेश, भौगोलिक, प्राकृतिक तथा विविध दृश्यहरूको जानकारी, लोमान्थाङमा रहेको नामग्याल गुम्बामा चौरीको घिउबाट मूर्तिहरू बनाएर पूजा गर्ने प्रचलनका बारेमा पाठकलाई जानकारी दिनु पनि यस नियात्राको उद्देश्य हो । त्यस्तै मुस्ताङका राज जिग्मे परवल विष्टसँग प्रत्यक्ष साक्षात्कार गरी राजाका परिवार तथा दरवारका बारेमा पाठकलाई अवगत गराउनु तथा मुक्तिनाथ मन्दिरमा १०८ वटा धारा रहेका र हिन्दु मिन्दरमा बौद्ध झुमा पूजारी हुने प्रचलनका बारेमा पाठकलाई जानकारी दिनु प्रस्तुत नियात्राको उद्देश्य रहेको छ ।

समग्रमा यस नियात्राको प्रमुख उद्देश्य विशुद्ध रूपले डोल्पा र मुस्ताङको संस्कृति, प्रकृति, जनजीवन र भूगोलसित साक्षत्कार गर्नु हो ।

### ४.२ 'सेती पनि काली पनि' नियात्राको विश्लेषण

प्रतीक ढकालको 'सेती पनि काली पनि' नियात्रा वि.सं. २०६३ सालमा प्रकाशित भएको हो । २०६३ मा प्रकाशित यो कृति सगरमाथाको शिखरमा विमोचित साझा प्रकाशनको पहिलो कृतिको रूपमा रहेको छ र २०६७ मा परिमार्जित चौथो संस्करण प्रकाशित भएको छ । यो नियात्रा नियात्राकारको जागिरको क्रममा बझाङ जिल्लामा भएको बसाइ र २०५६ मा गरिएको सुदूर पश्चिमाञ्चलको भ्रमणमा आधारित छ । साझाले गरेको पुस्तक प्रदर्शनीमा २०६४ सालदेखि हालसम्म सर्वाधिक विक्री हुने दोस्रो पुसतकको रूपमा आफ्नो स्थान बनाउन सफल भएको यस नियात्रामा मध्यपश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल क्षेत्रका विकट, दुर्गम र अभावग्रस्त क्षेत्रको वर्णन गरिएको छ । यस नियात्रामा जम्मा १६ शीर्षक क्रमशः सुदूर पश्चिमतिर उडेको मनसँगै, टनकपुरको घाउ हेरेपछि, कुमारी दिपायल, चात्रो हाल्या ठाउँमा, घुमी-फिरी ,

कालाआम, मङ्गलसेनको बाटोमा, अनिदो राँतको मनको बाघ, मध्य रातमा 'खोड्पे' सँग, इतिहासमा मन अल्झेपछि, मन कल्पाउँदै दार्चुलामा, दार्चुलादेखि नैनीतालसम्म, नैनी तालदेखि आफ्नो देशसम्म, सेती किनारको प्रजातन्त्र, फेरी बझाङतिरै रहेका छन् । समग्रमा यिनै नियात्राहरूलाई विषयवस्त, भाषाशैली र उद्देश्यका आधारमा संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ ।

## ४.२.१ विषयवस्तु

वि.सं. २०५६ पुस २१ गते देवेन्द्र बस्नेत र नियात्राकार त्रिभुवन हवाइ मैदानबाट नेपालगञ्जको राँझा हवाइ मैदानमा अवतरण गरेका छन् र यहाँदेखि नियात्राको विषयवस्तु अगाडि बढेको छ । राँझा हवाइ मैदानबाट अगाडि बढेको यात्राटोली अन्य गाडीको सहायताबाट कोहलपुर, कर्णाली पुल हुँदै अत्तरीया पुग्दछ । टनकपुर बाँध निरीक्षण गर्ने योजनासहित यात्राटोली अगाडि बढ्दछ र योजना अनुरूप जिल्ला हुलाक अधिकृत प्रेमसिंह कुंवर, देवेन्द्र बस्नेत र नियात्राकार टनकपुर बाँधमा पुग्दछन् । पानीको नहरू भारततिर लगिएको र नेपाल ठगिएको कुरा नियात्राकार टनपुरको घाउ हेरेपछि' नियात्रामा वर्णन गरेका छन् ।

> 'पानीको विशाल र उत्पादनशील एउटा सागर लहराउँदै उर्लेको छ भारततिर तर नेपाली वगर डिच्च हाँसेको छ सुख्खै । हाम्रै लाज पचेका नेताहरू हाँसेजस्तै बगरका ढुङ्गाहरू हाँसेका छन् नेपालतिर चाँहि । भारततिर पानी हुल्नका लागि ठूलो भू-भागमा जलाशय बनाइएको छ । यसबाट नेपाललाई कुनै फाइदा छैन । यसमा नेपाल पुरै ठगिएको छ ...' (सेती पनि काली पनि १४) ।

आफ्नै भूमिका बनाइएको बाँध हेर्दा पनि भारतीय पुलिसको भनाइ खानुपर्ने कारुणिक व्यथा यस नियात्रामा चित्रित छ । यहाँबाट अगाडि बढेको यात्राटोली १२ घण्टाको यात्रापश्चात दिपायल पुग्दछ । उक्त टोलीले राजपुरको डाँडाबाट दिपायल, एअरपोर्ट, पीप्पल्ला बजार र घोलताडा आदिको अवलोकन गर्दछन् । नियात्राकारले बास्तविक दिपायल, नदीपारि रहेको र दिपायल जाने भने पनि दिपायललाई नछोइकन यात्रीहरू फर्कने रहेछन् भन्ने कुराको उल्लेख यस नियात्रामा गरेका छन् ।

नियात्राकारले दिपायललाई कतैबाट पनि नछोइएकी कुमारीको संज्ञा दिएका छन् । दिपायलबाट यात्राटोली रातको १२:०० बजे अर्थात  दिपायलको भाषामा 'भूतले खाजा खाने समयमा' साँफेवगर जानका लागि बसमा चढ्दछ र विभिन्न दु:ख कष्ट सहँदै विहान ९:०० बजे साँफेवगर पुग्दछ । साँफेवगरको बजार विकास, विमान सेवामा आएको कमी, फोहोर हुँदै गएको बजार यात्रा टोलीको आँखामा झल्कन्छ । त्यसपछि सो टोली बाजुरा तर्फ लाग्दछ । विभिन्न स्थान एवम् झोलुङ्गे पुल पार गर्दै बाजुरा पुगेको उक्त टोलीले खारेखेत, वायल, सिमलकोक, देउलसैन आदि स्थानको अवलोकन गर्दछ । अगाडि बढ्ने क्रममा वरपरका गोठाल्नीहरूले गाइ चराउँदै गरेका छन् । बाटो हिड्ने मानिसलाई स्वागत गर्न शिरको ओढ्नेमा फूल वा गहना विछ्याउने वाजुराको पुरानो संस्कृति रहेको छ  जसलाई 'चात्रो हाल्नु' भनिन्छ । चात्रो हाल्नेलाई यात्रीहरूले इच्छाअनुसार सकेको पैसा दिनुपर्ने रहेछ । इच्छाअनुसार  पैसा दिए पछि पनु: यात्रा सुरु हुन्छ । यात्राकै क्रममा बूढी गङ्गाको झोलुङ्गे पुल तर्दै सिमलगौंडा, राप्का, मार्तडी गा.वि.स. हुँदै यात्राटोली मार्तडी स्थित मुकुन्द निरौलाको हुलाक कार्यालयमा पुग्दछ ।

२०५६ पुस २८ गते दिउँसो २:०० बजे मार्तडीलाई विदा गरेपछि नियात्राको विषयवस्तु पनि अगाडि बढ्दछ । यात्रीहरू वगरको बाटो हुँदै सेराबजार, गुइगाडवगर, कुलदेवमाडौं, माल्ता, सारेदेउ हुँदै टाँटे पुग्दछन् र प्रकाश बहादुर शाहका घरमा बास बस्दछन् । दिउँसो २:०० बजेसम्म पानी परेकले पानी थामिएपछि मात्र अगाडि बढ्दछ । हिउँ छिचोल्दै सारेदेउको भीरैभीरको बाटो हुँदै टोली डुडीमूंग्रा भन्ने ठाउँमा पुग्दछ । त्यस ठाउँमा विशाल ढुङ्गो देखिन्छ । गणेश उाध्यायका अनुसार त्यो ढुङ्गाको नाम भगवती ढुङ्गो हो । किंवदन्ती अनुसार मालिक भगवतीले दिसा पुछेर त्यस ढुङ्गालाई फालेको मानिन्छ । डुडीमुंग्राबाट अगाडि बढेको टोली देउलीसैन भन्ने ठाउँमा पुगेर 'भुवो नृत्य' को अवलोकन गर्दछन् र त्यहाँबाट अगाडि बढेर 'कालाआम' भन्ने ठाउँमा बास बस्न पुग्दछन् । पुस ३० गते विहान बाजुराबाट यात्राटोली मङ्गलसेनतर्फ लाग्दछ र नियात्राको विषयवस्तु पनि अगाडि बढ्दछ । यस क्रममा यात्राटोली, विभिन्न स्थान र यहाँको रहनसहनको अवलोकन गर्दै ढाल्पा, खातीगाउँ, नौविसे हुँदै जातीय छुवाछुतका कारण दलित र गैरदलितलाई बनाइएको जोर धारा हेर्दै मङ्गलसेन पुग्दछ ।

२०५६ माघ १ गते यात्राटोली मङ्गलसेनबाट डडेल्धुरासम्मको यात्राको थालनी गर्ने सुरसार गर्दछ । यात्राको प्रारम्भ गर्नु अघि नियात्राकार सिडिओ पुंजालीलाई भेट्न जिल्ला प्रशासनतर्फ लाग्दछन् र भेटघाटको काम समाप्त भएपछि यात्राटोली अगाडि बद्दछ । कैलाशखोलाको पुल तर्दै न्युरापानी भन्ने ठाउँमा पुगेर चिया खाइसकेपछि पुनः यात्रा सुरु हुन्छ । लोटी खेल्ने भीर हुँदै यात्राटोली बयलपाटा पुग्दछ । बयलपाटामा 'बयलपाटाको लौरी' चर्चित रहेको छ र नियात्राकार लौरी किन्न खोज्दछन् तर मान्छे नभएका कारण किन्न पाउँदैनन् । बयलपाटाबाट अगाडि बढेको टोली साफे पुग्दछ । त्यहाँबाट उक्त टोली रात्री बसमा स्याउले सम्मको यात्रामा संलग्न हुन्छ । रातको १२:०० बजे स्याउले पुगी वास बसेको सो टोली विहान ४ किलोमिटरको पैदल यात्रा पश्चात् डडेल्धुरा पुग्दछ । नियात्राकारका पुराना मित्र एवम् डडेल्धुराका सिडिओ डिल्ली सिवाकोटीलाई भेट्न यात्राटोली जिल्ला प्रशासनतर्फ लाग्दछ । डडेल्धुराको अवलोकन भ्रमण पश्चात यात्राटोली वैतडीतर्फ लाग्दछ । टोली रातको १२:०० बजे खोड्पे भन्ने ठाउँमा पुगेको छ । खोड्पेको विकास र बाटो निर्माणका लागि नियात्राकारले सहयोग गरेको र केन्द्रीय योजनाका रूपमा मान्यता दिएको कुरा नियात्रामा उल्लेख छ । वैतडी र बझाडतिर जाने गाडीहरू छुट्टिने ठाउँको जक्सन खोड्पे नै भएकाले यो सानो नारायणघाट बनेको कुराको उल्लेख पनि नियात्रामा भएको छ । खोड्पेमा चिया पिए पश्चात् अगाडि बढेको टोली विहानको ६:३० बजे बैतडीको सदरमुकामको गोठालापानी बसपार्कमा पुगेको छ । गोठालापानीको बसपार्कबाट अगाडि बढेको टोली सदरमुकाम खलङ्गा पुगेको छ । खलङ्गामा यात्रीहरूको पुराना शैलीका घरहरूको अवलोकन गरेका छन् । सदरमुकाममा पुगेपछि यात्राटोली जिल्ला हुलाकतर्फ लाग्दछ । जिल्ला प्रशासन कार्यालय बैतडीले यात्राटोलीका लागि अनुमति पत्र जारी गरेपछि यात्राटोली अगाडि बढ्दछ । यात्राटोलीलाई पथप्रदर्शन गर्ने हुलाकी भाइ रामदत्त जोशी सहित यात्राटोली झुलाघाटतर्फ लाग्दछ । यात्राटोली त्रिपुरासुन्दरीको मन्दिर भएको ठाउँमा पुग्छन् । ठूलाबडाले भाकल गरेर त्रिपुरासुन्दरीको मन्दिरमा चढाएका बालबालिकाहरूकै कारण देउकी समस्या सिर्जिएको र हाल समाज सचेत भएका करण पहिले जस्तो देउको समस्या नभएको कुरा रामदत्त जोशीले अवगत गराउछँन् । झुलाघाटको पुल तरेर टोली भारतीय भूमिमा प्रवेश गर्दछ ।

झुलाघाट सहरको अवलोकन पश्चात् यात्राटोली पिथौरागढ जाने जीप चढ्छ । पिर्थौरागढमा रहेका नेपालीहरूको बाक्लो बस्ति र नेपाली गीतसङ्गीत सुनेर यात्राटोलीका सदस्यहरू मख्ख पर्दछन्  र अलङ्कार होटलमा बास बस्दछन् ।

पिथौरागढबाट जीप चढेर यात्राटोली दार्चुलातर्फ प्रस्थान गर्दछ । पिथौरागढबाट दार्चुलासम्मको दूरी ९२ कि.मि. रहको छ । यात्राटोलीले अस्कोट, जौलजीवी हुँदै महाकाली नदीको किनारैकिनार यात्रा गरिरहेको छ । नियात्राकारले जीप भित्रबाटै नेपालतिरका उकु, दत्तु, छाप, खलङ्गा गा.वि.स. को अवलोकन गरेका छन् । महाकालीको किनारमा नेपाल र भारत दुबैतिर अग्ला डाँडाहरू छन् तर भारततिरका डाँडाहरू संरक्षित छन् र नेपालतिरका सबै उजाड देखिन्छन् । विभिन्न स्थानको अवलोकन गर्दै टोली दार्चुला पुग्दछ । दार्चुलामा हुलाक अधिकृत शङ्कर बहादुर विष्टले टोलीलाई स्वागत गरेका छन् । यात्राटोलीले भारततिर पर्ने धार्चुलाको अवलोकन गरेका छन् । भारतले मिचेको कालापानीको दृश्यावलोकन पनि भएको छ । कालापानी क्षेत्रभित्र भारतीय विमानले उडान भरेको अवलोकन गरी नेपालीको भविष्य के होला ? भनेर नियात्राकार सोचमग्न भएका छन् । दार्चुलामा एकारातको बसाइ पश्चात यात्राटोली नैनीतालको दर्शनको लागि अगाडि बढ्दछ । धार्चुलाबाट जीपमा चढेको यात्राटोली पिथौरागढ पुगेर बास बस्दछ । विहान भारतको उत्तर प्रदेशको नैनीताल पुग्ने योजनासहित १८८ किलोमिटरको लामो यात्रा सुरु हुन्छ । गुरना भन्ने ठाउँमा पाषाणदेवीको दर्शनपश्चात् अगाडि बढेको उक्त टोली बागीना, खैरानी, मकडाऊँ बस्ती ध्याडी गाउँ, जय भण्डारी जोल देवता मन्दिर, धौलादेवीको घना जङ्गल पनुवामौला, आरतोला, सिरमोलीग्राम, सल्लाघारी, सूयालपुल, छोपडा गाउँ सुपालखेल हुँदै गरमपानी पुग्दछ । गरमपानीमा यात्राटोली सहित सबै यात्रीले भोजन गर्दछन् । गरमपानी समुद्री सतहदेखि ९०० मिटरको उचाइमा पर्दो रहेछ । यात्राटोली रामगढ ( १००० मि.) रानिघाट (११४० मि.), निगलाट (१६०० मि.), भ्वालोगाउँ (१७३५ मि.) हुँदै तल्ली ताल र मल्ली ताल भनेर छुट्याइएको नैनीतालको बसपार्कमा पुग्दछ । नैनीताल निकै सुन्दर छ । वरिपरि रेलिङ लगाइएका छन्  । यात्राटोलीले नैनीतालको पूर्वी किनार, माथिल्लो किनार, पुलिसको परेड ग्राउण्ड अवलोकन पश्चात नयनादेवी

मन्दिरको दर्शन गरेको छ । नैनीतालमा भोलि पल्ट विहान त्रि-चन्द्रका विद्यार्थीको टोली पनि भेट हुन्छ । उनीहरूसहित यात्राटोली बस रिजर्भ गरेर टनकपुरतर्फ लाग्दछ । बसले भारतका विभिन्न स्थान पार गर्दै शारदा व्यारेजमा ओराल्छ  र व्यारेज पार गरेर रिक्सा लिई सबैजना नेपालतर्फ लाग्दछन् । नैनीतालको दर्शन पश्चात, नेपाल आइपुगेको उक्त टोलीको यात्रा बझाङको सदरमुकाम चैनपुरबाट तय भएको छ । त्यहाँबाट अगाडि बढेको यात्राटोली बाटोमा दुःख कष्ट सहँदै, जीर्ण पुल पार गर्दै मालुमेला पुगदछ र बास बस्दछ । विहान ५:०० बजे पुनः यात्रा सुरु हुन्छ । यात्रा न्वाधरी घाट, डडेल्धुरा हुँदै बढेको छ र वानेडुंग्रीमा पुगेको छ । वानेडुंग्रीमा पुग्दा यात्राटोलीले पञ्चायती व्यवस्थाको अन्त्य र वहुदलीय व्यवस्थाको प्रादुर्भाव भएको समाचार सुन्छ । हर्षका साथसाथै भीर पाखाको यात्रा पश्चात् टोली वेलापुरमा पुगेर बास बस्दछ । प्रजातन्त्रको आगमनसँगै प्रत्येक घरमा चारतारा र हंसिया हथौडाको झण्डा फहराइरहको वर्णन यस नियात्रामा गरिएको छ ।

नियात्राकारको डडेल्धुराको यात्रा खोड्पे बझाङ सडक आयोजनाको कार्यान्वयन पक्षलाई सजिलो बनाउन गरिएको थियो । डिभिजन सडक कार्यालय बड्रमा इन्जिनियरसँग भेट गरी नियात्राकार डडेल्धुरा फर्कन्छन् । नियात्राकार र ओभरसियर ध्रुवबहादर चन्द बैतडीको कच्ची सडकमा हिड्दै यात्रा गरिरहेका छन् र ध्रुवबहादर चन्दका घरमा बास बस्न पुगेका छन् । विहान ४:०० बजे नै यात्रा सुरु हुन्छ । रातको ८:०० बजे टोली देउरा पुग्दछ र बास बस्दछ । पुनः गर्जेपानी, पाल्तोछडा आदि स्थान हुँदै यात्राटोली बझाङ तर्फ फर्कन्छ र नियात्राको विषयवस्तु समाप्त हुन्छ ।

### ४.२.२ भाषाशैली

'सेती पनि काली पनि' नियात्रामा वर्णनात्मक, विवरणात्मक शैलीको प्रयोग भएको छ । नियात्राकार प्रमुख तथा केन्द्रीय पात्रका रूपमा नियात्रकार स्वयम् उपस्थित छन् र उनले सुदुरपश्चिमका विभिन्न स्थान तथा त्यहाँको संस्कृति, रहनसहन आदिका बारेमा वर्णन गरेका छन् । यस नियात्रामा तत्सम शब्दहरू निः सन्देह, रोमाञ्च, स्वरूप, संयोग, अधिकांश, अन्ततोगत्वा, पथप्रदर्शन, नृत्य, हृदय, ब्राह्मण, दृश्य, सुन्दर

आदि प्रयोग भएका छन् । अङ्ग्रेजी शब्दहरू जस्तै : प्लेन, क्यामेरा, ल्याण्ड, पुवर, मोटरसाइकल, टर्बाइन, पावरहाउस, टर्चलाइट, स्टाफ, पोस्टर, टेपरेकर्डर, एअरपोर्ट, गेट, इन्फरमेसन, होटल, प्याड, स्टयाण्ड, कल्भर्ट, ड्राइ एरिया, हेलमेट, बोर्ड, साइरन, एक्सिलेन्ट, ट्रफिक कन्ट्रोलर, काउन्टर, स्न्याप, ब्रेक, रेफरेन्स आदि रहेका छन् । नियात्रामा हिन्दी शब्दहरू पनि प्रयोग भएका छन् जस्तै : गुमराह, सराव, दुकान आदि । सूचनात्मक रूपमा पनि हिन्दी भाषाका पदावलीहरूको प्रयोग गरिएको छ, जस्तैः सीमा सडक करें राष्ट्रका गठबन्धन (२०६४: ७६) । यस्ता शब्दहरूको प्रयोग भएपनि नियात्राको भाषाशैली सरल र सहज छ ।

नियात्रामा बाजुराको परिवेश अनुसार प्रयोग भएका नामहरूमा टाँटे, सराँप्ला, बद्देली चौर, डुडीमुङग्रा, भूबो, देउलीसैन, कालाआम, आदि रहेका छन् । त्यस्तै छाँय, छोट्टी, छाँउकी, ज्यूला जस्ता बझाडी भाषाको प्रयोग पनि गरिएको छ । सुदुरपश्चिमेली भाषाको प्रयोग पनि नियात्रामा गरिएको छ, जस्तै डोटी राम्रो डँडेल्धुरा अछाम रामरो साँफ्या, बली जोबान फर्की आइजा, एकै सुर्जे घाम ताप्न्या हो भेट हुँदैन क्यान, जन बुढ्यै बेल दुरवारीलाई नीद लाग्दैन आदि । यस्ता विभिन्न परिवेशका भाषाले नियात्रा काव्यात्मक बनेको छ । नियात्रामा बाजुराली गोठाल्नीहरूले बोलेको भाषालाई टपक्कै टिपी प्रयोग गरिएको छ, जस्तै 'विंडी खान्याँ हौं', पढ्या नायँ साहेब, किताब क्या पो अद्धा, विंडी खान्या पैसा देऊ । त्यस्तै दार्चुलाबासीले बोलेको भाषालाई पनि जस्ताको तस्तै प्रयोग गरिएको छ : 'राजाको सिँदुर हो साब, त्यसे कहाँ छोड्छु । मलाई यही हुलाकी हुनुमै गर्व छ । यी भाषाको प्रयोगले नियात्रा झन् आकर्षक बन्न पुगेको छ । हाकिम, कर्मचारी, फाँटवाला, अनुमतिपत्र जस्ता प्रशासनिक क्षेत्रमा प्रयोग हुने शब्द पनि यस नियात्रामा प्रयुक्त छन् । उही धालावगाडको पहिरोले फेरी यस नियात्रामा प्रयुक्त छन् । उही विमान हर्ने झुन्डले पर्खिरहेको हुनेछ, पुलिसले फेरी पनि गाई लखेट्ने छ जस्तो काव्यात्मक भाषाको प्रयोगले पनि नियात्राको शैलीमा रोचकता थपिएको छ ।

'पशुपतिको बसाह झै धुम्म बसको छ आकाशमै' जस्तो उपमा अलङ्कारको सहज प्रस्तुतिले नियात्राको भाषाशैली आलङ्कारिक बनेको छ । 'पिरतीले जात र निद्राले

ओछ्यान खोज्दैन' भन्ने उखानको प्रयोगले नियात्रा जीवन्त बनेको छ । नेपाली झर्रा शब्दको प्रयोग, कथ्य भाषाको प्रयोग र प्रश्नोत्तरात्मक शैलीको पनि प्रयोग गरिएको यस नियात्रामा नियात्राकारले प्रत्यक्ष अवलोकन गरेरका ठाउँहरूको सचित्र दृश्य उतारेका छन्  र यस चित्रात्मक शैलीको प्रयोगले नियात्रा सजीव बनेको छ ।

समग्रमा यस नियात्राको भाषाशैली सरल, सहज, बोधगम्य, अनुप्रासयुक्त काव्यात्मक, आकर्षक, कलात्मक एवम् सम्प्रेषणीय छ ।

### ४.२.३ उद्देश्य

प्रस्तुत 'सेती पनि काली पनि' नियात्राको मुख्य उद्देश्य मध्यपश्चिमाञ्चल क्षेत्र र सुदुर पश्चिमाञ्चल क्षेत्रका विकट, दुर्गम, अभावग्रस्त स्थानका साथै प्रकृति, जनजीवन र भूगोलसित साक्षात्कार गर्नु रहेको छ । महेन्द्रनगर नगरपालिकामा अवस्थित टनकपुर बाँधको परिचय दिँदै आमपाठकलाई राष्ट्रघाती टनकपुर सन्धिबारे जानकारी दिन खोज्नु, दिपायलको सुन्दरता र त्यहाँको भौगोलिक साँस्कृतिक पक्षको उद्घाटन गर्नु यस नियात्राको उद्देश्य रहेको छ । बाजुरा जिल्लामा प्रचलनमा रहेको 'चात्रो हाल्ने' चलनको बारेमा पाठकसमक्ष जानकारी पुऱ्याउनु, मार्तडीदेखि कालाआमपुग्दा यात्राका क्रममा भोगेका घटनाक्रमलाई पाठकसमक्ष व्यक्त गर्नु पनि यसको उद्देश्य देखिन्छ  । त्यस्तै जमाल र खाती गाउँका जनजीवनको चित्रण गर्दै छुवाछुतका कुप्रथा हटाउनु पर्ने सन्देश दिनु, वनको वाघ भन्दा मनको वाघ खतरनाक हुन्छ भन्ने देखाउनु, खोड्पे बझाङ-बैतडी सडकको महत्त्व दर्शाउनु यस नियात्राको उद्देश्य रहेको छ । सुगौली सन्धिमा नेपालले गुमाएको भूमि पथौरागढका बारेमा चर्चा गर्दै इतिहासलाई ताजा बनाउनु, सम्पूर्ण नेपालीहरूलाई 'कालापानी' का माध्यमबाट राष्ट्रियताको भावना जगाउनु, पिथौरागढदेखि नैनीतालसम्मको भौगोलिक साँस्कृतिक पक्ष लगायत स्थानीय सौन्दर्यको वर्णन गर्नु, नेपाल सरकारलाई नेपालमा पर्यटक भित्र्याउनुका लागि गुर्नपर्ने कामको अवगत गराउनु, सुदूर पश्चिममा महिलाहरूमाथि गरिने भेदभावबारे यथार्थपरक ढङ्गबाट जानकारी दिनु, एवम् खोड्पे बझाङ सडक आयोजनाको कार्यान्वयन पक्षलाई सजिलो पार्नु यस नियात्राको उद्देश्य रहेको देखिन्छ ।

समग्रमा यस नियात्राको प्रमुख उद्देश्य नियात्राकार आफूले गरेको यात्राका क्रममा प्रत्यक्ष अवलोकन गरेर स्थानहरूको प्राकृतिक, साँस्कृतिक, भूगोल एवम् विविध विषयका बारेमा आम पाठकहरूसमक्ष जानकारी दिनु रहेको छ ।

## ४.३ 'सगरमाथाको आधारशिविरबाट' नियात्राको विश्लेषण

सगरमाथाको आधारशिविरबाट' नियात्रा वि.सं. २०६४ सालमा प्रकाशित भएको हो । यो नियात्रा विश्व कीर्तिमानी आरोहीद्वय श्री आपा शेर्पा र श्री ल्हाक्पा गेलु शेर्पाद्वारा २०६४ जेठ २ गते विहान ८:४५ बजे सगरमाथाको शिखरबाट विमोचन भइ सर्बोच्च शिखरबाट विमोचित विश्वको पहिलो पुस्तकको रूपमा नेपाल सरकारद्वारा मान्यताप्राप्त कृति हो । वि.सं. २०६७ मा परिमार्जित तथा मनोरम रंगीन फोटोहरू समेत समावेश गरिएको चौथो संस्करण प्रकाशित भएको छ । खुम्बु क्षेत्रको भ्रमणमा आधारित यस नियात्रामा सगरमाथा सम्बन्धी केही रोचक तथ्य तथा सफल आरोहीहरूका भनाई समेत समावेश गरिएको छ । यस नियात्रामा जम्मा २३ शीर्षक क्रमशः सगरमाथाः केही रोचक तथ्य, सफल आरोहीहरू के भन्छन् ? आपा शेर्पाको अनुभवमा शिखरसम्मको यात्रा यो दिन पनि आइछोड्यो, फाक्दिङको मेजमानी, नाम्चेको एक चक्कर, नाम्चेमा एउटा फुर्सदको दिन, तेङबोचेको  जाडोसँगै आमादब्लामको आधारशिविरमा, दिङबोचेको तातो बहस, चारैतिर हिमालले घेरेका बेला, ल्होत्सेको आधारशिविरमा, खोङमाला हुँदै लोबुचे पुग्दा, कालापत्थरको टुप्पोमा, सगरमाथाको आधारशिविरबाट, मन पग्लेको बेला, जोङलाको चिसो रात सँगै , चोलापासको थाप्लोमा, गोक्योरीदेखि पाँचो तालसम्म रेञ्जीला पास गरेर थामे पुग्दा, फेरी नाम्चेतिरै, आलुको रोटी र आँखाभरिको खुम्जुङ, ओरालोका पाइलाहरू रहेका छन् । समग्रमा यिनै नियात्राहरूलाई विषयवस्तु, भाषाशैली र उद्देश्यका आधारमा संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.३.१ विषयवस्तु

सगरमाथासम्बन्धी केही रोचक तथ्यहरूका साथ नियात्राको विषयवस्तु अगाडि बढेको छ । नेपाल चीन सीमानामा ७०° ५९' १७'' उत्तरी अक्षांश र ८६° ५५' ३१''

पूर्वी देशान्तरमा अवस्थित सगरमाथालाई सन् १८५१/५२ मा चुलीहरू पत्तालगाउने र नाम राख्ने सर्भे हुँदा Peak -15 नामाकरण गरिएको थियो । सन् १८५२ मा पत्ता लागेको सगरमाथाको नाम बेलायतको लण्डनस्थित Royal Geographical Society ले सर्वेयर जोर्ज एभरेष्टको नामबाट माउन्ट एभरेष्ट राखेको हो । Mt. Everest लाई नेपालीमा 'सगरमाथा' भनी नामकरण गर्ने व्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य हुन् । सन् १९२१ मा सर्वप्रथम सगरमाथा आरोहण गर्ने प्रयत्न भए पनि सफल आरोहण २९ मे १९५३ (वि.सं. २०१० जेष्ठ १६ गते) मा नेपालमा तेन्जिङ नोर्गे शेर्पा र न्युजिलैन्डका सर एडमन्ड हिलारीले गरेका थिए । सगरमाथा चढ्ने प्रथम महिला जापानको जुन्को ताबेइ हुन भने विना अक्सिजन १० पटक सगरमाथा आरोहण गर्ने व्यक्ति आङरिता शेर्पा हुन् । सबै भन्दा बढी उमेरमा आरोहण गर्ने व्यक्ति नेपालका ७६ वर्षीय मीनबहादुर शेरचन हुन् । उनले २००८ मे ५ मा सफल आरोहण गरेका थिए । सगरमाथाको सफल आरोहण गर्ने प्रथम नेपाली पत्रकार 'कान्तितपुर' का सम्बाददाता आङछिरिङ शेर्पा हुन् भने स्व. पासाङ ल्हामु शेर्पा प्रथम महिला हुन् । विना अक्सिजन चुचुरोमा २१ घण्टा विताएर आधुनिक चिकित्सा विज्ञानलाई नै चुनौति दिने व्यक्ति नेपाली पर्वतारोही बाबुछिरी शेर्पा हुन् । ३२ वर्षीय अमेरिकी नागरिक एरिक वाइनमेयर आरोण गर्ने दृष्टि विहिन व्यक्ति हुन् । ल्याक्पा शेर्पा ३ पटक सम्म सफल आरोहण गनेर्ऋ प्रथम नेपाली महिला हुन् । १५ बर्षीय तेम्बा छिरी शोर्पा सगरमाथा आरोहण गनेर्ऋ कान्छा आरोही हुन् । वि.सं. २०६० जेठ ८ मा एउटै परिवारका दिदी लाक्पा शेर्पा, उनका भाई मिङ्मा शेर्पा र बहिनी मिङ किपा शेर्पाले उत्तरी मोहडाबाट आरोहण गरी कीर्तिमान कायम राखेका छन् । संसारमै सबैभन्दा बढी सगरमाथाको आरोहण गर्ने विश्व रेकर्डधारी पर्वतारोही आपा शेर्पा हुन् । नेपाल र चीन दुबैतर्फबाट सगरमाथाको सफल आरोहण गर्ने प्रथम महिला दक्षिण अफ्रिकाकी Catly O' Dowd हुन् । आरोहणको क्रममा सबैभन्दा बढी (१५ जना) आरोहीहरूले ज्यान गुमाएको वर्ष सन् १९९६ हो । सन् २००१ मा बाबु जिन नियोल रोचे र छोरा रोचे वर्टान्डले एकैसाथ आरोहण गरेर नयाँ कीर्तिमान कायम गरे ।

चुचुरोमा पुग्ने पहिलो अपाङ्ग व्यक्ति अमेरिकाका थोमस ह्विट्याकर हुन् । कृतिम अक्सिजनको प्रयोग नगरी सफल आरोहण गर्ने व्यक्ति अष्ट्रियाका पिटर हयब्लर र इटलीका रेनहोल्ड मेस्नर हुन् भने महिलातर्फ न्यूजिल्याण्डकी लादिया ब्राडी हुन् । हिउँदे याममा आरोहण गर्ने प्रथम व्यक्ति पोल्याण्डका क्रिस्टोफ विलकी हुन् । लोग्ने स्वास्थ्नी दुबैले एकैसाथ आरोहण गर्ने स्लोभेनियाका श्रीमान् एण्ड्रेज र श्रीमती मारिजा हुन् । ल्हाक्पा गेलु शेर्पा दा नुरु शेर्पा र जाङ्बु शेर्पा एकैदिन चुचुरोमा पुग्ने एकै घरका तीन दाजुभाइहरू हुन् । चुचुरोमै गएर विवाह बन्धनमा बाँधिने जोडी नेपालका सुश्री मोनी मुले  पति र पेम दोर्जी हुन् । चुचुरोमा पुगी कम्मर माथिका सबै लुगा फुकालेर ३ मिनेटसम्म नाङ्गै बस्ने साहसिक कार्य लाक्पा थार्के शेर्पाले गरेका थिए । सगरमाथा लगायत संसारका ८००० मीटर माथि उचाइ भएका सबै (१४ वटै) हिमालहरूको आरोहण गर्ने संसारकै पहिलो व्यक्ति इटलीका रेनहोल्ड मेस्नर हुन् । संसारका ८००० मीटर माथि उचाइ भएका १४ वटा हिमालहरूमध्ये ८ वटा नेपालमा पर्दछन् । यस वाहेक ७००० मीटर माथिका १२२ वटा र ६००० मीटर माथिका १४०० वटा चुचुराहरू नेपालमा छन् । सबैभन्दा छिटो समयमा आरोहण गर्ने व्यक्ति पेम्बा दोर्जी शेर्पा (नेपाल) हुन् । उनले २००४ मे १६ का दिन ८ घण्टा १० मिनेटमा सफल आरोहण गरेका हुन् ।

प्रस्तुत नियात्रामा सफल आरोहीहरूको भनाइलाई पनि समावेश गरिएको छ । केही आरोहीहरूको भनाइलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

‘साँच्चीकै अलौकिक आनन्द लिने हो भने नेपाल आउनै पर्छ ’ सर एडमण्ड हिलारी (न्यूजिल्याण्ड)

‘जीवनमा एउटा विजय हासिल गरेकी छु मैले । विगत २ वर्षदेखि सगरमाथा छढ्ने सपना साँचेकी थिए । हिमाली क्षेत्रको यात्रा र हिमाल आरोहण मेरा शौखहरू हुन् । मैले मोडलिङलाई विश्वकै शिखरमा पुऱ्याएकी छु । अब म उता  (पोल्याण्ड) जाने वित्तिकै सबैले मलाई एभरेष्ट मोडल’ भन्न थाल्ने छन्’ (मोडेल मार्टिना ओसिज्कोस (पोल्याण्ड)

'चुचुरोमा पुगेपछिको आनन्दको वर्णन गर्न सकिँदैन । यो किन्न नसकिने वस्तु हो । चुचुरोमा पुगेपछि धनसम्पत्ति सबै  बिर्सने रहेछ । चारैतिर हिउँमात्र भएको त्यस्तो ठाउँमा त मृत्यु पनि राम्रो होला जस्तो लाग्यो ।' (उषा विष्ट (कैलाली)

'हिमालहरू भनेका सुन्दर युवतीहरू जस्तै हुन् । एकपटक देखेपछि फर्की फर्की हेर्न मन लाग्छ । त्यसैले त म सधैं नेपाल आउँछु नि .. ' पिटर हयाबलर (अष्ट्रिया)

'किन हिमाल चढ्छु ? चढेर हेर्नुहोस् न ... अनि थाहा पाउनु हुन्छ .... कति मजा हुन्छ भन्ने कुरा । छढ्नेलाई मात्र थाहा हुन्छ .... चढ्नुको मजा ।' (काजुयोशी कोन्दो (जापान)

'हिमालको चुचुरोमा स्वर्ग हुन्छ । त्यहाँ पुगेपछि सबै कुरा देखिन्छ सबे कुरा पाइन्छ । चढ्नुको कष्ट सबै नै शिखरमा पुगेपछि मेटिन्छ । शिखरमा जिन्दगीको अर्थ भेटिन्छ । म त हिमाल नचढी रहनै नसक्ने भैसकेको छु । १९ पटक चढिसके यिनै अग्ला हिमालहरू । फेरि दक्षिण मोहोडाबाट ल्होत्से चढ्ने मन लाग्यो ... अनि २० पटक पुऱ्याउन नेपाल आएको ।' उम होङ गिल (दक्षिण कोरिया)

'सगरमाथाले तपाईलाई तुरुन्तै मोहित पारिहाल्छ - राम्री तरुनीले झैं ' । सबिर नाजीर

विसं. २०६३ साल कार्त्तिक २९ गते Jac Tokai Lhotse South Face Expendition 2006 नामको जापानी टिममा आफू सम्पर्क अधिकृतको रूपमा रही काठमाडौंबाट यती एअरलाइन्सको उडान मार्फत लुक्ला विमानस्थलमा अवतरण गरेपछि नियात्राको विषयवस्तुले गति लिएको छ । लुक्लामा आमादब्लाम हिमालका लागि खटाइएका दुईजना सम्पर्क अधिकृतहरसँग नियात्राकारको भेट हुन्छ । दुर्गादेवी चम्लागाई र कष्ण प्रसाद पन्थ । नियात्राकार, कोशहरि, दुर्गादेवी, कृष्णप्रसाद तथा सोलुखुम्बुका भरिया चन्द्रजंग राईसहितको यात्राटोली लुक्लाबाट नाम्चेबजार पुग्ने योजना सहित अगाडि बढ्दछन् । अगाडि बढेको यात्राटोली बजार लाइन हुँदै पासाङ ल्हामु प्रवेश द्वारमा पुगेको छ र चौरीखर्क, छेप्लुङ् बस्ती हुदै ठाडोकोशीको फोलुङ्गे पुल

पार गरी अगाडि बढेका छ । ठाडो कोशीबाट अगाडी बढेको टोली फाक्दिङ्मा बास बस्न पुगेको छ । विहान ७ बजे पुनः यात्रा सुरु हुन्छ । टोकटोक बजार, वेनकर हुँदै टोली मोञ्जु भन्ने ठाउँमा पुगेको छ । त्यस क्षेत्रका सबै घरका छानाहरूमा फाइवर ग्लास जडान गरेर पूरै घर उज्यालो बनाउने व्यवस्था मिलाइएको, बीचमा आगो बाल्न मिल्ने ठूलो फलामे भाँडो (चिम्नी) स्थापना गरेर त्यसको धुँवा फाल्ने पाइन चै छानाबाट बाहिरू निकालिएको टोलीले प्रत्यक्ष देखेको छ । मोञ्जुबाट अगाडि बढेको टोली जोरसल्ले हुँदै दुधकोशीमाथि बनेको झालुगे पुल पार गरी नाम्चे बजार पुग्ने बोझिलो उकालो चढ्दै छ । २ घण्टा ४५ मिनेटमा उकालो पार गरेको उक्त टोली पश्चिम तिर कोङ्दे हिमाल (६०११ मि.) मुस्कुराइरहेको नाम्चेबजारको तल्लो छेउमा पुग्दछ । नियात्राकारलाई नाम्चेबजार ठमेल बजार जस्तो लाग्दछ र उनी भन्दछन् 'ढुंगाका प्रत्येक थुप्राहरूमा डलरको बिरुवा उमार्न सक्ने सामर्थ भएको ठमेलको सहोदर भाइ रहेछ नाम्चे बजार' । बजारको बीचको खाली ठाउँमा तिब्वतीहरूले नाङपालाबाट ल्याएका सस्ता सामानहरू बेच्दा रहेछन् । काठमाडौंमा १५०० देखि २००० मूल्य पर्ने सामान त्यहा ५/६ सय रूपैयाँमा पाइदो रहेछ । यात्रा टोलीले पनि वेसक्याम्पका लागि आवश्यक पर्ने र काठमाडौंमा किन्न छुटाएको जस्तो ठानिएका र सस्तो मूल्य भएका कारणले मन थाम्ननसकी अनावश्यक सामानहरू पनि किन्छन् ।

२०६३ मंसिर २ गते विहान कृष्ण प्रसाद पन्थ र दुर्गादेवी चम्लागाईलाई नाम्चेमै विदा गरी कोसहरी र नियात्राकार अगाडि बढेका छन् । टोली सानासा भन्ने गाउँमा पुगेको छ गुराँसको बगैचाको बीचबाट अगाडि बढेको छ र बाटोमा एउटा बोर्ड देखिएको छ । बोर्डले दिएको जानकारी अनुसार पश्चिमतिर खुम्जुङ गाउँ (३८०० मी), उत्तरतिर गोक्यो (४७५० मी), पूर्वतिर तौङबोचे (३९०० मी.) गाउँ पर्छ । बोर्डको संकेतानुसार सोटोली खुम्जुङ गाउँलाई छोडेर अगाडि बढेको छ । टोली लौसासा भन्ने ठाउँमा पुगेको छ । लौसाासाबाट उत्तरपूर्वतिर आमादब्लाम हिमाल (६८१२ म.), पूर्वतिर थामसेर्कु हिमालको पूरै चुलीको श्रृङ्खला (६३४१ र ६६१८ मी.) र त्यसको तल्लोपट्टि देखिएको कागटेगा हिमाल (६७६३ मी.) को मनोरम दृश्यले टोलीलाई मोहित पारिरहेको छ । लौसासाबाट अगाडि बढ्को टोली धेरैबेरको सङ्घर्षपछि तेङबाचे पुगेको

छ र बास बसको छ । मंसिर ३ गते विहान तेङबोचेबाट अगाडि बढेको टोली दिबुचे (३७७० मी.) 'मलिङ्गो' हुँदै पाङबोचे पुगेको छ । पाङबोचे दुर्गम ठाउँमा पनि आधुनिक र सुविधा सम्पन्न ठाउँ भएकोमा नियात्राकार छक्क परेका छन् । यहाँ  ठमेल वा वसन्तुपरमा पर्यटकीय रुचिका गरगहना साना तिना उपहार शैलीका बस्तुहरू र अन्य खिचिङ मिच्रिङ पनि धेरैपिच्छे बेचिदा रहेछन् । आज पाङबोचेमे वास बस्ने निधो भएको र समय प्रशस्तै बाँकी भएकाले नियात्राकार र चन्द्रजंग आमादब्लामको बेसक्याम्पतिर प्रस्थान गर्दछन् । बाटोभरि हिउँका थेग्लाहरू छन् र उनीहरू हिउँका फल्साहरूमा टेक्दै हिडेका छन् र वेसक्यामा पुगेका छन् । बेसक्याम्प राख्ने ठाउँ (४५७६ मी.) चार सय पाल गाड्न परेपछि स्थानको अभाव नहुने ठूलो फाँट रहेछ । बेसक्याम्पमा बाबुराम श्रेष्ठका ग्रुपसँग झण्डै २ घण्टाको समय विताएपछि उनीहरू पुनः पाङबोचे फर्कन्छन् । पाङ्बोचेबाट विहान ८ बजे पुनः यात्रा सुरु हुन्छ । आमादब्लाम हिमाल साँच्चै नै विचित्रको छ जतापट्टिबाछट हेरे पनि एउटै आकृतिको देखिने उक्त हिमाललाई नियात्राकार भन्छन् ।

'ठ्याक्कै डोको घोप्टाएजस्तो पनि देखिन्छ । छोरीलाई काखमा बोकेर बसेकी आमा जस्तो पनि देखिन्छ । पूजा गर्नको लागि ठड्याइएको चुच्चे ढुङ्गाको देउता जस्तो पनि देखिन्छ । जहाँबाट पनि देखिने र जहिले पनि उस्तै देखिने यो क्षेत्रको परिक्रमा प्रथको मदानी नै रहेछ आमादब्लाम हिमाल त ।'

चारैतिर हिमालै हिमालको मनोरम दृश्यहरूको अवलोकन गर्दै यात्राटोली चुरा भन्ने ठाउँमा पुगेको छ र बास बस्न दिङवाचे भन्ने ठाउँतर्फ अगाडि बढेको छ । विहान ८ बजे हिडेको उक्त टोली ११ बजे बास बस्ने भैसकेको छ । सकेसम्म १ दिनमा ४०० मीटर भन्दा माथि जानु हुँदैन र प्रत्येक १००० मीटर नाघेका ठाउँमा २ रात बास गर्नु पर्छ भन्दा रहेछन् विज्ञहरू यात्राटोली पनि सोही अनुसार अगाडि बढेको छ । मंसिर ४ गते विहान ८ बजे पुनः यात्रा सुरु हुन्छ । यात्राटोली नजानिदो किसिमको उकालो बाटोमा यात्रा गरिरहेका छन् । दिङबोचेबाट हिडेको २ घण्टा १५ मिनेटमा टोली विव्रे भन्ने ठाउँमा पुगेको छ । बिव्रे भन्ने ठाउँबाट यात्राटोली बरुञ्चे हिमाल, आइलैण्ड पिक, छोबुलु हिमाल, नुम्री (कैली) हिमाल, पिक - ३८ अर्थात, स्यार्चे

हिमाल (७४५६ मी.), ल्होत्सेशार (८४०० मी.), ल्होत्से मिडिल (८४१३ मी.), ल्होत्से ( ८५१६ मी.), नुप्से (७८५५ मी.) आदि हिमालहरूको अवलोकन गरेको छ । यात्रा टोली ल्होत्सेको वेसक्याम्पतर्फ अगाडि बढेको छ र ल्होत्से ग्लेशियरको किनारै किनार चिसो हाव खाँदै अगाडी बढेको टोली दशौं ठाउँमा दुःख पाउँदै हिडेको छ । हिमनदी सम्बन्धी आफ्नो अवधारणा नै गलत रहेको नियात्राकार बताउँछन् :

> 'मैले त सोचेको थिएँ - हिमालको चुचुरोमा अडिन नसकेर हिउँ तल खस्छ होला र त्यही विस्तारै सोतोको रूपमा पग्लिँदै गर्ने आधा हिउँ र आधा पानी भएको लेदो नै हिमनदी होला । तर कहाँ हो रहेछ र त्यस्तो । मेरी बास्सै । हिमनदीले त डोजरले झैं ढुङ्गा गिट्टी, बालुवा थुपारेर र उधिने र ठूलो क्रसर उद्योग पो सञ्चालन गरेको हुँदो रहेछ त । '

पहरोबाट खस्दाखस्दैको पानी जमेर पानी कै लहरो जेलिएको, पोखरी पूरै जमेको पनि टोलीले प्रत्यक्ष देखेको छ । खस्नुभन्दा छाँडो जम्नुपर्ने हिमाली नियतिको रमाइलो दृश्यावलोकन गर्दै टोली ल्होल्सेको बेसक्याम्प (५४०० मी.) पुगेको छ ।

Jac Tokai Lhotes South Fce Expedition को जापानी टोली र कोरियन टोलीको क्याम्प मात्र ५ मिनेटको फरकमा छ । चिसो हावा वहेको छ । जापानी टोलीको टेन्टवाहिरू पुगेपछि टोलीले गरेको हल्लाखलाले सरदार नवाङ योन्देन शेर्पा बाहिरू निस्किए र किचनको पालभित्र छिराए । कालो कफी र सुप पिएपछि कोसहरी पनि आफ्नो टिमलाई भेट्न कोरियन क्याम्पतिर लाग्छन् । आफ्नो टोलीसँग भएको कुराकानी र दुवै टिमलाई संगै मिलेर अगाडि बढ्न आग्रह गरेर नियात्राकार र कोसहरी वास बस्न चै छुकुम नै झर्ने निष्कर्षमा पुग्छन् । नियात्राकारले नवाङसँग अनुमति दिएमा आफू केही दिन घुम्न चाहेको कुरा बताउँछन्  र नवाङले पनि सबैतिर घुमेर १५ दिनमा आइपुगे केही नबित्ने कुरा गर्छन् । नियात्राकारले त्यसै गर्ने प्रयास गर्छु भन्दै ओरालो बाटो लाग्छन् छुकुम पुग्न र २ घण्टामा छुकुम पुग्छन् ।

विहान लोबुचे जानका लागि यात्रा तय हुन्छ । यात्राटोली ठाडो उकालो बाटो हिडिरहेको छ । कँही काला थेग्ला भएका ढुँगाहरूको बगर त कँही शुद्धै काला

ढुङ्गाहरूको पहाडहरू नाघ्दै टोली अघि बढिरहेको छ । यात्रा सुरु गरेको सवा चार घण्टामा बडो मुश्किलले टोली पासको टुप्पामा पुगेको छ । बौद्धमार्गीहरूले टुप्पोलाई ध्वजा पताका चढाएर सिंगारेका छन् । पहाडको टुप्पोमा ध्वजा पताका राख्नु र हराउने खालको बाटोमा ढुङ्गाका खेलौना मानेहरू बनाएर अरूलाई पथ प्रदर्शन गर्नु त्यहाँका धार्मिक भावना भएका मानिसहरको विशेषता नै रहेको छ । ५५३५ मिटरको उचाइ रहेको त्यो पासबाट सगरमाथाबाहेक त्यो क्षेत्रका सबै हिमालहरू देख्न सकिन्छ । हावाले धेरै समय टिक्न नदिएपछि टोली लोबुचेतर्फ अगाडि बढ्दछ र बल्ल बल्ल ८ घण्टाको हिडाइपछि लोबुचेमा बास बस्न पुग्दछ ।

२०६३ मंसिर ८ गते विहान छ बजे नियात्राकार र उनका सहयोगी (भिटिया) चन्द्रजंग कालापत्थरतर्फ अगाडि बढ्छन् । धेरै चिसो, धेरै कष्टका साथ गरिएको हिमनदीको बगरको एकतामासको पट्यारलाग्दो यात्रा पार गर्दै उनीहरू गोरक्षेप ( ५१७० मी.) भन्ने ठाउँमा पुग्दछन् । कालापत्थर पुग्ने जोसका साथ उनीहरू अगाडि बढ्छन् र चढ्न थाल्छन् ठाडो उकालो । बडो मुस्किलले स्याँस्याँ र फ्याँफ्याँ गर्दै १ घण्टा ४५ मिनेटको सङ्घर्षपछि कालापत्थर (५५४५ मी.) पुग्छन्  र विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मी.) को अवलोकन गर्दछन् । त्यहाँबाट सगरमाथा पूरै नदेखिएको अथवा पासपोर्ट साइजको देखिएको कुरा नियात्राकारले उल्लेख गरेका छन् । कालापत्थरको डाँडोबाट पुमोरीको पश्चिम धार, छुम्बु हिमाल (६१५९ मी.) छाङ्ग्री हिमाल (६०२७ मी.) , छाङ्ग्री वेस्ट (५९६२ मी.) निरेखा पिक (६१५९ मी.), लोबुचे वेस्ट (६१३५ मी.), लोबुचे इस्ट (६०९० मी.) सबै अति सुन्दर देखिएको कुरा यस नियात्रामा उल्लेख गरिएको छ । कालापत्थरको टुप्पो श्रद्धालुहरूले अर्पण गरेका ध्वजापताका र लुङ्दारहरूले दुलही झैं सिंगारिएको छ । त्यसपछि उनीहरू पुमोरीको आधारशिविर जाने बाटोतिर लाग्छन् तर पुमोरीमा कोही पनि नभएको र बाटोपनि थाहा नभएकाले सगरमाथाको आधार शिविरतर्फ जाने निधो गर्दछन्  र त्यतैतिर लाग्दछन् । उकनासको पट्यारलाग्दो हिमनदीको बाटो हुँदै उनीहरू सगरमाथाको आधारशिविरमा पुग्छन् र पुनः लोबुचे पुग्ने आँटका साथ अगाडी बढ्छन् । फलस्वरूप रात परिसकेको हुनाले बडो दुःख गर्दै बडो अप्ठेरोसँग हेडल्हाम्प बालेर लोबुचे पुग्छन् ।

लोबुचेमा कोशहरिसँग पुनः भेट हुन्छ । चोलापास गरेर गोक्योतिर जाने भनेको कोशहरि विरामी पर्छन । कोसहरीलाई फेरिचेमा पुऱ्याएर नियात्राकारचाहि गोक्यो जाने निष्कर्षमा पुग्छन् । फेरिचेमा साथीलाई छाडेर थुक्ला २:३० बजे पुगेका उनीहरू हिड्दा हिड्दै लखतरान हुँदै बेलुका ५:३० बजे जोङला भन्ने ठाउँमा बास बस्न पुगेका छन् । विहान ७:३० बजे पुनः यात्रा सुरु हुन्छ । हिमनदीको खोल्सो पार गर्दै ठाडो उकालो र ठूला काला ढुङ्गाहरूलाई नाध्दै धेरै दुःख कष्टका साथ चोलापास (५३६८ मि.) हुँदै अगाडि बढेका उनीहरू वरिपरी देखिने मनोरम हिमालहरूको दृश्यावलोकन गर्दै, उकाली ओराली पार गर्दै ठाङ्नाक भन्ने ठाउँमा पुग्छन् । त्यहाँबाट अगाडि बढेको यात्राटोली गोक्योको पहिलो पोखरी, दोस्रो पोखरी हुँदै गोक्यो पुग्छ । गोक्योबाट गोक्योरी हुँदै पाँच पोखरीसम्म पुगेको टोली पुनः गोक्योमा नै बास बस्न आइपुग्छ । भोलिपल्ट विहान रेञ्जोला पास गरेर थामे पुग्ने योजनासहितको यात्रा तय हुन्छ र सोही अनुरूप टोली थामे पुग्छ र कीर्तिमानी आरोही आपा शेर्पाको एभरेष्ट समिटर्स लज' मा बस्छन । त्यहाँबाट पुनः नाम्चे जानका लागि यात्रा सुरु हुन्छ । ठमो गाउँ, मेन्दे, फुर्ते हुँदै टोली नाम्चे पुग्दछ । नाम्चेमा कोसहरसिँग पुन भेट हुन्छ । अर्को दिन विहान उनीहरू खुम्जुङ जाने कार्यक्रम बनाउँछन् । कार्यक्रमअनुरूप टोली सुम्जुङ पुग्छन्, खोन्देको पनि चक्कर लगाउँछन् र माञ्जो, चुमोआ, वैनकर, टोकटोक, फक्दिङ, छोप्लुङ हुँदै लुक्ला पुग्दछन् र नियात्राको विषयवस्तु पनि समाप्त हुन्छ ।

### ४.३.२ भाषाशैली

खुम्बु क्षेत्रको भ्रमणमा आधारित यस 'सगरमाथाको आधार शिविरबाट' नियात्रामा वर्णनात्मक, विवरणात्मक शैलीको प्रयोग भएको छ । नियात्राको प्रमुख तथा केन्द्रीय पात्र स्वयम् नियात्राकार रहेको यस नियात्रामा नियात्राकारले खुम्बु क्षेत्रमा अवस्थित सम्पूर्ण हिमालहरू तथा त्यहाँको संस्कृति, प्रकृति, भौगोलिक वनावट आदिको वर्णन गरेका छन् । यात्राटोलीमा जापानी टिम, कोरियन टिम, टिमका सहयोगीहरू, भरियाहरू, प्रत्येक टिमका सम्पर्क अधिकृतहरू उपस्थित छन् । उनीहरूको वार्तालापमा नियात्रा एउटा कथा जस्तो पनि बनेको छ । नियात्रामा अङ्ग्रेजी शब्दहरू यती एअर लाइन्स, ट्रेकिङ्ग किट, डाउन ज्याकेट, हेडलाइट, ट्रेकिङ्ग म्याप, व्याट्री, क्यामरा, रिल,

स्लिपिङ व्याग, स्टार्ट, प्लेन, टर्मिनल, अपरेटर, डाइनिङ्ग हल, सस्पेण्डेड वृज, होटल, रेष्टुरेण्ट, लज, रिसोर्ट आउसकिपर, कुक, हेल्पर, ब्रेकफास्ट, फाइवर ग्यास, चेक पोइन्ट, पर्स, काउण्टर, क्लियरन्स लेटर, इको सेन्टर, पोष्टर, सनक्रिम, कोल्डक्रिम, किचनव्वाइ, पपकर्न, ग्यार्प पासपोर्ट साइज आदि रहेका छन् । नियात्रामा तत्सम शब्दहरू पनि प्रयोग भएका छन् जस्तै भ्रमण, दृश्यावलोकन, सुन्दर, उदरस्थ, अदभूत, विष्मय, परमज्ञान, चिरशान्ति, सर्वोत्कृष्ठ, जलाशय, उत्कृष्ठ, दृष्टि, दम्पति, कञ्चन, अनर्थ, प्रसन्न, आदि । यस्ता शब्दहरूको प्रयोग भए पनि नियात्राको भाषाशैली सरल, सहज एवम् सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने खालको छ ।

यस नियात्रामा नियात्राकारले मन छुने खालका भनाइको सहज प्रयोग गरेका छन् जस्तैः ‘ढिलो गए अवश्य पुगिन्छ, चाँडो गए भन्न सकिन्न’, ‘नुन खाएको कुखुरा जस्तो’ ‘जसको विहा उसैलाई देख्न नदिया’ जस्ता भनाइले नियात्रा काव्यात्मक बनेको छ । सुन्दर हिमालहरूलाई उसिनेर बोक्रा छोडाएको कुखुराको अण्डा ठड्याएर राखेजस्तो एवम् नर्सरीमा हुर्काउन राखिएको विरुवाहरूसँग तुलना गरेकाले यस नियात्रामा आलङ्कारिक शैलीको सहज प्रयोग पाइन्छ । नियात्रामा नियात्राकार आफूले प्रत्यक्ष अवलोकन गरेका विभिन्न ठाउँका दृश्यहरूलाई सचित्र उतारेका छन् । साथै सुन्दर हिमालहरूका रङ्गीन दृश्यहरूलाई पनि नियात्रामा स्थान दिएका छन्  जसले गर्दा नियात्रा सजीव एवम् जीवन्त बन्न पुगेको छ । पुस्तकको सुरुमै सगरमाथा सम्बन्धी ऐतिहासिक, साहसिक एवम् रोचक तथ्यहरूको एकोकृत संगालोलार्य प्रस्तुत गरिएको यस नियात्राको अध्ययन गर्दा नियात्राकार जहाँ जहाँ पुगेका छन् पाठक पनि सोही ठाउँमा पुगेको आभास हुने प्रस्तुत नियात्राको भाषाशैली सरल, सहज एवम् बोधगम्य छ ।

### ४.३.३ उद्देश्य

प्रस्तुत ‘सगरमाथाको आधारशिविरबाट’ नियात्राको मुख्य उद्देश्य सगरमाथासम्बन्धी ऐतिहासिक तथा रोचक तथ्य प्रस्तुत गर्नु, सफल आरोहीहरूका भनाइ एवम् समग्र खुम्बु क्षेत्रको भ्रमणमा भएका घटनाहरूको यथार्थ जानकारी

पाठकसमक्ष प्रस्तुत गनु रहेको छ । त्यस्तै सगरमाथाको आधार शिविर तथा सम्पूर्ण खुम्बु क्षेत्रको आधारशिविर र त्यहाँबाट देखिने सुन्दर हिमालहरूको अवलोकनका साथै उक्त हिमालहरूको उचाइ सहितको जानकारी पाठकलाई दिनु पनि यस नियात्राको उद्देश्य रहेको छ । सगरमाथा प्रदूषण नियन्त्रण समिति (SPCC) ले सगरमाथा क्षेत्रको सरसफाई कार्यलाई अघि बढाउन खेलेको भूमिका र सगरमाथा प्रदूषण नियन्त्रण समितिले गरेको सद्भावको जानकारी प्रस्तुत गर्नु नियात्राको उद्देश्य रहेको छ । पाठकलाई ल्होत्सेको आधार शिविरको बारेमा जानकारी गराउनु, कालापत्थको बारेमा जानकारी गराउनु, कालापत्थरको टुप्पाबाट देखिने सर्वोच्च शिखर सगरमाथा लगायत अन्य अनगिन्ती हिमालहरूको अलौकिक सौन्दर्यको रसास्वादन गराउनु, आधारशिविरसम्म पुग्दा हुने दुःख कष्ट, त्यहाँको भौगोलिक बनावटका साथै हिमपहिरोका बारेमा जानकारी दिनु पनि यस नियात्राको उद्देश्य रहेको छ ।

समग्रमा यस नियात्राको मुख्य उद्देश्य आफूले भ्रमण गरेको सम्पूर्ण खुम्बु क्षेत्रको भौगोलिक साँस्कृतिक पक्षका साथै यात्राका क्रममा घटेका घटनाहरूको यथार्थ जानकारी पाठकसमक्ष प्रस्तुत गर्नु रहेको छ ।

## ४.४ 'चीनको विचित्र चित्र' नियात्राको विश्लेषण

'चीनको विचित्र चित्र' नियात्रा वि.सं. २०६६ सालमा प्रकाशित भएको हो र वि.सं. २०६७ सालमा दोस्रो संस्करण पनि प्रकाशित भएको छ । चीनको राजधानी वेइजिङमा हुन लागेको एशियाली अल्पाइन एशोसिएसनहरूको सँगठनको वैठकमा भाग लिन जाने क्रममा दृश्यावलोकन गरिएका विभिन्न स्थानको वर्णन गरिएको प्रस्तुत नियात्रा २०६६ मा गरिएको पुस्तक प्रदर्शनीमा अधिक विक्रीको तेस्रो स्थान प्राप्त गर्न सफल भएको थियो । यस नियात्रामा २२ वटा शीर्षक क्रमशः चीनको भूमिमा पहिलो पटक टेक्दा, न्यालमको बास, थुङला र थिङरी घुमेको दिन, सिगात्सेमा साँझभरि हराउँदा, टासीलुम्ब गुम्बाभित्र, ल्हासाको एक फन्को, जोखाङकी भृकुटीसँग केही क्षण, वेइजिङ जाने रेल, रेलबाट देखिएको सानो संसार, सिआनमा विताएका क्षणहरू, बेइजिङले छोएको ह्वाइरोमा, सम्मेलनको कुरो , ग्रेटवालमाथि उभिँदा, चिन्हाईको

रंगीन आकाशमा, तियानमेन स्क्वाएरमा उभिएर, फर्बिडन सिटीको एउटा चक्कर, काराओके खोज्दै ल्हासामा, पोताला दरवार भित्र घुम्दा, निसासिंदो रात र नाङ्गा भैँडाहरू, चोयुको आधारशिविरमा, जाङमूमा एक रात, स्वदेशको आँसु रहेका छन् । समग्रमा यिनै नियात्राहरूको विषयवस्तु, भाषाशैली र उद्देश्यका आधारमा संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.४.१ विषयवस्तु

एशियाली अल्पाइन एशोसिएसनहरूको संगठन (Union of Aisan Alpian Association(UAAA) को वैठकमा भाग लिन चीनको राजधानी बेइजिङ जान लागेको नेपाल पर्वतारोहण संघ (AePal Mountgaineering Association (NAMA) का पदाधिकारीहरूको प्रतिनिधि मण्डल खहरे चोकबाट एशियन ट्रेकिङ्को गाडीमा चीनतर्फ प्रस्तान गरेको छ । यहाँबाट नियात्राको विषयवस्तु पनि अगाडि बढेको छ । यात्राटोलिमा नियात्राकार सहित दश जनाको समूह रहेको छ । यात्रा जडिबुटी, धुलिखेल हुँदै सुनकोशीको तीरैतीर बाह्रबिसेतर्फ अगाडि बढेको छ । यात्राटोली नेपालको एक मात्र बञ्जी जम्प गर्ने स्थाल र भीरमौरी रहेको स्थानको अवलोकन गर्दै अगाडि बढेको छ । टोली खोकुण्डोल, फुल्पिङ्कट्टी, तातोपानी, कोदारी बजार हुँदै सीमान्त क्षेत्रको लिपिङ बसपार्कमा पुगदछ । बसपार्कमा भरियाहरूको लाइन लागेको छ । जो पहिले आयो ऊ अगाडि र अरू क्रमशः त्यसैका पछाडि लाग्दा रहेछन् । त्यस्तो व्यवहार देखेर नियात्राकार छक्क परेका छन् र यो अनुशासन अन्यत्रका बसपार्कका भरियाहरूले पनि सिक्न लायक रहेको कुरा उल्लेख गरेका छन् । त्यसपछि यात्राटोली तातोपानी भन्सारको परिसरबाट पार भई मितेरी पुल (६५ मी.) पार गरी चीनियाँ भूमिका पाइला टेक्न पुग्दछ र चाइना तिब्बत पर्वतारोहण संघ (China Tibet Mountaineeing Association (TMA) ले पठाएको गाडीमा यात्रा सुरु गर्दछ । चीनमा 'राइट ह्याण्ड ड्राइभ' चल्ने कुराको उल्लेख पनि नियात्रामा गरिएको छ । यात्राटोली खासाबजार अर्थात नेपालीहरूको खास बजारको वास्तविक एवम् चिनियाँ नाम 'जाङमू' पुग्दछ र पुनः अगाडि बढ्दै ङ्यालम अर्थात न्यालम भन्ने ठाउँमा पुग्दछ । अगाडि बढ्ने क्रममा गाडि पेट्रोल हालनका लागि रोकिन्छ । नियात्राकारले नेपालमा

आउने मिसाबट युक्त पेट्रोल र त्यहाँको शुद्ध पेट्रोलको चर्चा यस नियात्रामा गरेका छन् ।

'पेट्रो चाइना (Petro China) मा गाडी रोकियो तेल हाल्न । पेट्रोल स्टेसनका कर्मचारहिरूले मुखमा मास्क बाँधेका हुँदा रहेछन् । पेट्रोलको गन्ध पनि हाम्रोतिरको भन्दा ज्यादै नै तीव्र हुँदो रहेछ । हाम्रातिरको पेट्रोल त मट्टितेल मिसाउँदा मिसाउँदा मट्टितेल नै भैसकेको हुन्छ । अनि के का तागतले आओस् पेट्रोलको तीव्र गन्ध ? पहिले आयल निगमले मिसाउनुपऱ्यो । अनि धन्दाबालाले मिसाउनु पऱ्यो । अनि झण्डावालाले मिसाउनु पऱ्यो अनि डण्डावालाले मिसाउनु पऱ्यो । धन्न धान्दो रहेछ पेट्रोलले आफूभन्दा ठूलो मट्टितेलको सागरको भार थेग्न पनि । जय होस् नेपालका पेट्रोल माफियाहरूको । '

यात्राटोली नाङ्गा र भिराला मैदानहरूको अवलोकन गर्दै बुङ्ला लालुङ्ला (५१३० मी.) पास, 'खुङ्छो' गेम्पु (५१२४ मी.) सेमु, गुछाऊ हुँदै विशाल 'न्यालम उपत्यकालाई छाड्दै 'थिङरी उपत्यका' मा प्रवेश गर्दछ । चोयु हिमाल (८२०१ मि.) को आधारशिविरतर्फ जाने बाटो पनि यहीँबाट छुट्टिने रहेछ । दक्षिणतिर नेपाली हिमालका तिब्बततिरका पाटाहरू लहरै उभिएका छन् । थिङरीमा खाना खाइसकेपछि यात्राटोली 'चाप्को' गाउँतर्फ अगाडि बढ्दछ । यात्राकै क्रममा सगरमाथाको आधार शिविरतर्फ जाने बाटो छुट्टिन्छ । टोली सेगार चेकपोष्ट हुँदै अगाडि बढ्दछ । टोलीले ५२२० मीटरको उचाइमा रहेको 'ध्याँचोला' पासको अवलोकन गर्दछ र ल्हाँचेको 'ठाउस्याङ' गाउँ हुँदै अगाडि बढ्दछ । यात्राकै क्रममा टोलीले राता पहाडहरूको शृङ्खला देखेको छ । पूरै डढेको रंगको गाढा रातो पहाड, प्रकृतिको जादूगरी देखेर टोली अचम्म परेको छ । कसरी भएहोलान् यी सारा पहाडहरू एकनासले राता ? छक्कै परियो र ट्वाल्ल परेर हेरियो' । तिब्बतको दोस्रो ठूलो सहरू 'सिगात्से' को 'टिबेट गाङ्झान सिगात्से होटलमा बास बस्न पुग्दछ । यात्राटोलीले बुद्धको बसेको आसनमा रहेको संसारको हालसम्मको सबैभन्दा अग्लो मूर्ति भएको ठाउँ सिगात्सेको सबैभन्दा पुरानो पुरातात्विक महत्त्वको 'टासीलुम्बु' गुम्बाको दर्शन गर्दछ । गुम्बाको बाहिरू एउटा पहरामा बनाइएको विशाल पक्की भित्तामा वर्षको एकपटक संसारको दोस्रो सबैभन्दा ठूलो

थाङ्काको मे १३ तारखिको दिन सार्वजनिक प्रदर्शन गरिने कुराको उल्लेख पनि यस नियात्रामा गरिएको छ ।

'टासीलुम्बु' गुम्बाको दर्शनपश्चात् उक्त टोलीको ल्हासातर्फको यात्रा सुरु हुन्छ । गाडी बजारको परिक्रमा गर्दै अगाडि बढ्दछ । सबै ठाउँमा चोमोलाङ्मा र आफ्नै एकलौटी हिमाल शीशापाङ्माको प्रचार प्रसार गरिएको छ । टोली तिब्बती भाषामा 'यार्लुङ छाङ्बो' भनिने 'ब्रह्मपुत्र' नदीको किनारै किनार अगाडि बढ्दैछ । हुस्युताका, घोघर हुँदै अगाडि बढेको टोली 'याङ्बोचेन' नदीको पुल पार गरी ल्हासा प्रवेश गर्दछ र 'नोर्बु लिम्खा' तिर घुम्न निस्कन्छ । नोर्बु लिम्खाको मुल प्रवेशद्वारबाट पोताला' दरवारतिर लाग्दा बीचैको एउटा घरमा नेपाली झण्डा फहराइरहको नेपाली महावाणिज्य दूतावास देखिन्छ । अपरान्ह ४ बजे चीन तिब्बत पर्वतारोहण संघको पर्वतारोहण पाठशालाको अतिथि गृहमा प्रवेश गरेको यात्राटोलीलाई (TMA का अध्यक्ष सिरो नामग्याल र कार्यकारी अधिकृत सुश्री याङ्भिनले खादा पहिऱ्याएर स्वागत गर्दछन् । भोलिपल्ट विहान 'बेइजिङ' तर्फ प्रस्थान गर्नुपर्ने भएकाले थप एकदिन ल्हासा घुमघामको लागि छुट्याएको टोली 'बारखोर' हुँदै जोखाङको भित्री दृश्य हेर्न जोखाङ टेम्पलतिर लाग्दछ । इशाको ६४७ वर्षमा तुबो राजा सुङ्चङ गम्पोको पालामा निर्माण थालनी भएको यो टेम्पल २५१०० वर्गमीटर क्षेत्रफलमा रहेको छ । तलैपिच्छे बेग्लाबेग्लै कक्षहरू र हरेक कक्षमा विभिन्न महत्त्वका बुद्धमूर्ति र विविध रूपाकृतिहरू राखिएका छन् । एउटा कक्षमा सोङ्चुङ् जम्पोसँग बसेकी भृकुटीलाई देखेर मन ढक्क फुलेको कुरा नियात्राकारले 'जोखाङकी भृकुटीसँग केहीक्षण' नियात्रामा यसरी उल्लेख गरेका छन् :

> 'निधारमा टपक्क मजेत्रो बाँधेर कानढुङ्ग्री लगाएकी नेपाली चेली । तस्विर खिच्न नपाइने भएकाले केही गर्न सकिएन । नत्र कमसेकम फोटो त हुन्थ्यो हामीसँग । नेपाली छोरी राष्ट्रिय विभूति भृकुटी । मन बडो ढक्क भयो फुलेर । नेपालको कुटनीतिका लागि अझ भनौ माइती देशको सुरक्षाका लागि आफ्नो छातीमाथि ढुँगा राखेर यो परदेशमा सिंगै जुनी बिताएकी नेपाली चेली - भृकुटी' ।

जोङ्खाको अवालकेन पश्चात् टोली नेपाली महावाणिज्य दुतावासतर्फ महावाणिज्य दूतलाई भेट्न जान्छन् । भेट पश्चात् नेपाल र चीनका बीचमा भएको सामन्य असामान्य र व्यवहारिक अप्ठेराहरूका बारेमा कुरा गर्दछन् ।

ल्हासाको रेलवे स्टेशनबाट वेइजिङ जाने रेलमा चढिसकेपछि यात्रा पुनः सुरु हुन्छ । रेल जहाँ खने पनि तातो पानी आउने 'ध्याङ्बाचेन' बजार हुँदै अगाडि बढिरहेको छ । झ्यालबाटै हिमालहरू छोइएला जस्ता देखिने हिमालको फेदी हुँदै रेल नुन उत्पादनको लागि चीनको अग्रणी ठाउँ 'नाक्छु' सहरमा पुग्दछ र घुर्मुमा रोकिने सन्देश सहित अगाडि बढ्दछ । यात्राटोली राता पहाडहरूको अवलोकेन पनि गरेको छ । रेल सबैभन्दा उचाइको बिन्दु ५१८० मीटरको 'ताङ्ला' पास पार गरी सुरुङको बाटो हुँदै रातको ९:३० बजे 'घुर्मु' पुग्दछ । 'घुर्मु' बाट अगाडि बढेको रेल कहिले सुरु भित्र त कहिले खुला सडक हुँदै 'लाङ्ठु' तर्फ लाग्दछ । यात्राटोलीले झ्यालबाटै 'छिङ्हाई' सहरू र मकै र रहरू खेती गरिएका ठूला ठूला फाँटहरू देख्दछ । रेल 'सिआन' भन्ने सहरमा गएर रोकिएको छ । चीनका ठूला ठूला स्टील फ्याक्ट्रीहरू भएको, चीनलाई औद्योगिक राष्ट्र बनाउन प्रमुख भूमिका खेल्ने मध्येको एउटा अग्रणी सहरू एवम् पुरानो चीनलाई आजको चीन बनाउनमा ठूलो भूमिका भएको सहरू रहेछ 'सिआन' सहरू । 'सआन' बाट प्रस्थान गरेको रेल 'सिज्याटोङ्' हुँदै 'बेइजिङ' मा प्रवेश गर्दछ । रेलको ४८ घण्टे यात्रापश्चात बेइजिङ पुगेको टोलीलाई लिन चीन पर्वतारोहण संघका साथीहरू आएका छन् र उनीहरू सँगै यात्राटोली चीन पर्वतारोहण संघको ट्रेनिङ सेन्टरतिर प्रस्थान गर्दछन् । बेइजिङमा दुइवटा बस जोडेर कुदाएको पनि यात्राटोलीले प्रत्यक्ष देखेको छ । उनीहरू चढेको गाडी सिन्मा औद्योगिक क्षेत्रको किनारामा पुगेको छ । बाइस चक्के ट्रकहरू पनि गुड्दै छन् । नेपालका संभ्रान्त परिवारको निजी निवासमा वा सार्वजनिक उद्यानहरूमा व्यवस्थित गरिएको फूलबारी भन्दा त्यहाँको सडकपेटीको फूलबारी राम्रो छ । रमाइला दृश्यहरूको अवलोकन गर्दै टोली 'ध्वाइरो, इन्टरनेशनल कन्फरेन्स सेन्टर' हुँदै चीन पर्वतारोहण संघको स्वामित्वमा रहेको पर्वतारोहण प्रशिक्षण केन्द्रमा बास बस्न पुग्दछ ।

भोलिदेखि सम्मेलन सुरु हुनेछ । सबै देशले आ-आफ्नो प्रस्तुति दिनेछन् । सम्मेलनमा पर्वतारोहणको भावी दिशाका बारेमा गम्भीर छलफल हुने, पर्वतारोहणका विश्वव्यापी संगठन UIAA जस्तै अर्को विश्वव्यापी Climbing Federation बनाउने कुरो पनि चल्ने, पर्वतारोहण 'खेलकुद' हो कि होइन भन्ने बारेमा पनि गम्भीर वहस हुने भएकाले र नेपालको तर्फबाट आफूले पनि केही तयारी गर्नुपर्ने कुरा नियात्राकार उल्लेख गर्दछन् । सम्मेलनमा धेरै कुरा उठेका छन् । यसभन्दा अघिल्ला विश्वव्यापी UIAA र एशियाव्यापी UAAA का सम्मेलनले उठाएका प्रश्नहरूको जवाफ ती देशहरूले यसपटक दिएका छन् । यो सम्मेलन आ-आफ्नो क्षमतानुसार एशियाका देशहरूले पालैपालो आयोजना गर्ने गरेका रहेछन् । नेपालले पनि यो सम्मेलनको आयोजना गरेर ४ पटक पुऱ्याइसकेको रहेछ । यस सम्मेलनको अध्यक्षता UAAA अध्यक्ष जापानका फुमियो तानाकाले गरेका छन् । बैठक सुरु हुन्छ र बैठकले धेरै प्रश्नहरू उठाउनुका साथै धेरै जवाफहरूको खोजी पनि गर्दछ । सगरमाथाको शिखरमा एउटा फ्रेन्च कम्पनीको हेलिकोप्टर (ASTAR 350B) ले अवतरण गरेको विषयलाई लिएर सन् २००५ मै सिंगापुरमा सम्पन्न सम्मेलनले नेपाल सरकारको ध्यानाकर्षण गर्दै एउटा प्रस्ताव नै पारित गरेको कुरा 'सम्मेलनको कुरो' नियात्रामा उल्लेख गरिएको छ । 'विश्वकै सम्पदाका रूपमा रहेका नेपालका अग्ला हिमशिखरहरू मानवीय साहस, धैर्य र शौर्यको परीक्षण गर्ने स्थलहरू छन् । यिनीहरूलाई कसैले पनि मानव निर्मित यन्त्र र निजी एवम् विशुद्ध व्यवसायिक प्रवर्द्धनका निमित्त प्रयोग गर्नु हुँदैन । यस हेलिकोप्टरले सगरमाथाको शिखरमा गरको यो अवतरणका विषयमा नेपाल सरकारको गम्भीर ध्यान जाने नै छ भन्ने विश्वास यो सम्मेलनले राखेको छ ।

सम्मेलनमा सहभागी नेपालीले पनि यस कुरामा नेपाल सरकारले खेद व्यक्त गरेको, परराष्ट्र मन्त्रालयमार्फत फ्रेन्च दुतावासमा असहमति पत्र पठाएको आदि कुरा बताउँछन् । २ दिने सम्मेलन समाप्त हुन्छ । यात्राटोलीको ग्रेटवालतर्फको यात्रा तय हुन्छ र दुबैतिर रुखहरू जोडिएर रुखकै सुरुङ्जस्तो बाटो हुँदै अगाडि बढ्दछ । सानो उकालो बाटो पार गरेर टोली ग्रेटवालको प्रवेश विन्दुमा पुग्दछ । ग्रेटवालको बनौट देखेर टोली अचम्म पर्दछ । संसारका सात महान् आश्चर्य भित्र पर्ने ग्रेटवाल

चन्द्रमाबाट पृथ्वीको एकमात्र मानव निर्मित वस्तुको रूपमा त्यसै देखिएको होइन रहेछ भन्ने कुरा यस नियात्रामा उल्लेख गरिएको छ । ग्रेटवालको अवलोकन पश्चात् टोली स्याउ बगैंचा हुँदै आफ्नो बास बस्ने स्थानमा फर्कन्छ । बेइजिङतर्फ प्रस्थान गरेको टोली त्यहाँबाट फर्डिबन सिटी अर्थात बेइजिङको प्रख्यात निषेधित सहरतर्फ अगाडि बढ्दछ । मिङ र चिङ राजवंशको शासनकालमा बनेको यस सहरमा राजवंशहरूले करीव ६०० वर्षसम्म शासन गरेका रहेछन् । यस सहरको पहिलो घरमा युद्ध सामग्रीहरू, दोस्रो घरमा सैनिक भेषभूषा, धुनष वाण र युद्धघोष गर्ने शंख आदि राखिएको, तेस्रो घरमा युद्धवाजाहरू, चौथो घरमा गुरु योजना सम्बन्धी विस्तृत चित्रहरू र स्ट्रक्चर प्लानहरू पाँचौ घरमा राज्यकोषका बारेमा वर्णन प्रदर्शित गरिएको, छैटौं घरमा महत्त्वपूर्ण पुस्तकहरू र लालमोहरहरू, सातौं घरमा शाही सदस्यहरूले प्रयोग गर्ने औषधी र भाँडाकुडाँहरू, वैज्ञानिक उपकरणहरू आदि राखिएको यात्राटोलीले प्रत्यक्ष अवलोकन गर्दछ । यसका साथै विभिन्न कुराको अवलोकन पश्चात् यात्राटोली बेइजिङको स्टेशन सँगै रहेको ‘बेइजङ जुवा मिङ सु’ होटलमा पुग्दछ र पुनः बेइजिङबाट रेलमा ल्हासातर्फ प्रस्थान गर्दछ । बेइजिङबाट हिँडेको ४७ घण्टामा यात्राटोली ल्हासा टर्मिनलमा पुग्दछ ।

यात्राटोलीको पोताला दरवारको अवलोकन गर्ने कार्यक्रम रहेको छ र सोही अनुरूप टोली सुरक्षा जाँचका लागि बनाइएको नयाँ खण्डको मेटल डिटेक्टर जडित गेटमुनिबाट छिरेर विशाल ढुङ्गे पर्खाल चढ्दछ । प्रत्येक २० मिनेटको अन्तरालमा १०० जनालाई प्रवेश दिइने यो दरवार सातौ शताब्दीमा सुङचङ गम्पोका पालमा बनेको हो । दरवारको मूल संरचनालाई रातो र सेतो दरवार गरी दुई भागमा विभाजन गरिएको तेह्र तले यो दरवारको उचाइ ११५.७०३ मिटर रहेको छ । टोलीले दरवारका विभिन्न आवास कक्षहरू मन्दिरहरू, समाधि स्थलहरू, भिक्षुहरूका लागि सामुहिक बसोबास क्षेत्र रहेको स्थानहरूको अवलोकन गर्दछ । यात्राटोली ल्हासाबाट सिगात्से, ‘तोफुल’, पास, ‘ग्याछोला’ पास हुँदै सेगारमा बास बस्न पुग्दछ । सेगारबाट विहान चोयुको आधारशिविर जाने योजना सहित टोली ४७५० मीटरको उचाइमा रहेको आधारशिविरमा पुग्दछ । मौसमले साथ नदिएका कारण आधारशिविर पुगेर पनि चोयु

हेर्न नपाई फर्केर 'थिङरी' भन्ने ठाउँमा पुग्दछ । यात्राको क्रम चलिरहेकै छ यात्राटोली 'थुङ्ला' पास (५१२४ मी.) न्यालम (३७०० मी.) हुँदै जाङ्मू अर्थात 'खासा' मा बास बस्न पुग्दछ । त्यही रहँदा टोलीले डा. हर्क गुरुङ सहित २४ जना संक्षणविद्हरू चढेको हेलिकोप्टर ताप्लेजुङमा हराइ रहेको समाचार सुन्छन् । सबैजना निराश बन्दछन् । बेलुका आङ छिरिङलाई कुनै आफन्तले फोन गरेर हेलिकोप्टरलाई संकटकालीन रूपमा कतै खेतमा अवतरण गराइएको र सबै यात्रीहरू सकुशल रहेको बताउँछन् । विजय गुरुङलाई पनि यस्तै फोन आएपछि उनीहरू निकै खुशी हुन्छन्  र रमाइलो गरी खानपान गर्दछन् त्यो रात । भोलिपल्ट विहान टोली नेपाल प्रवेश गर्छ । उनीहरू गाडीमा देश विकासका कुरा, नेपाली काङ्ग्रेस, नेकपा (एमाले), माओवादीको भूमिकाका बारेमा चर्चा, नेपाल बन्द, चक्काजाम आदिका बारेमा चर्चा परिचर्चा गर्दै वाह्रविसे हुँदै अगाडि बढ्दैछन् । यत्तिकैमा आङछिरिङ शेर्पाको मोवाइलमा पुनः फोन आयो उही हेलिकोप्टर दुर्घटनाको । सुनेर पनि असत्य ठान्दै चित्त बुझाइसकेको कुरो फेरी सत्यमा परिणत भएको छ । ताप्लेजुङमा भएको दुर्घटनामा नेपाली संरक्षण आकाशका सबै मूर्धन्य नक्षत्रहरूले अकालमै ज्यान गुमाइसकेका छन् । उक्त दुर्घटनामा वन विभागका महानिर्देशक शरद कुमार राई, नेपालको हिलो पर्यटन मन्त्री योजनाविद्, भूगोलविद् र अनन्त ज्ञानका अजस्र स्रोत डा. हर्क गुरुङ, वन तथा भू - संरक्षण राज्य मन्त्रीको रूपमा कार्यरत रहेका गोपाल राई तथा धर्मपत्नी मीना राई, विश्व वन्यजन्तु कोष नेपाल (WWF Nepal) को प्रमुखको रूपमा कार्य गर्दै आएका डा. चन्द्रप्रसाद गुरुङ, अन्तराष्ट्रिय प्रकृति संरक्षण संघको गैंडा विशेषज्ञ समूहका सहअध्यक्ष तथा चितवन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक भएर राष्ट्रको सेवा गरेका डा. तीर्थमान मास्के, वातावरण तथा वन विषयक कार्यक्रमहरूको विशेषज्ञका रूपमा कार्यरत डा. विज्ञान आचार्य, वन तथा भू- संरषण मन्त्रालयको कायमुकायम सचिव डा. दामोदर प्रसाद पराजुली, राष्ट्रय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको रूपमा कार्यरत नारायण प्रसाद पौडेल, संरक्षणविद मिङमा नोर्बु शेर्पा, सन् १९७७ देखि WWF Nepal मा कार्यरत येशी छोदेन लामा, फिनल्याण्डको कार्यवाहक राजदूतको रूपमा समेत कार्यरत रहेका काठमाडौं स्थित फिनिस दूतावासका पाउली एन्तेरो मुस्टोनेन WWF UK को कार्यक्रम निर्देशकको

रूपमा रही १०० भन्दा बढी मुलुकमा सेवा पुऱ्याइ सकेका स्वीजरल्याण्ड निवासी डा. जिलियन बोलिङ स्कलाफ्फेर, WWF-US सँग सम्बन्धित रही सन् २००६ देखि नेपालमा कार्यरत म्याथ्यु प्रिस, सन् २००५ देखि USAID काठमाडौंमा डेपुडी मिसन डाइरेक्टरको रूपमा कार्यरत मार्गरेट अलेक्जेन्डर WWF NePal को महत्त्वपूर्ण विशेषज्ञका रूपम कार्यरत जेनिफर हेडले, कंचनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का अध्यक्ष श्री दावा छिरिङ, नेपाली टेलिभिजनका उत्साही एवम् प्रखर युवा पत्रकार हेम भण्डारी, युवा क्यामेराम्यान सुनिल सिंह, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य विजय श्रेष्ठ, विमान चालकद्वय मिङ्मा शोर्पा र भालेरी स्लाफ्रोनोभ तथा जहाजका दुईजना कर्मचारी गुरुवर तन्दुवाल र किम क्लीम समेत गरी जहाजमा रहेका सबै अर्थात चौविसै जनाले ज्यान गुमाएका छन् । यही हेलिकोप्टरमा चद्न हिडिसकेको मान्छे तर आफ्नै कारणले गर्दा बीचबाटोबाटै फर्केका कर्ण शाक्य मात्र यो क्षेत्रको सम्पत्तिका नाममा जीवित रहेको कुरा पनि यहाँ उल्लेख गरिएको छ । यसरी अत्यन्तै दुःखी मुद्रामा यात्राटोली काठमाडौं आइपुगेको छ । मृतकहरूको आत्माले चीर शान्ती पाओस् भन्दै नियात्राकार पनि घरतर्फ लाग्छन् ।

यसरी सुदख आरम्भ भएको प्रस्तुत चीनको विचित्र चित्र नियात्राको विषयवस्तु दुःखद् अन्तमा पुगेर समाप्त भएको छ ।

### ४.४.२ भाषाशैली

'चीनको विचित्र चित्र' नियात्रामा विवरणात्मक एवम् वर्णनात्मक शैलीको प्रयोग भएको छ । नियात्राको प्रमुख तथा केन्द्रीय पात्रका रूपमा स्वयम् नियात्राकार रहेको यस नियात्रामा नियात्राकारले नेपाल पर्वतारोहण संघका पदाधिकारीहरूसहित एशियाली अल्पाइन एसोसिएसनहरूको संगठनको बैठकमा भाग लिन जाने क्रममा काठमाडौं देखि चीनको राजधानी वेइजिङसम्मका सम्पूर्ण घटनाक्रमको वर्णन गरेका छन् । नियात्रामा इन्ट्री पोष्ट, सुटिङ, हेलिकोप्टर, हट स्प्रिङ, भ्यू टावर, फोटोग्राफर, इमिग्रेसन, पासपोर्ट, रङ साइड, डिजाइनर, हर्न, रुम -पार्टनर, ग्राभेल, रिपोर्ट, चेकपोष्ट, क्याम्प, क्रंकिट ब्लक, ड्राइभर्सन, टेम्पल, साइट-सिइङ्ग, होडिङ बोर्ड, प्रिफेक्चर, टर्मिनल,

प्लेटफर्म, स्लिपिङ, वर्थ, टुथ पिक, डेविड कार्ड, फ्याक्ट्री, डिस्प्ले बोर्ड, ट्रेनिङ सेन्टर, टेन्डर, फर्माइस, सपिङ, कम्प्लेक्स, जस्ता अङ्ग्रेजी शब्दका साथै सुन्दर गृह, दृश्य, उद्घोष, ग्रहण, प्राङ्गण अतिथि स्वागतद्वार, समाधि स्थल, ब्रह्मपुत्र, स्वतः विभूति, अग्रणी, मन्त्रमुग्ध, चञ्चल, मृत्युदण्ड, प्रपञ्च, दुर्लभ, सर्वोच्च, उद्दण्ड, संभ्रान्त, अनादर, नृत्य, काष्ठ मातृभूमि जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ । तापनि नियात्राको भाषाशैली सरल, सहज, बोधगम्य छ । यस नियात्रामा चिंरौ, चुरौ, न्युरौ, ङला ध्यू मे जस्ता तिब्बती शब्दहरूको पनि प्रयोग भएको छ । त्यस्तै मातापिताको आशिर्वाद सहित नेपाली ट्रकको पछाडि हिन्दीमा लेखिएको कुरा नियात्रामा प्रयोग गरिएको छ जस्तै

'चल्ती है गाडी उडती है धूल
जलते है दुश्मन खिलते है फूल'

यस्ता भनाइले नियात्रा अझ बढी रोचक एवम् आकर्षक बनेको छ । प्रस्तुत नियात्रामा कही कतै प्रश्नोत्तरात्मक भावनात्मक शैलीको पनि प्रयोग गरिएको छ भने गीतहरूको प्रयोग पनि गरिएकाले नियात्रा लयात्मक बनेको छ ।

नियात्रामा 'भोक न भकारी शोक न सुर्ता', 'अल्छे तिघ्रो स्वादे जिव्रो' जस्ता टुक्काको प्रयोग गरिएको छ । जसले नियात्रालाई आकर्षक गराएको छ । तँ चिता म पुऱ्याउँछु भन्ने भनाइले नियात्रालाई जीवन्त बनाएको छ ।

### ४.४.३ उद्देश्य

प्रस्तुत नियात्राको मुख्य उद्देश्य एशियाली अल्पाइन एसोसिएसनहरूको संगठनको सम्मेलनमा भएको सम्पूर्ण कुराको जानकारी आमपाठक समक्ष पुऱ्याउनु रहेको छ । त्यस्तै पाठकलाई तातोपानी भन्सारको बारेमा जानकारी दिनु, चीनमा 'राइट ह्याण्ड ड्राइभ' चल्ने कुराको अवगत गराउनु र यात्राका क्रममा पुगेका सम्पूर्ण ठाउँको नामसहित त्यहाँको रहन सहनबारे जानकारी प्रस्तुत गर्नु यस नियात्राको उद्देश्य रहेको छ । यात्राकै क्रममा देखिने सुन्दर हिमालहरूका बारेमा जानकारी दिनु पनि यसको उद्देश्य देखिन्छ । मैत्रेय बुद्धको बसेको आसनमा रहेको संसारको

हालसम्मको सबैभन्दा अग्लो मूर्ति भएको ठाउँ 'टासीलुम्बु' गुम्बाको बारेमा अवगत गराउनु र नेपाली छोरी रष्टिय विभूति एवम् माइती देशको सुरक्षाका लागि आफ्नो छातीमाथि ढुंगा राखेर परदेशमा सिँगै जुनी विताएकी नेपाली चेली भृकुटीका बारेमा पाठक समक्ष जानकारी पुऱ्याउनु प्रस्तुत नियात्राको उद्देश्य रहेको छ । त्यस्तै तिब्वतको परिचयको पर्याय पोताला दरवारको बारेमा जानकारी दिनु, ल्हासादेखि बेइजिङसम्म चल्ने संसारको सबैभन्दा उचाइमा जाने रेलको बारेमा जानकारी दिनु पनि नियात्राको उद्देश्य रहेको छ । संसारका सात महान आश्चर्यभित्र पर्ने चन्द्रमाबाट पृत्वीको एकमात्र मानव निर्मित वस्तुको रूपमा देखिने ग्रेटवालको बारेमा पाठकलाई जानकारी दिनु, चोमोलाङमा र पोताला दरवारका बारेमा जानकारी दिनु पनि यस नियात्राको उद्देश्य रहेको छ । चोयुको आधारशिविरका बारेमा जानकारी दिनु पनि यसको उद्देश्य देखिन्छ । समग्रमा यस नियात्राको मुख्य उद्देश्य चीन भ्रमणका क्रममा भएका सम्पूर्ण घटनाहरूका साथै चीनिया भूमिको प्राकृतिक, भौगोलिक, साँस्कृति पक्ष एवम् त्यहाँको चालचलन आदिका बारेमा पाठकसमक्ष जानकारी पुऱ्याउनु रहेको छ ।

## ४.५ पाइतलाका छापहरू नियात्राको विश्लेषण

'पाइतलाका छापहरू' नियात्रा वि.सं. २०६६ सालमा प्रकाशित भएको हो । यस नियात्रामा 'पूर्वदर्शन', पश्चिमदर्शन र हिमालदर्शन गरि तीन खण्ड रहेका छन् । २०५७ मङ्सिर मा गरिएको 'पूर्वदर्शन' २०५७ चैतमा गरिएको पश्चिम दर्शन र २०६४ कार्तिकमा गरिएको हिमाल दर्शन' यात्रालाई विषयवस्तु बनाइएको यस नियात्रामा तीन खण्डमा २८ नियात्रा सङ्कलित छन् । जसमध्ये पूर्व दर्शन खण्डमा १३ शीर्षक क्रमशः सोलुमाथि एक नजर, सल्लेरीदेखि ओखलढुङ्गासम्म आँखाभरिको ओखलढुङ्गा, हलेसी जाने बाटोमा, हलेसी गुफाभित्र, दिक्तेलतिर लम्कँदै निर्मलीडाँडाको निर्मली बास, 'कर्ममन्दिर' का केदार अधिकारी, भोको भोजपुर, दिङ्ला जाने पाइलाहरू, सुकुवाको त्रासदेखि खाँदबारीको आससम्म, अरूणको तिरैतीर, तेह्रथुमको सरकारी सिट रहेका छन् । पश्चिमदर्शन खण्डमा ६ शीर्षक क्रमशः दैलेखतिरको बाटोमा, हिमालको आँशु नेवानिको गाउँमा, चौरजहारी, त्रास र कृष्ण प्रसाद, सल्यानका गाउँहरूमा, भेरीको तीरैतिर, दिउँसै चल्ने रात्रिबस र 'हिमाल दर्शन' खण्डमा ५ शीर्षक क्रमशः फेरी

हिमालतिरै आँखाभरिको नाम्चेबजार, तेङबोचेको चिसो रातसँगै पाङ्बोचेको एक रात, आमादब्लमको आधारशिविरमा रहेको छन् । समग्रमा यिने शीर्षकहरूलाई विषयवस्तु, भाषाशैली र उद्देश्यका बारेमा संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.५.१ विषयवस्तु

तीन खण्डमा विभाजित यस 'पाइतलाका छापहरू' नियात्रामा नियात्राकार र केन्द्रीय धनादेश कार्यालयका कम्प्युटर अपरेटर शान्तप्रसाद भूजूजी काठमाडौंको विमानस्थलबाट एति (यति) एअरलाइन्समार्फत फाप्लु विमानसस्थलमा अवतरण गरेका छन् र पूर्वदर्शन खण्डको विषयवस्तु पनि अगाडि बढेको छ । फाल्लुबाट हुलाकका सहलेखापाल सोमप्रसाद आचार्य, एलडिओ महेन्द्र गुरागाइँ सहितको यात्रा टोली जिल्ला हुलाक कार्यलय हुँदै सल्लेरी बजार पुग्दछ । सल्लेरीबाट टोली ओखलढुङ्गातर्फ प्रस्थान गर्दछ । टेकबहादुर कटुवालसहित अगाडि बढेको यात्राटोली 'हाट' भनिने नयाँ बजार पुग्दछ । वरिपरि घरहरूले घेरिएको एउटा ठूलो गोलाकार ठाउँमा प्रत्येक शनिवार हाट लाग्ने यसको विशेषता रहेछ । खोल्साहरू तर्न बनाइएका बार नराखिएका प्रशस्तै काठे पुलहरू पार गर्दै टोली नयाँ बजारबाट ढोर्पु, थेलम्बु र गार्मा हुँदै अघि बढिरहेको छ । वरिपरिको पहाड हरियालीयुक्त र बाटोका प्रत्येक घरहरूमा पोलिथिन पाइपबाट पानी खसिरहेको पनि टोलीले देखेको छ । साल्मेमा पुगी नास्ता गरेर अगाडि बढेको टोली पेकरनास, डाँडाखर्क, मुढे, सेतोमाने, हुँदै पत्ताले' भन्ने ठाउँमा खाना खान पुग्दछ । पत्तालेबाट निवृत्त भएर हिँडेको टोली ओखलढुङ्गा जिल्ला प्रवेश गर्दछ र ठाडे' गाउँले सर्वप्रथम टोलीको स्वागत गर्दछ । यात्राटोली 'विरेन्द्रबस्ती' पुगेको छ । त्यहाँ कुनै अर्को ठाउँमा पहिरो पीडित जनतालाई त्यहाँ लगेर बस्ती बसाउन प्लाष्टिकको छानो हालिएका एकैनासका ससाना घरहरू बन्दै छन् । टोली 'चित्रे' 'कमेरे' हुँदै ओखलढुङ्ग पुग्दछ । यात्राटोली गन्तव्यमा पुगेको छ  र हुलाक अधिकृत खड्गबहादुर कार्की, नासु दुर्गाबहादुर खड्का र कुमार कटुवालसँग भेट गरेको छ । राती अबेर ओखलढुङ्गामा बास बस्न पुगेको टोली विहान युगकवि सिद्धचरणको जन्मभूमि ओखलढुङ्गाको वरपरको दृश्यावलोकनमा जुटेको छ । ओखलढुङ्गा बजार एउटा लामो सोतोको रूपमा फैलिएको छ । बजारमै विभिन्न विमान कम्पनीका कार्यालय, सरकारी कार्यालयहरू छरिएर रहेका

ब्लकहरू छन् । आफ्नै नामबाट स्वयम् प्रसिद्ध एवम् जिल्लालाई नै आफ्नो नाम दिन सफल ऐतिहासिक 'ओखलढुङ्गा' को छेउमा पुगेको छ यात्राटोली । ऐतिहासिक ओखलढुङ्गाको छेउँमै सिद्धिचरण उद्यान रहेको छ । सिद्धिचरणको मूर्ति अहिले पनि यही ओखलढुङ्गालाई निर्निमेष हेरेर गम्भीर भावना विचरण गरिरहेभैं लाग्ने गरि उभ्याइएको छ । यात्राटोली अर्कोतिर घुम्न जाने निर्णय गर्छ । गोरुमारेमा एकफन्को मारेपछि टोली पुनः हुलाक डाँडामै पुग्दछ । भोलिपल्ट विहान यात्राटोली ओखलढुङ्गाबाट हलेसीतर्फ प्रस्थान गर्दछ । बाटोभरि हलेसीको मेला भरेर फर्केका मानिसहरूको ताँती लागेको छ । ओखलढुङ्गाबाट अगाडि बढेको टोली खोटाङको 'सल्लेवेंसी, महादेवखोला हुँदै 'गोठगाउँ' को उकालो पार गरी विशाल सल्लाघारीको बीचैबीच हिँडेर हलेसीको मेला लाग्ने ठाउँमा पुग्दछ । मेला लाग्ने ठाउँबाट टोली 'बसाहाथान' गुफातर्फ लाग्दछ । लगभग ५ - ७ हजार मानिसहरू अटाउने अति नै विशाल उक्त गुफालाई शिवनिर्गमन विन्दुको रूपमा श्रद्धा गरिने कुरा 'हलेसीको गुफाभित्र' नियात्रामा यसरी उल्लेख गरिएको छ ।

'पौराणिक कथाअनुसार पार्वतीको सुन्दरताबाट मुग्ध भष्मासुरले महादेवबाटै प्राप्त वरदानको आडमा महादेवकै टाउकोमा हात राख्ने उद्देश्यले लखेट्न थालेपछि पार्वती सहित भागवान् शङ्कर यहीँ आएर लुकेथे रे । पछि भूलवश आफ्नो टाउकोमा आफैले हात राखेर भस्मासुर भष्म भएपछि शिवपार्वतीले पहरो फुटाई यही प्वालबाट निस्केर कैलाशतिर लागेका रे त्यसैले यो प्वाललाई शिवनिर्गमन विन्दुको रूपमा श्रद्धा गरिँदो रहेछ ।

हलेसीको यात्रा पश्चात उक्त टोली खोटाङ जिल्लाको दिक्तेल तर्फ प्रस्थान गर्दछ । हलेसीबाट अघि बढेको टोली ऐसेलुखर्क, मालाथुम्का, अर्खोले, कामीडाँडा, विजुले भञ्ज्याङ राँकेडाँडा, नुनथला जस्ता विभिन्न स्थान हुँदै दिक्तेलस्थित जिल्ला हुलाक अधिकृत हरिकृष्ण तिम्सिनाको घरमा बास बस्न पुग्दछ । अर्कोदिन विहान हरिश्चन्द्र खत्री र कर्णबहादुर खत्रीका साथ यात्राटोली भोजपुरतर्फ अगाडि बढ्दछ । दिक्तेलको ओरालोमा खुसीसाथ आफ्ना आफ्ना पाइतलाका असङ्ख्य छापहरू छोड्दै टोली 'मेवा' खोलातर्फ लम्किरहेको छ । मेवा खोला पार गरेर 'दुम्ली' को उकालो चढिरहेको टोली उकालो सकिएपछि 'चिउरीडाँडा' पुग्दछ । त्यहाँबाट 'दोबेला' पेलुङ हुँदै

हरिश्चन्द्रको घरमा बास बस्दछन् । विहान हरिश्चन्द्रको घरबाट यात्राटोली पुनः अगाडि बढ्दछ । यात्राटोली निर्मली डाँडाको ओरालो झरेर 'साप्सु' खोलाको सानो झोलुङ्गे पुल तरेर साप्सुपारि पुगेको छ । पुलबाटै देखिने एउटा ढुङ्गामा माओवादी पार्टीलाई जिन्दावाद ' भनिएको एक साधारण नारा लेखिएको र त्यो लेख्ने मानिसलाई पुलिसले मारिसकेको कुरा कर्णले सुनाउँछन् । पञ्चायत कालमा राजामाथि बम प्रहार गर्दा पनि यति मान्छे मारिएनन्, जति अहिले २-४ वर्ष भित्रमा मारिए भनी नियात्राकार विरक्त हुन्छन् । यात्राटोली बाजे' को उकालो पार गरी थ्याम्के डाँडा दिल्पानागी हुँदै भोजपुर जिल्ला प्रवेश गर्दछ । भोजपुरको भ्रमणका क्रममा टोली टुँडिखेलस्थित सहिदपार्कमा पुग्दछ । भोजपुरमा जन्मेर मुलुकको माटोका लागि केही दिने सन्दर्भमा प्राणको आहुतिदिन पुगेका सहिदहरू नारदमणि थुलुङ र रामप्रसाद राईका अर्धकदका प्रतिमाहरूलाई राजा त्रिभुवनको प्रतिमाको बायाँ राखेर वरिपरि बगैंचा हुकाईएको सहिद पार्क निकै राम्रो छ । त्यसपछि टोली जिल्ला हुलाक कार्यालय पुग्दछ र कार्यालय कार्यविधिसम्बन्धी, हुलाक बचत बैङ्कको हिसाबमिलान र लेखापालन सम्बन्धी केही औपचारिक र केही अनौपचारिक रूपमा कुराकानी गर्दछन् ।

मङ्सिर १५ गते खगेन्द्र सहित यात्राटोली दिङ्लातर्फ प्रस्थान गर्दछ । पानीट्याङ्की, ह्याङ्थर, हात्तीगौडा हुँदै रमणीय हरियाली छर्ने सल्लाघारी र जता हेर्‍यो उतै पिकनिक स्पटजस्ता देखिने सुन्दर ठाउँहरू पार गर्दै धाराटार, धन्सुरे हुँदै टोली जापानीहरूले बनाइदिएको एउटा सुन्दर स्कुल रहेको ठाउँ धापखर्क पुग्दछ । वनैवनको बाटो हुँदै यात्राटोली 'फालीदोबाटो' भन्ने ठाउँमा हुलाकी सिंहबहादुर तामाङकोमा खाना खाएर पुनः वनकै बाटो हुँदै पहाडको खोचमा रहेको सानो पहाडी बजार दिङला भन्ने ठाउँमा पुग्दछ । एक समयमा बालागुरु षडानन्द अधिकारीको प्रख्यातिसँगै नेपालभरि शिक्षाको सुवास फैलाउन सफल एवम् काठमाडौंको दरवार हाइस्कुल स्थापना हनुभन्दा पनि अगाडि बालागुरुले संस्कृत पाठशाला स्थापना गरेर नेपालकै पहिलो शैक्षिक थलो बन्ने सौभाग्य प्राप्त गरेको त्यो ठाउँ अहिले हरक्षेत्रमा पछाडि परेको छ । दिङ्ला बजारको भ्रमण र बालागुरु षडानन्द अधिकारी सम्बन्धी ऐतिहासिक स्थल एवम् स्मारकहरूको दर्शन, अवलोकन गरिसकेपछि अजङका भीर र पहरा पार गरी डुङ्गा

मार्फत अरूण नदी पार गरेर शङ्खुवासभा जिल्ला पुग्दछ र सतीसाले, छत्रेपाटी, दुङ्गेधारा हुँदै खाँदबारी पुग्दछ । सङ्खुवासभाको तराइ पार गर्दै टोली तुम्लिङटार खहरे, पिलुवा हुदै अरूणको तिरैतिर विभिन्न सुर्तीबारी बैरीनी, ठाडोबास, केवाबेसी गाउँहरूलाई पार गरी घनकुटा पुग्दछ । धनकुटा र भोजपुर जोड्ने अरूण नदीमाथिको नेपालकै सबैभन्दा लामो मानिने झोलुङ्गेपुल हुँदै लेगुवाधाट पुगेको टोली 'माङ्माया' बस्तीमा बास बस्न पुगदछ । विहान झिसमिसेमै टर्चलाइट बाल्दै अगाडि बढेको टोली दियाले, ढिकुरे, पाखीबास पुगेको छ । टोली सैनिक गाडी मार्फत हिले पुग्दछ । हिलेबजारबाट तेह्रथुम जाने बसमा यात्रा गरिरहेको टोली सिधुवावजार, वसन्तपुर, जिरीखिम्ती हुँदै कच्ची, साँघुरो, विपरीत दिशाबाट आएको गाडीलाई साइड दिनसमेत अगाडि पछाडि सरेर ठाउँ खोज्नुपर्ने अप्ठेरो बाटो हुँदै तेह्रथुम पुग्दछ । तेह्रथुम बजार चक्करकै सिलसिलामा प्रजिअ शरदचन्द्र पौडेल, हुलाक अधिकृत जनार्दन भट्टराई र मालपोत अधिकृत रामप्रसाद खतिवडासँग उक्त टोलीको भेट हुन्छ । यात्राटोली कर्मचारी मिलानकेन्द्रले बनाउँदै गरेको 'पाथीभरा देवीको मन्दिर' तर्फ लाग्दछ । तेह्रथुमबाट कसरी पठाउने भन्ने नियात्राकारको प्रश्नमा सिडिओ शरदचन्द्र पौडेलले सरकारी सिट अर्थात उक्त जिल्लामा विमान नचल्ने भएकाले बसमै दुइटा सरकारी सिट राख्ने व्यवस्था मिलाएको कुरा बताउँछन् । बडो रमाइलो तथा एउटा अनुभव हुने भन्दै कुरा टुङ्ग्याउँछन् र बेलुका बास बस्न स्थानीय विकास अधिकारी विष्णुप्रसाद लम्सालको निवासमा पुगेर आराम गरी बस्दछन् र पूर्वदर्शन खण्डको नियात्राको विषयवस्तु पनि समाप्त हुन्छ ।

चैत्र १९ गते नेपालगञ्जको धम्बोजी चोकबाट ६१२ नम्बरको बसमा यात्रा टोली दैलेख तर्फ प्रस्थान गर्दछ र 'पाइतलाका छापहरू' नियात्राअन्तर्गत पश्चिम दर्शन खण्डको विषयवस्त अगाडि बढ्दछ । बस एकै छिनमा कोहलपुर बसपार्कमा पुग्दछ । चलिरहेको बसले च्याँमा' पार गरेर बर्दिया राष्ट्रिय निकुञ्जको बाटो हुँदै अगाडि बढ्दछ । हर्रे पुगेपछि निकुञ्जक्षेत्र सकिन्छ । बस भेरीको पुल पार गरी अगाडि बढ्दछ र सुर्खेत बसपार्कमा पुग्दछ । रानीमत्ता हुँदै अगाडि बढेको गाडी वनभरी गुराँसे र दाउराको रूपमा पनि गुराँसकै काठ प्रयोग गर्ने 'गुराँस' भन्ने ठाउँमा खाना खान पुग्दछ ।

त्यहाँबाट अगाडि बढेको टोली पानी परेर चिप्लो भएको रातामाटे सडकमा सकी नसकी तथा ठाउँठाउँमा हिलो पन्छाउदै, ठाउँठाउँमा हिलोमाथि ढुङ्गा हाल्दै अलिकति अगाडि धकेलिएको उक्त बस हिलोका डोबमा फसेको छ र गाडीका सबै यात्री ओर्लेर धकेल्दा पनि डोबबाट निकाल्न सकिएको छैन् तत्पश्चात् टोली डेढ घण्टाको पैदल बाटो हिँडेर दैलेख बजार पुग्दछ र ना.सु. भोजराज कार्कीको घरमा बासबस्न पुग्दछ । अर्को दिन टोली दैलेखबाट पुनः उही बाटो हुँदै फर्कन्छ । टोली गुराँसे डाँडामाथि निस्कने क्रममा त्यसको फेदीमा पुगेको छ र बाटोमा गाडीको लामो ताँती पनि देखिदैछ । एउटा ट्रक विग्रेर अर्को गाडी छिर्ने ठाउँ नभएको कारण उनीहरू आएको ट्रक पनि त्यहि रोकिन्छ । यात्राटोली आधाघण्टाको पैदल यात्रापश्चात् गुराँसे स्थित 'हिमालय होटल' मा बस्न पुग्दछ । भोलिपल्ट विहान टोली जिल्ला विकास समिति दैलेखको जीप मार्फत नेपालगञ्ज पुग्दछ । नेपालगञ्चबाट विमानमार्फत चौरजहारी जाने योजनाअनुसार टिकट लिएको उक्त टोलीको दुई दिनसम्म उडान रद्द हुन्छ र अन्त्यमा चैत २४ गते विमानमार्फत चौरजहारीको विमानस्थलमा पुग्दछ । एक रात चौरजहारीमा बिताएर टोली जाजरकोट तर्फ जाने तयारीमा जुट्दछ । विमानस्थलछेउकै होटलबाट यात्रा सुरु गरेको उक्त टोली निकै माथि पुगिसकेको छ । विपरीत दिशाबाट हतियारधारी प्रहरीहरूको एउटा ताँती बजारतिर आउँदै छ । यहाँका प्रहरीहरू राती इलाका प्रहरी कार्यालयमा नसुत्ने र जङ्गलतिर कतै अनकन्टार ठाउँमा गएर सुत्ने र विहानै अड्डामा फर्कने गर्दछन् । यात्राटोली सानो सालघारी पार गरी भेरी पुलमा पुग्दछ । भेरी पुल पार गरी टोली जाजरकोट जिल्ला प्रवेश गर्दछ र पहिलो बजार 'मटेला' भन्ने ठाउँमा पुग्दछ । मटेला बाट प्रस्थान गरेपछि टोली 'इबरगाड' को काठे पुल तरेर खलङ्गा गा.वि.स. को 'बोहरगाउँ' पुग्दछ । टोली वनको बीचबाटो हुँदै अगाडि बढेको छ वनको बाटो सकिएपछि टोली एउटा ठूलो चौतारामा पुग्दछ । अगाडि बन्धुकधारी प्रहरीहरूको एउटा सानो समूह उभिएको छ र उनीहरूलाई बाटो छेकेर सोधपुछ गर्दछ । पुलिसहरूसँगको कुरा कानी सकिएपछि अघि बढेको टोली कर्मचारी मिलन केन्द्रले बनाएको प्रवेशद्वारमुनिबाट छिरेर बजार प्रवेश गर्दछ । चैत्र २४ गते को दिन माओवादी पार्टीले नेपाल बन्दको आह्वान गरेको हुनाले बजार भरि हतियारधारी पुलिसको गस्ती देखिएको छ । यात्राटोली जतातत‌ै पुलिसै पुलिस भएको

जिल्ला हुलाक कार्यालय र जिल्ला प्रशासन कार्यालयको दृश्यावलोकन एवम् भेटघाट पश्चात त्यहाँ बस्न त्रासका कारण पुनः चौरजहारी फर्कन्छ ।

चौरजहारीबाट नेपालगञ्ज जाने विमानको टिकट लिएको यात्राटोलीको लगातार तीन दिनको उडान रद्द भएपछि उनीहरू पैदल यात्रामार्फत नेपालगञ्जतर्फ लाग्दछन् । चैरजहारीबाट हिड्न सुरु गरेको टोली लामचौर, थदरा, स्यानीपिप्ली हुँदै कैनडाँडामा बास बस्न पुग्दछ । अर्को दिन विहानै पुनः यात्रा सुरु हुन्छ । टोली गर्चे भन्ने ठाउँमा पुग्दछ । गर्चेबाट अगाडिको बाटो र बाटोमा पर्ने स-साना बस्तीहरू सबै माओवादी पार्टीको पोस्टर र भित्तेलेखनले भरिएको छ । यात्राकै क्रममा राउँचे, नाथेपीपल हुदै सल्लीबजार पुगेको यात्राटोली त्यहाँबाट बसमा यात्रा गरी छिन्चु पुग्दछ । छिन्चुमा विरेन्द्रनगर नगरपालिकाका कार्यकारी अधिकृत तूफानसिंह के.सी.सँग भेट हुन्छ र उनीसहित टोली सुर्खेत लाग्दछ । सुर्खेतबाट कर्णालीका अन्य जिल्लाहरूमा जाने योजना बनाएको टोली हेलिकोप्टरमा जान पाए पनि फर्कन कठिन हुने कुराले कर्णालीतर्फ नगई कोहलपुर, लमही हुँदै घोराही पुग्दछ र जिल्ला हुलाक कार्यालयतिर लाग्दछ । हुलाक कार्यालयमा हुलाक अधिकृत नभेटिएपछि टोली पुनः तलसीपुरतर्फ अघि बढ्दछ । तुलसीपुरमा बास बस्न पुगेको यात्राटोली विहानै खलङ्गातर्फ प्रस्थान गर्दछ । कपुरकोट, लुहामबजार, भोटेचौर, श्रीनगर पुगेको टोली श्रीनगरबाट अर्को गाडी मार्फत सदरमुकाम खलङ्गा पुग्दछ । खलङ्गा स्थित हुलाक कार्यालयमा पुगेको टोली पीताम्वर के.सी. जनक भण्डारी र घमण्ड भण्डारीसँग कार्यालयबारे सामान्य जानकारी एवम् दुर्गा बहादुर गिरी र पोषकरी विष्टसँग वाह्य हुलाकका बारेमा भएको जानकारी पश्चात सल्यानबाट काठमाडौंका लागि छुट्ने रात्री बसमा काठमाडौंतर्फ फर्कन्छन् र नियात्राको विषयवस्तु समाप्त हुन्छ ।

सन् २००७ नोभेम्बर ५ का दिन नियात्राकार र सहयात्री महेशकृष्ण महजृन काठमाडौंको यती एअरलाइन्समार्फत लुक्ला विमान स्थलमा अवतरण गरेका छन्  र प्रस्तुत ‘पाइतलाका छापहरू’ नियात्राअन्तर्गत ‘हिमाल दर्शन’ खण्डको विषयवस्तुले गति लिएको छ । ठमेलको जस्तै दुवैतिर पसल, विक्री हुने चीज र पर्यटकको घुँइचो पनि उस्तै भएको बाटो हुँदै अघि बढेको टोली पासाङ ल्हामु गेट छिरेर ढुङ्गा छापेको

सिंढी हुँदै ठाडो कोसीको घाटबजार पुग्दछ र पुनः अगाडि बद्दछ । दूधकोशीको पूर्वतिरको भीर कपेर र तलतिर सुरक्षाका लागि ग्याबियन जालीको बार लगाइएको साँधुरो बाटो हुँदै टोली हिमालयन चेन रिसोर्टमा वास बस्न पुग्दछ । सहयात्री प्रेमनारायण पन्थी र भरिया रामबहादुर सहितको टोली बाटोभरि बौद्धमार्गीहरूले श्रद्धासाथ पवित्र श्वलोकहरू कुँदेर चढाएका चेप्टाचेप्टा ढुङ्गाका रासहरू हेर्दै बेनकर पुग्दछ । वनक्षेत्रको बाटो हुँदै चुमोआ बाट अघि बढेको टोली मोन्जु जहाँका सबै घरका छानमा पारदर्शी पाता राखेर उज्याला बनाइएको छ त्यहाँ पुग्दछ र मोन्जुबाट अघि बढेर सगरमाथा राष्ट्रिय निकुञ्जको चेक पोइन्ट गेटबाट पार भएर पारिपट्टि अविराम खसिरहेको छहरा हेर्दै जोरसल्ले पुग्दछ  यात्रा पुनः अगाडि बद्दछ । यात्राटोली दुधकोशीमाथि बनेको झोलङ्गे पुल पार गर्दछ र नाम्चेबजार पुग्ने योजना अनुरूप ठमेलका सबै विशेषता मिल्ने नाम्चेबजार पुग्दछ । त्यहाँ तिब्बतीहरूले 'नाङपाला' बाट ल्याएका सामानहरूको व्यापार गर्दछन् । काठमाडौंमा पर्ने मूल्य भन्दा त्यहाँ धेरै सस्तो मूल्यमा सामान पाइन्छ । यात्राटोलीले पनि आफूलाई आवश्यक सामनहरू किनेर सगरमाथा प्रदूषण नियन्त्रण समितिको अफिस तर्फ लाग्छन् ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक केशव कार्कीसँगको भेटघाटपछि पुनः सगरमाथा प्रइषण नियन्त्रण समितिको अफिसमा फर्केको टोली आफ्नो यात्रालाई अगाडि बढाउँछ । यात्राकै क्रममा नियात्राकारका आफ्नै शाखा अधिकृत रमेश के.सी.सँग भेट हुन्छ, ङवाङ योन्देन शोर्पासँग पनि घेट हुन्छ । उनीहरूसँग भएको एकछिनको कुराकानी पश्चात् पुनः यात्रा अघि बढ्दछ । समग्र खुम्बुक्षेत्रको जीवनस्तर उकास्न महामना एडमण्ड पर्सिमिल हिलारीद्वारा थिापित 'हिमालयन ट्रस्ट' अन्तर्गतको 'फरेस्ट्री फाउण्डेसन' का फरेस्ट सुपरभाइजर रणजित गुरुङसँग पनि उनीहरूको भेट हुन्छ । रणजित संग कुराकानी गर्दै टोली सनासा पुग्दछ र पुनः अगाडि बढ्दछ । गुराँस र भोजपत्रका रुखहरू मिसिएको फराकिलो र सुन्दर बनको बाटो हुँदै लौसासा पुगेको टोली आमादब्लाम (६८१२ मी.), थामसेर्कु हिमालको पूरै श्रृङ्खला (६३४१ र ६६१८ मी.), काङगेटेमा (६७८३ मी.) हिमालको दृश्यावलोकन गर्दै एवम्र एक किसिमका हरिया रेसाका गुच्छाहरू झुलिरहेका सल्लाका रुखकहरूको बाटो हुँदै दुधकोशीको पुल

पार गरेर गुराँस र सल्लाको प्राकृतिक बगैचाको बीचको उकालो चढेर तेङबोचे पुग्दछ । यात्राटोली पूर्ण नाम 'थ्याङचे दोङगाक धाम्चोक छोलिङ गुम्बा' रहेको तर सामान्य बोलीचालीको भाषामा 'तेङ्बोचे गुम्बा' भनिने गुम्बाको दर्शनमा जुटेको छ । उक्त ठाउँबाट आमादब्लम, नुप्से, सगरमाथा, थामेर्सेकु, काङगटे हिमालहरूको अवलोकन पनि टोलीले गरेको छ । सो दिन तेङबोचेमै बास बसेको टोली अर्को दिन विहान दिबुचे, मिलिङ्गो हुँदै पाङबोचेमा बस्न पुग्दछन् । हिमालतिर जाँदा विस्तारै हिँड्नुपर्ने, एकदिनमा ५०० मिटरभन्दा माथि जान नहुने र १०० मिटर नाघेका ठाउँमा दुई रात बिताउनुपर्ने भएकाले  यात्राटोलीको विहान ११ बजे नै बास बस्ने ठुङ्गो लागेको छ । दिन प्रशस्तै बाँकी रहेको हुनाले आमादब्लमको आधार शिविरमा जाने सल्लाह गरेको टोली मौसमले साथ नदिएपछि त्यहाँ जान सक्दैनन् र श्रीदेवा होटल एण्ड लजका मालिक तथा यही लजकी मालिक्नी टासीका दाई छिमिदोर्जे शोर्पा आङपासाङ शेर्पा सहितका अरू व्यक्ति तथा यात्रामा संलग्न टोलीसहित रमाइलो गरेर त्यही बस्दछन् । सगरमाथा प्रदूषण नियन्त्रण समितिको भूमिकाका बारेमा, नेपाल पर्वतारोहण सङ्घको स्थापना गर्नुपर्ने उद्दार कोषका बारेमा, पर्यटक सूचना व्यवस्थापन प्रणालीका बारेमा सगरमाथाको आइसफलमा बाटो बनाउने विषयका बारेमा एवम् यस्तै प्रकृतिका अन्य विषयमा पनि उनीहरू कुराकानी गर्दछन् ।

भोलिपल्ट विहान यात्राटोली आमादब्लमको आधार शिविरतर्फ प्रस्थान गर्दछ । बाटो भरि ठूला ठूला काला ढुङ्गा छरिएका छन् । एकतमास एवं भद्रशैलीको उकालो चढ्दै छ टोली त्यतातिर शेर्पाहरूको पर्वतारोहणको याम सुरु भएपछि सिङ्गो रुखै काटेर त्यसमा ध्वजापताका चढाएर लिङ्गो ठड्याएझैं गाड्ने चलन रहेको छ । सोही बमोजिमको दृश्य हेर्दै अघि बढेको टोली निरन्तरको उकालो पार गरेपछि आमादब्लाम बेसक्याम्प पुग्दछ । ४५७६ मिटर उचाइमा मात्र भएकाले त्यहाँ लेक लाग्ने सम्भावना अरू हिमालहरूका तुलनामा न्यून छ । बेसक्याम्पमा निकै चहलपहल छ । २५-३० वटा पालहरू टाँगिएका छन् । 'माउन्टेन एक्स्पेरिएन्स' ग्रुपका सरदार जाङ्बु शेर्पाले उनीहरूलाई स्वागत गरेका छन् । कुराकानीका क्रममा जाङ्बुले लेखकका बारेमा आफूलाई सबै थाहा भएको र पर्वतारोहण शाखामा बसेर पदयात्रा पर्वतारोण र उच्च

हिमाली भेगमा काम गर्ने कामदार समुदायको उन्नतिका लागि गरेको काम अहिलेसम्म कसैले पनि नगरेको बताउँछन् । यस्तै कुराकानीका साथसाथै भोलि विहान साथीहरू माथितिर जानेकुरा पनि थाहा हुन्छ । विहान टेन्टवाहिरू जमिनमा झन्डै १ फिट उचाइको हिउँ जमेको छ । माउन्टेन एक्स्पेरियन्स प्रा.लि. ले पठाएका १० जना नर्वेली नागरिकहरू पनि माथि जाने तयारीमा जुटिरहेका छन् । आफ्नो हिमाललाई माया गरेर समुद्रपारिबाट आरोहणका लागि आएका पर्वतारोहीहरूलाई कोही विरामी नहोओस् आफ्नो अभियानमा सफल होउन भनेर लेखकले कामना गरेका छन् । उनीहरूको रुचिले गर्दा गरिब मुलुकको अर्थतन्त्र धानिएको कुरा बुझेर आफूले लामो प्रयत्न पछि सबै हिमालहरूमा लागू हुने गरी वसन्त, शरद, शिशिर र वर्षा ऋतुका लागि वेग्लाबेग्लै सलामी दस्तुर कायम गर्ने व्यवस्था, त्यही छुट सलामी दस्तुरलाई पनि आरोहीको सङ्ख्याअनुसार खण्डीकरण हुने व्यवस्था, मध्यपश्चिम र सुदुर पश्चिममा अवस्थित हिमचुलीहरूको हकमा पाँच वर्षसम्म रोयल्टी नै नलिने व्यवस्था, उच्च हिमाली भेगमा काम गर्ने कामदारहरूको उद्धारका लागि 'जीवनोद्वार कोष' को स्थापना, प्रथम आरोहीहरूलाई सम्मान गर्न लुक्ला विमानस्थलको नाम 'तेन्जिङ - हिलारी विमानस्थल' मार्ग नामकरण गरेको कुरा यस नियात्रामा उल्लेख गरेका छन् ।

यात्राटोली जाङ्बुसँग बिदा माग्दै पाङबोचेको लजमा बसेर आरोहण दलको प्रतीक्षा गर्ने कुरा बताएर वरिपरिका हिमालहरूको दृश्यावलोकनमा रमाउँदै पाङबोचे पुग्दछ र काठमाडौं पुग्ने सपनामा हराउँदा हराउँदै नियात्राको विषयवस्तु समाप्त हुन्छ ।

## ४.५२ भाषाशैली

पूर्वदर्शन, पश्चिमदर्शन र हिमालदर्शन गरी तीन खण्डमा विभाजित प्रस्तुत 'पाइतलाका छापहरू' नियात्रामा नियात्राकारले उक्त तीनै खण्डको यात्राका क्रममा आफूले प्रत्यक्ष दृश्यावलोकन गरेका विभिन्न स्थानको संस्कृति, प्रकृति, रहनसहन, भूगोल आदिका बारेमा सरल, सहज ढङ्गले वर्णन गरेका छन् । नियात्रामा वर्णनात्मक,

विवरणात्मक शैलीको साथै प्रश्नोत्तरात्मक शैलीको पनि प्रयोग भएको छ । कथ्य भाषाको पनि प्रयोग भएको नियात्राको भाषाशैली सहज बोधगम्य, सरल छ ।

नियात्रामा अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ जस्तै : यती एअरलाइन, रिल, लोड, क्यामेरा, काउन्टर, बोर्डिङ पास, रेलिङ, स्टल, टर्चलाइट, ब्लक, प्रोसेसन, हेल्पिङ ह्यान्डस्, हेभी इक्विपमेन्ट, रेस्पोन्स, ग्यारेन्टी, ड्यु, टेक्निकल, इन्चार्ज, कन्फर्म, डिले सेडयुल, कल्भर्ट, स्टाफ, ग्राभेल, कम्प्लेक्स, टर्मिनल, अर्डर, होटल, रेस्टुरेन्ट, वार, रिसोर्ट फरेस्ट, सुपरभाइजर, गेस्ट हाउस, ट्रेकिङ ग्रुप, ब्रेकफास्ट, सन क्रिम, कोल्ड लिपगाई, अल्टिच्यूड सिकनेस डायभर्सन, स्ट्यान्डर्ड आदि । त्यस्तै तत्सम शब्दहरू पनि प्रयोग भएका छन् जस्तै : वन्दना, स्वयम्, दर्शनीय, उद्घोष, हस्तान्तरण, अन्ततोगत्वा, जीवन्त, अवशेष, निवृत्त, सुन्दर, दृश्यावलोकन, प्राङ्गण, ग्रहण, चन्दन, निःस्वार्थ, सुरम्य, रमणीय, निमन्त्रणा, सिद्धपुरुष, दर्शन जलराशी, पद्माशन, गृह, श्लोक, उदरस्थ, शयनकक्ष, स्वर्गीय स्तरोन्तति, जीवन्त आदि । यी शब्दहरूको प्रयोग भएपनि नियात्राको भाषाशैली सरल र बोधगम्य नै छ ।

यस नियात्रामा 'काम साँची आफैलाई खान साँची अर्कालाई', एउटा विराउने सारा पिराउने' जस्ता भनाइहरूको प्रयोग भएको छ । 'अन्याय सहनु अन्याय गर्नुभन्दा पनि ठूलो अपराध हो' भन्ने भागवान् बुद्धको भनाइ पनि नियात्रामा उल्लेख गरिएको छ । 'नदेखुन्जेल को हो को हो देखेपछि मायामोह' भन्ने उखानको पनि प्रयोग गरिएको यस नियात्रामा 'दैलेखलाई बाटो, सुर्खेतलाई माटो' भन्ने पश्चिमतिर प्रचलित उक्तिको पनि प्रयोग गरिएको छ । यस नियात्रामा नाम्चेबजार स्थित आमादब्लम लज एण्ड रेष्टुरेण्टकी साहुनीले बोलेको भाषालाई जस्ताको तस्तै प्रयोग गरिएको छ : 'राति सुत्नु मात्रै आउने तर आरु बेपार नगर्ने हो बाने त मालाई पटक्कै मन पर्दैना है ... ।' यो यास्पिसि सीले जाइले पनि यास्तै गार्छ । पैसा खर्च नागर्ने मुन्छे मात्र पाठाउँछ हाम्रो मा । मलाई त नेपाली मुन्छे मनै पर्दैना र पैसै खार्च गर्दैना । सुत्ने मात्तै मुन्छेले लज ओगटयो बाने कसरी बेपारहुन्छ ?' नियात्रामा विभिन्न गीतहरूको पनि प्रयोग गरिएको छ । यस्ता भनाइ, उक्ति एवम् गीतको प्रयोगले नियात्रा काव्यात्मक, लयात्मक तथा आकर्षक बनेको छ ।

### ४.५.३ उद्देश्य

प्रस्तुत 'पाइतलाका छापहरू' नियात्राको उद्देश्य नियात्राकार आफूले पूर्व पश्चिम र हिमालका विभिन्न स्थानहरूमा गरेको यात्राको क्रममा भएका घटनाहरूको यथार्थ जानकारी पाठकसमक्ष पुऱ्याउनु रहेको छ ।

प्रस्तुत नियात्राको पूर्वदर्शन खण्डको मुख्य उद्देश्य सोलुदेखि यात्रा प्रारम्भ गरी तेह्रथुमसम्म भएको यात्राको वृत्तान्त पाठकसमक्ष प्रस्तुत गर्नु रहेको छ । युगकवि सिद्धिचरणको जन्मभूमि ओखलढुङ्गाको बारेमा जानकारी प्रस्तुत गर्नु यस नियात्राको उद्देश्य रहेको छ । त्यस्तै हलेसी गुफाको बारेमा जानकारी दिनुका साथै दिक्तेल, भोजपुर, खाँदबारी, तेह्रथुमका बारेमा जानकारी दिनु एवम् उक्त स्थानका भौगोलिक, साँस्कृतिक आदि पक्षका बारेमा जानकारी दिनु तथा उक्त स्थानको भ्रमणका क्रममा देखिने मनोरम दृश्य र अनेकौं गाउँ ठाउँका बारेमा देखेका घटनाहरूलाई यथार्थ रूपमा पाठकसमक्ष प्रस्तुत गर्नु यस नियात्राको उद्देश्य रहेको छ ।

प्रस्तुत नियात्राको पश्चिमदर्शन खण्डको मुख्य उद्देश्य आफूले यात्रा गरेका क्रममा घटेका घटनाहरूको जानकारी पाठकहरूसमक्ष प्रस्तुत गर्नु रहेको छ । नेपालगञ्जबाट काठमाडौं उड्ने विमानको मात्र ग्यारेन्टी भएको र अन्यत्र उडेने विमानको लागि नेपाल वायुसेवा निगमलाई ढोग्नुपर्ने यथार्थ जानकारी पाठकसमक्ष पुऱ्याउनु पनि यस नियात्राको उद्देश्य रहेको छ । चौरजहारी विमानस्थलका बारेमा जानकारी दिनु, जाजरकोटतर्फको यात्रामा माओवादी र प्रहरीबीच हुने भीडन्तको त्रास एवम् नेपालको राजनैतिक गतिविधिबारे जानकारी दिनु, हुलाक कार्यलय पूरै पुलिसको कब्जामा रहेको जानकारी दिनु एवम् जिल्ला प्रशासन कार्यालयको बारेमा जानकारी दिनु यस नियात्राको उद्देश्य देखिन्छ । सल्यानका गाउँहरूका बारेमा अवगत गराउनु, त्यहाँ स्थित खोला नाला, डाँडाकाडाका बारेमा जानकारी दिनु, जाजरकोट, रुकुम र सल्यानका लागि खच्चरद्वारा सामान दुवानी गर्ने कुराको जानकारी दिनु र सल्यान स्थित क्षेत्रीय हुलाक दिर्नेशनालयका बारेमा जानकारी दिनु यस नियात्राको उद्देश्य रहेको छ ।

प्रस्तुत नियात्राको हिमाल दर्शन खण्डको मुख्य उद्देश्य नियात्राकारले आमादब्लम आधारशिविरसम्म गरेको यात्राको सम्पूर्ण जानकारी पाठकसमक्ष प्रस्तुत गर्नु रहेको छ । नाम्चेबजारका बारेमा जानकारी दिनु, सगरमाथा प्रदुषण नियन्त्रण समितिले गरेको सद्भावका बारेमा जानकारी दिनु, तेङबोचे गुम्बाको बारेमा जानकारी दिनु तथा यात्राका क्रममा देखिने सुन्दर हिमालहरूका बारेमा जानकारी दिनु यस नियात्राको उद्देश्य हो । सर्वोच्च शिखर सगरमाथाको जानकारीका साथै आमादब्लामको आधारशिविरका बारेमा जानकारी दिनुका साथै उक्त शिविर सम्म पुग्दा हुने अप्ठेरो, दुःख कष्ट, हिमपहिरो आदिका बारेमा आमपाठक समक्ष जानकारी पुऱ्याउनु यस नियात्राको उद्देशय रहेको छ ।

## ४.६ 'गण्डकीको मुहानतिर' नियात्राको विश्लेषण

'गण्डकीको मुहानतिर' नियात्रा वि.सं. २०६८ सालमा प्रकाशित भएको हो । मनास्लु आधारशिविरसम्मको यात्रामा संलग्न नियात्राकारले यात्राका क्रममा भएका घटनाक्रमलाई प्रस्तुत गरिएको यस नियात्रामा ८ शीर्षक क्रमशः पोखरादेखि आरुघाटसम्म, माछाखोलामा एकरात 'जगत' जान हिंडेपछि, देग जाने बाटोमा गण्डकीको मुहानतिर, सामागाउँ आइपुग्दा, मनास्लुको फेदीमा, चरी भरर रहेका छन् । समग्रमा उपर्युक्त शीर्षकहरूलाई विषयवस्तु भाषाशैली र उद्देश्यका आधारमा निम्नानुसार वर्णन गरिएको छ ।

### ४.६.१ विषयवस्तु

प्रस्तुत 'गण्डकीको मुहानतिर' नियात्रामा नियात्राकार मनास्लु आधारशिविरसम्मको यात्रामा पोखराबाट आँबुखैरेनीतर्फ प्रस्थान गरेका छन् र नियात्राको विषयवस्तु पनि अगाडि बढेको छ । पोखराबाट आँबुखैरेनीसम्म बसमा यात्रा गरेका लेखक अन्य गाडीहरू मार्फत गोरखाको घ्याम्पेसाल, फिनाम, आहाले भञ्ज्याङ हुँदै झिँगटे पुग्दछन् । झिँगटेबाट आरुघाट जाने गाडी नपाएपछि उनी दुईजना सहयोगी भाइहरूलाई लिएर अगाडि बढ्छन् । बाटोमा अँगेरी लगायतका अनेकौं सुन्दर फूलहरूको अवालेकन गर्दै उनीहरू कयापानी, ओखले, तान्द्राङ, सिम्लाफेद, सालघारी

आदि ठाउँहरू पार गरेर आरुघाट बास बस्न पुग्दछन् र सहयोगीका रूपमा लगेका भाइहरूलाई पनि विदा दिन्छन् । विहान आरुघाटबाट मनास्लु सम्मको लागि रणबहादुरआले नामका भरिया सहित पुनः यात्रा सुरु हुन्छ । यात्रा बूढीगण्डकीको किनारै किनार अघि बढिरहेको छ । शिशौका विरुवाहरू रोपिएको बाटो हुँदै दुई जनाको टोली अघि बढ्दैछ । दशै नजिकै आइरहेको हुनाले बाटोमा दायाँ वायाँ परेका घरहरू चिटिक्क पारेर सजाइएको पनि उनीहरू हेर्दै अघि बढेका छन् । तराइ जस्तो समथर भूमि र सुन्दर गाउँ पुगेका लेखकले आफ्नो साथीसँग 'माइत जान पाए हुन्थ्यो मोटर चढेर' भनी वेदना पोखेको सुन्छन् । यो कुनै गीतको पङ्क्ति नभएर पनि आफ्नो सुनाइमा तीजको गीतिलय जस्तो लागेको र आफू पाल्पा जिल्लामा कार्यरत हुँदा त्यहाँ स्थिति दिदीबहिनीहरूले गाएको गीत सम्झनामा आएको भन्दै गीतको केही अंश 'माछाखोलामा एक रात' शीर्षक नियात्रामा यसरी उल्लेख गरेका छन् ।

तानसेनमा किनेको रातो मेरो फरिया
भैरवामा सिलाएको चोली वरीलै
खन्न सम्म खनायौं बाबा मलाई कोदाली
अहिले मेरो आँगनीमा डोली बरी लै ... ।

सिमरा बजार हुँदै अघि बढेका उनीहरू आरुखेत बजार पुग्दछन् । नदी पारिको धादिङ क्षेत्रको लापडाँडा फाँटको अवलोकन गर्दै उनीहरू थकाइ नै मेटाउने सुन्दर घोङघोङ खोलाको झरनाको अवलोकन गरेर अघि बढ्छन् । बाटोमा एउटै पहेलो रङका पुतलीहरूको झुण्ड देखिएको छ । यस्तै रमाइला दृश्य हेर्दै उनीहरू केवरपानी' पुग्दछन् । केवरपानीबाट 'सोती' पुगी खाना खाएर पुनः यात्रालाई निरन्तरता दिदैं उक्त टोली ढुङ्गा छापेको बाटो हुँदै अर्मला गाउँ नाछन् र वनको बाटो प्रवेश गर्दछन् । केही छिनको हिडाइपछि वनको बाटो सिद्धिन्छ । वरपर धानका वाला र कोदाका कपनीहरू झुलेका देखिएका छन् । लितिङ खोलो पार गरेपछि विशाल फुँगी छहरा देखिन्छ । छहराको दर्शनपछि पुनः वनकै बाटो हुँदै यात्रा अघि बढिरहेको छ । यात्राकै क्रममा सानो उकालो पश्चात् 'हावाडाँडा' बाट अगाडि बढ्ने वित्तिकै अप्ठेरो बाटो सुरु हुन्छ । भीर कपेर निकालिएको बाटो तलतिर पाइला चिप्लिए पनि सिधै बुढीगण्डकीमा खसिने

माथि भीरमा भारी ठोकिए पनि सिधै बुढीगण्डकीमै खसिने । सो अप्ठेरो बाटो पार भएर उनीहरू लापुवेसी पुग्छन् । बाटोमा 'खानीबेंसी' पुग्न हिड्नु पर्छ भन्ने बोँर्ड देखिन्छ । उनीहरू नौली खोला पुग्छन् त्यसको बायाँतर्फ सुन्दर छहरा देखिन्छ । आफ्नो गन्तव्य 'माछाखोला' बनाई अघि बढेका उनीहरू 'माछाखोला पुग्न एक घण्टा लाग्छ भन्ने बोर्ड देख्छन् । बाटामा फुलेका साम्रा राम्रा जङ्गली फुलहरूको अवलोकन गर्दै माछाखोला पुग्छन् । हिमालयन होटलमा बास बस्न पुगेका उनीहरू उक्त होटलका मालिक सुनबहादुर गुरुङसँग पर्यटन विकासका कुराहरू गर्दछन् । गुरुङले सरकारी अपेक्षा, भग्न पुल पुलेंसा र जीर्ण झोलुङ्गे पुलका कुरा उठाउँछन् । लेखकले पनि स्थानीय वस्तुस्थिति, भूबनौट, संस्कृति अनि उपलब्ध स्रोत र साधनलाई कसरी पर्यटन विकासमा परिचालित गर्न सकिन्छ भन्ने आफूले जानेसम्मको कुरा सिकाउँछन् ।

विहान बुढीगण्डकीको तिरैतिर पुनः यात्रा सुरु हुन्छ । पहरो कपेर निकालिएको अप्ठेरो बाटो पार गरी खोलावेंसी पुगेका उनीहरू नदी किनाराको बाटो हिडिरहेका छन् । बाटो भरि जताततै मसिना मसिना गँड्यौलाहरूको गुजुल्टो देखिएको छ । उनीहरू उकालो बाटो हुँदै समान उचाइका विरुवाहरू, ढुङ्गाको सिंढी हालिएको बाटो र उन्यूँका घना बोटहरूले सुन्दरता थपेको रमाइलो बगैंचा जस्तो ठाउँमा पुगेका छन् । जहाँबाट नदी, बाटो, वन, पहाड र गणेश हिमालको चुचुरी एकसाथ देखिइरहेका छन् । यही प्राकृतिक रमाइलोसँग एकाकार हुँदै उनीहरू एकातिर समर ट्रेल अर्थात् वर्खे बाटो र अर्कोतिर विन्टर ट्रेल अर्थात हिउँदे बाटो लेखेर बोर्ड टाँगिएको ठाउँमा पुगछन् र विन्टर ट्रेलको बाटो हुँदै खोर्ला खोलामा पुग्छन् । यात्राकै क्रममा उनीहरू तातोपानी भन्ने ठाउँमा पुगेका छन् । बुढीगण्डकीको एउटा पहाराको खोंचमा रहेको उक्त ठाउँमा घर माथितिर पर्ने पहाराबाट तातोपानी निस्केको छ र तल घरको वरावरीमा आइपुगेपछि तीनवटा धाराको रूप लिइएको छ । यिनै धाराको पानीलाई पाइपबाट ल्याएर एउटा सानो कुण्ड पनि बनाइएको छ । उक्त दृश्यको अवलोकन पश्चात् उनीहरू तातोपानीको जीर्ण झोलुङ्गे पुल पार गरी बुढीगण्डकीको पूर्वी किनारा हुँदै 'दोभान' पुग्छन् र पुनः अघि बढ्छन् । बाटोमा विपरीत दिशातर्फ इको ट्रेक, हिमालयन हाई क्याम्प र धामसेकु ट्रेकिङका सामानहरू फर्काएर ल्याउँदै गरेका मजदुरहरू ठूलो

संङ्ख्यामा देखिएका छन् । पूर्व , पश्चिम र उत्तर तीनै दिशातर्फ विशाल पहराले घेरिएको सानो मैदानी भागमा एउटा सानो बस्ती भएको 'खिर्रेडाँडा' भन्ने ठाउँमा पुगेका उनीहरूले त्यहीको सूचना पाटीमा डेढ घण्टामा 'जगत' पुगिने भनेर लेखेको देख्छन् । आजको आफ्नो गन्तव्य पनि 'जगत' नै भएका उनीहरू बाटोको प्राकृतिक हरियालीसँग रमाउँदै सोही ठाउँमा बास बस्न पुग्छन् । सो ठाउँ वरपर कृषि विकास बैंक, सीमा प्रशासन कार्यालय, इलाका हुलाक, लार्के भन्सार कार्यालय, प्रहरी चेक पोष्ट, कृषि कार्यालयको सेवा केन्द्र आदि कार्यालयहरू रहेका छन् र यत्तिका कार्यालय हुनुको अर्थ यो ठाउँ यहाँको प्रमुख नाका र महत्त्वपूर्ण स्थान हो भन्ने कुरा प्रष्ट हुन्छ ।

जगत बाट पुन आफ्नो यात्रा सुरु गरेका उनीहरू पूरै बाटोमा नै चिल्ला र चेप्टा ढुङ्गाहरू छापेको बाटो हुँदै सल्लेरी पुग्छन् । सल्लेरी बाट अघि बढेका उनीहरू तितेपाती र भकिम्लामा रुखहरू भएको बीच बाटो हुँदै अघि बढ्ने क्रममा दोर्जुङ हिमालको दर्शन पाएका छन् । यात्रा ढुङ्गिलो बाटो हुँदै अघि बढ्दै छ । सबै संरचना, घर, पर्खाल, बाटो, डाल्ली सबै ढुङ्गाकै भएको सिर्दिवास पुग्छन् उनीहरू । तिब्बततिरबाट ल्याइएका भेडा-च्याङ्ग्रा खरीद  गर्ने गाउँलेहरूले व्यापारीहरूसँग मोल-मोतलाई गरिरहेका छन्  सो ठाउँमा । यहाँबाट अघि बढेका उनीहरू घट्टेखोला हुँदै फिलिम पुग्छन् । मनास्लु क्षेत्र संरक्षण आयोजनाको सम्पर्क कार्यालयमा महिला विकास सहायक श्रीमती आशमाया गुरुङसँग अफिसको कार्याक्षेत्र कार्य प्रगति, लक्ष्य, अवरोह, कमजोरी, सशक्त पक्षका बारेमा लेखकले जानकारी लिन्छन् । उनीहरू पर्यटन मन्त्रालय र वन मन्त्रालयको कार्यक्षेत्र, छुटेका तथा खप्टिएका कुराहरू र सच्चाउनुपर्ने कुराहरूका बारेमा पनि व्यापक छलफल गर्छन् । यात्रा पुनः सुरु हुन्छ र घाँसेमैदानको बाटो हुँदै 'चिसापानी, याङसिङ, एक्लेभट्टी गाउँहरूलाई पछाडि पार्दै अघि बढिरहेका उनीहरू देग भन्ने ठाउँमा बास बस्न पुगछन् । पश्चिमोत्तर कुनाबाट बुढीगण्डकी नदीले पारको गल्छीबाट सुन्दर श्रृंगी हिमालको दर्शन गर्दै यात्रा पुनः सुरु हुन्छ । दुर्गम क्षेत्र विकास समितिले बनाएको बुढीगण्डकी माथिकै 'राना झोलुङ्गे पुल पार गरेर उनीहरू बाटोकै लागि बनाइएको काठको लिस्नो चढेर माथि पुग्छन् । बाटोमा फुलेका चमेली जस्ता फुलहरूको अवलोकन गर्दै उनीहरू निगालाघारीको बाटो हुँदै 'विहिफेदी'

पुग्छन् र अघि बढ्छन् । पवित्र श्लोकहरू लेखेर चढायएका ढुङ्गाहरूद्वारा निर्मित मानेको छेउ हुँदै उनीहरू 'गाप' जाने लक्ष्य लिएर अघि बढ्दै छन् । नदीवारि र पारि दुबै तर्फको चित्ताकर्षक हरियाली हेर्दै सल्लेरी वनको बाटो हुँदै 'भुर' भन्ने ठाउँमा पुगेका उनीहहरू बाटोमा श्लोक कुँदिएका ढुङ्गाहरूको दर्शन गर्दै 'गाप' पुग्छन् । गापमा खाना खाई अघि बढेका उनीहरू बाटोमा फूलेका फूलहरूको रमणीय दृश्यको अवलकोन गर्दै वनकुञ्जभित्र बाट अगाडि बढ्दैछन् । नदीकिनारालाई छोडेर उकालो सुरु गरेका उनीहरू पूरै अँध्यारो छाएको असाध्यै घना जङ्गलको बाटो हिडिरहेका छन् । वन टर्चलाइट नै बाल्नुपर्ने जस्तो निकै अध्यारो छ । उक्त वन पार गरेर उनीहरू 'नामरुङ' भन्ने ठाउँमा बस्न पुग्दछन् ।

नामरुङको सीमा प्रहरी चौकी हुँदै पुनः यात्रा सुरु हुन्छ । ढुङ्गेश्लोकी मानेहरू देखिदै छन् बाटोमा । सल्लाघारी पनि आउँछ । डोकोभरि स्याउ बोकेर सामागाउँमा बेच्न जान लागेका 'विही' का मानिसहरू पनि देखिन्छन् । 'रुइच' का बोटहरले ढाकेको बाटो हुँदै 'भंजाम' भन्ने ठाउँ हुँदै यात्रा अघि बदिरहेको छ र 'लिही' भन्ने ठाउँमा पुगेको छ । हरियो जौवाली, गाउँको दक्षिण पश्चिमतिरको कुनामा झल्मलाई रहेको हिमालचुली र उत्तर पश्चिम कुनाबाट चिहाइरहेको अर्को एउटा सुन्दर हिमाली टाकुराले गर्दा यो ठाउँ निकै सन्दर देखिएको छ । गाउँ प्रवेश गर्ने स्वागतद्वार भित्रैबाट समेत हिमाल देखिने उक्त ठाउँ पार गरी विभिन्न थरिका फूलहरू फूलेका वनको बाटो हुँदै अघि बढेका उनीहरू अचम्मका रूप र आकृति भएका रुखहरूलाई हेर्दै 'स्यो' गाउँ पुग्छन् । 'स्यो' बाट अघि बढेका उनीहरू नर्पो, लो, हुँदै 'स्याला' पुगेका छन् । उक्त ठाउँमा कालो माटो ढुङ्गा र काठन्को प्रयोग भएका घरहरू छन् । पुनः अघि बढेर उनीहरू सामागाउँ पुग्छन् । मनास्लु हिमाल र लार्केपास जस्ता पर्यटकीय आकर्षणका विन्दुहरूले गर्दा विकास हुन पुगेको दुर्गम क्षेत्रको सामागाउँ एउटा राम्रो सहरजस्तो छ । जापानी नागरिक तोशिओ इमानिशीले सन् १९५६ को मे ९ मा यस हिमालको सफल आरोहण गरेपछि विश्वको ध्यान खिचिन पुगेको हो यो ठाउँ । नेपालहिरू मध्ये अर्केन छिरिङ शेर्पा प्रथम सफल आरोही हुन् । भोलि वेसक्याम्प जाने

योजनासहित उनीहरू ङुडुप होटल' मा बास बस्ने तयारी गर्छन् । बेलुकाको खाना पिना सिद्धिएपछि नियात्राकार रणवहादुरआलेलाई पनि विदा दिन्छन् ।

विहान रामबहादुर आले र नियात्राकार दुबै जना वेसक्याम्पतर्फ प्रस्थान गर्दछन् । विहानको ४:३० बजे देखि नै सुरु भएको यात्रा ठूला ठूला रुखहरू भएको वनको बाटो हुदै अघि बढेको छ । सँगै गएका रामबहादुर ढिलो पुगियो भने फर्कदा भारी पाउँदैन भनेर लेखकलाई विस्तारै आउन भन्दै आफू अगाडि बढेका छन्  दोहोरो फाइदाको लागि । बनकुञ्जबाट मनास्लुको घमिलो आकृति देखिदैछ । वन सकिएर उकालो बाटोको यात्रा सुरु हुन्छ । बाटोमा सेतै, पहेलै थरिथरिका भुँइ फुलहरू फुलेका छन् । प्रकृतिलाई सिर्जनशील अनि सुन्दरताको पारखीको सज्ञा दिदै लेखक अघि बढिरहेका छन् । बाटो बीचमा छ अनि दुवैतिर हिमनदीहरू छन् । यात्राकै क्रममा ठ्याक्कै डाँडाको धारबाट हिड्नुपर्ने अनि जता खसेपनि हिमनदीमा पुगिने डर लाग्दो बाटो आएको छ ।  डरलाग्दो धारको यात्रा सकिएपछि उनी वेसक्याम्प देखिने ठाउँमा पुग्दछन् । एकिछिन अघिसम्म केही नदेखिएको तर देखिए पछि छयाङ्गै सबै एकैचोटि देखिने वेसक्यामपको वर्णन नियात्राकारले 'मनास्लुको फेदीमा' शीर्षक नियात्रामा यसरी गरेका छन् :

> हिमालहरूकै फेदीका कडा चट्टानको पर्खालले घेरिएको फुटवल मैदान जस्तो छ वेसक्याम्प । टनक्कै हिउँले ढाकिएको ठूलो उपत्यका नै रहेछ यो वेसक्यामपत । सवैतिर पालैपालले ढाकिएको अनि प्रत्येक टोलीले पूजा गर्दा टाँगेका लुगादारहरूले गर्दा झिलिमिलयुक्त सहरहरू जस्तै भएको छ यो वेसक्याम्प । दुलही जस्तै सिंगारिएको यो वेसक्याम्पले यो हिउँ प्रदेशमा आफ्नो एक्लो साम्राज्य खडा गरेको रहेछ ।

वेसक्याम्पमा पुगेका लेखक टेन्टहरू टाँगिएको क्षेत्रतिर अघि बढ्छन् र सोध्दै जाँदा आफ्नो टिमका सदस्यहरू भएको पालमा पुग्छन् । टिमका गाइड रिञ्जी शेर्पाले उनलाई पालभित्र छिराउँछन् । उनले फ्रेन्डसिप वियोण्ड बोर्डर्स, मनास्लु, एक्स्पीडिसन २००८ अटम' टोली अन्य सदस्यहरूलाई पनि भेट्छन् । आरोहीहरू पहिलो, दोस्रो

क्याम्पमा जाने फर्कने क्रम चलिरहेको छ । आफूलाई उचाइसँग अभ्यस्त बनाउन माथिबाट तल आउने र तलबाट माथि जाने काम गरिहनु पर्छ । मनास्लुको शिखरमा पाइला टेक्न सफल भएर वेसक्याम्प आइपुगेका दुई आरोहीहरूलाई लेखकले बधाइ दिन्छन् । उनीहरू खुशी भएर भन्दै थिए चढ्न एकदमै गह्रो भयो । सबैसँग भएको भेघाट एवम् कुराकानी पश्चात लेखक विदा मागेर तल ओरालो झर्छन । माथिबाट ५/७ जनाको समूह डोकोमा लास बोकेर झर्दै छन् । फ्रेन्च आरोही क्याम्प टु मा बितेको र उसैको लास डोकोमा पालैपालो बोकेर तल ल्याइँदै छ । लेखक मरेको आत्माको चिर शान्तिको कामना गर्दै सामागाउँ पुग्छन् । दशै आउनै लागेको र आफू एक्लै महसुस गरी निराश भएका उनलाई पेम्वा शेर्पाले फ्रेन्च आरोहीको लाशलाई काठमाडौं लैजान हेलिकोप्टर आउने र त्यसमा जाने भए पहिलो प्राथमिकता पाउने कुरा सुनाउँछन् । अनि उनको पनि खुशीको सीमा रहेन । नजिकै आएको दशै मनाउन पाउने भएकाले पनि उनी निकै खुशी थिए । विहान उक्त लाशलाई लिन प्लेन आयो र पाइलट, लाश र लेखक सहित प्लेन काठमाडौंतर्फको आफ्नो उडान सुरु गऱ्यो । अनेकौ भीर, पहरा, नदी र खोंच नाध्दै प्लेन एक ठाउँमा रोकियो र त्यहाँबाट एकजना मानिस चढाएर शिक्षण अस्पतालको हेलिप्याडमा रोकियो लासको पोष्टमार्टमको लागि । लेखक पाइलट सँग विदा भई ट्याक्सीमा मनोहरबस्ती तर्फ लाग्दछन् र अर्को बस चढी बुटवलतर्फ लाग्ने योजनासहित नियात्राको विषयवस्तु समाप्त हुन्छ ।

### ४.६.२ भाषाशैली

गण्डकीको मुहानतिर' नियात्रामा वर्णनात्मक, विवरणात्मक शैलीको प्रयोग भएको छ । यस नियात्रामा नियात्राकारले आफूले पोखरादेखि मनास्लु आधारशिविरसम्म गरेको यात्राको वृत्तान्त सरल, सहज, ढङ्गमा प्रस्तुत गरेका छन् । नियात्रामा अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ जस्तै प्लेन, एयरपार्ट, स्टाफ, टीसर्ट, बोर्ड, फ्रेम, नोटप्याड, होटल, भेराइटी, प्लेट, समर ट्रेल, विन्टर ट्रेल, इकोट्रेक, साइनबोर्ड, सेटिङ्ग, राइटिङप्याड, बेड-पार्टनर, साइड, टर्न, टायर, च्यानल, रिमोट, डेप्याक, चान्स गेट, ट्रान्सफर्म, वेसक्याम्प, टेष्ट मिस्टर, हेलिप्याड, स्टार्टअफ, पोष्टमार्टम आदि । त्यस्तै तत्सम शब्दहरमा नितान्त, सुन्दर, पुनर्जीवन, पथप्रदर्शक, स्वयम् प्रारम्भ,

दृश्यावलोकन, कञ्चन, स्वतः अदभूत, शीर, दर्शन, वृद्ध, सार्वोकृष्ट, रमणिय, शौभाग्य, उद्‌गम, आदि रहेका छन् । यस्ता शब्दहरूको प्रयोग भएपनि नियात्राको भाषाशैली सरल र सहज छ ।

नियात्रामा प्रश्नोत्तरात्मक शैलीको पनि प्रयोग गरिएको छ । गीतको प्रयोगबाट नियात्रा लयात्मक बनेको छ । नियात्रामा याङसिङ गाउँको केटाले बोलेको कुरा जस्ताको तस्तै प्रयोग गरिएको छ । 'ऊ कान्छा, म भिनोत् । हामी इस्कुल पद्‌दैना । हामी तामाङ हो ।' गाप भन्ने ठाउँका होटलहवालाले भनेको कुरा पनि नियात्रामा उल्लेख गरिएको छ । 'हामी भोटे ठकुरी हो । त्यै बाएर छटेलको नाम पिनि 'मनास्लु ठकुरी हुटेल' राखेको नामरुङस्थित होटलवालाको बोलेको कुरा पनि टपक्कै टिपेर प्रयौग गरिएको छ । 'म त सप्पैलाई राम्रो गार भन्छ, यो मान्दैन । खैरे पनि पैसा विर्छा, नेपाली पनि पैसा तिर्छा भन्छ । यो कुरै बुझ्‌दैन' । यस्ता विभिन्न स्थानका भाषाले नियात्रा आकर्षक बनेको छ ।

'मान्छे खेद्‌नु अगाडि लागेर', जिन्दगी बोर छ खान नपाए मोर्छ' 'साँढेको जुधाई , बाछ्राको मिचाईं, जस्ता लोकोक्तिले नियात्रा रोचक बनेको छ । नियात्राकार आफूले यात्राका क्रममा अवलकोन गरेका दृश्यहरूलाई सचित्र नियात्रामा उतारहेका छन् । यस्तो चित्रात्मक शैलीले नियात्रा जीवन्त बनेको छ ।

समग्रमा नियात्राको अध्ययन गर्दा आफू पनि लेखकसँग लेखक पुगेको ठाउँमा पुगिने प्रस्तुत नियात्राको भाषाशैली सरल, सहज, बोधगम्य, कलात्मक, काव्यात्मक अनुप्रासुक्त लयात्मक, आर्कर्षक, जीवन्त र सामान्य पाठकवर्गले पनि सजिलै बुझ्ने खालको छ ।

### ४.६.३ उद्देश्य

नियात्राकारले पोखरादेखि मनास्लु आधार शिविर सम्म गरेको यात्राका क्रममा विभिन्न स्थानको संस्कृति, रहन सहन, प्रकृति एवम् भूगोलसँग भएको प्रत्यक्ष साक्षात्कारलाई आम पाठकसमक्ष जानकारी गाराउनु प्रस्तुत 'गण्डकीको मुहानतिर'

नियात्राको उद्देश्य रहेको छ । पोखराबाट यात्रा सुरु गरेको सातौदिनमा आधारशिविर पुग्नुपर्ने जानकारी पाठकसमक्ष पुऱ्याउनु नियात्राको उद्देश्य देखिन्छ । मनास्लु आधार शिविरसम्म पुग्ने यात्राको क्रममा पुगेको विभिन्न गाउँ ठाउँका बारेमा जानकारी दिनुका साथै उक्त ठाउँको चालचलन, भेषभूषा, भौगोलिक बनावट प्राकृतिक सौन्दर्य एवम् साँस्कृतिक पक्षलाई आमपाठक समक्ष पुऱ्याउनु पनि प्रस्तुत नियात्राको उद्देश्य रहेको छ । मनास्लु क्षेत्र संरक्षण आयोजनाको सम्पर्क कार्यालयमा भएको कार्यक्षेत्र, कार्य प्रगति, लक्ष्य, अवरोध, कमजोरी, सशक्त पक्ष एवम् पर्यटन मन्त्रालय र वन मन्त्रालयको कार्यक्षेत्र, छुटेका कुराहरू, खप्टिएका कुराहरू र सच्याउनु पर्ने कुराहरूमा भएको छलफलका बारेमा पाठकलाई जानकारी गराउनु नियात्राको उद्देश्य रहेको छ । यस्तै मनास्लु आधार शिविर तथा मनास्लुको शिखरसम्म पुग्दा हुने दुःख कष्ट एवम् हिमपहिरोका वारेमा पाठकलाई जानकारी दिनु प्रस्तुत नियात्राको उद्देश्य रहेको छ ।

## पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

### ५.१ उपसंहार

जम्मा पाँच परिच्छेदमा सङ्गठित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद शोधपत्रको परिचय रहेको छ । विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य तथा महत्त्व, शोध कार्यको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि शोधपत्रको रूपरेखा जस्ता विषयको  व्याख्या यस परिच्छेदमा गरिएको छ ।

दोस्रो परिच्छेदमा प्रतीक ढकालको जीवनीको सङ्क्षिप्त अध्ययन प्रस्तुत गरिएको छ । उनको जीवनी अर्न्तगत जन्म र जन्म स्थान, वंश परम्परा र पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षादीक्षा, विवाह र पारिवारिक जीवन, आर्थिक अवस्था व्यक्तिगत रुचि तथा स्वभाव, भ्रमण, सम्मान तथा पुरस्कार, प्रेरणा र प्रभाव र संलग्नताबारे अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा प्रतीक ढकालको व्यक्तित्वका पक्षको अध्ययन गरिएको छ । यही क्रममा ढकालको हाल सम्मको साहित्य यात्राको चरण विभाजन गरी अध्ययन गरिएको छ । उनको व्यक्तित्व अन्तर्गत साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ । साहित्येतर व्यक्तित्व अन्तर्गत शारीरिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, कलाकार तथा गायक व्यक्तित्व, जागिरे व्यक्तित्व, राजनीतिक व्यक्तित्व र धार्मिक व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ भने साहित्यिक व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व, नियात्राकार व्यक्तित्व, अनुवादक व्यक्तित्व र सम्पादक व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ । त्यस्तै यही परिच्छेदमा उनको अहिले सम्मको साहित्य यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

चौथो परिच्छेदमा प्रतीक ढकालका प्रकाशित नियात्रा कृतिहरूको संक्षिप्त विश्लेषण गरिएको छ । उनका 'हिमालपारि पुगेपछि, सेती पनि काली पनि, सगरमाथाको आधार शिविरबाट, चीनको विचित्र चित्र, पाइतालाका छापहरू र गण्डकीको मुहानतिर गरी ६ वटा नियात्रा कृति रहेका छन् र यस परिच्छेदमा यिनै कृतिहरूको विषयवस्तु, भाषाशैली र उद्देश्यका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ५.२ निष्कर्ष

यस शोधपत्रमा प्रतीक ढकालको जीवनी, व्यक्तित्व र नियात्राकारिताको अध्ययनबाट प्राप्त तथ्यहरूको उपसंहार भइसहेको छ । शोध समस्यासँग सम्बन्धित शोध प्रश्नहरूको उत्तरका सन्दर्भमा उक्त उपसंहारको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

वि.सं. २०१६ सालमा भुटानको दागापेलामा जन्मिएका प्रतीक ढकालले त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्र, जनप्रशासन र समाज शास्त्रमा स्नाकोत्तर तहको औपचारिक अध्ययन पूरा गरेका छन् । २०४६ सालमा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेका ढकाल हाल सह-सचिव पदमा कार्यरत छन् । उनको साहित्यिक यात्रा २०२८ सालमा प्रकाशित 'धार' शीर्षकको कविताबाट आरम्भ भएको हो । हालसम्म यिनले एक दर्जन भन्दा बढी पुस्तकाकार कृतिको रचना गरेका छन् । काल्पनिकता, कारुणिकता, राष्ट्रभक्ति, क्रन्तिकारी भावना, व्यङ्ग्यात्मकता, मनोवैज्ञानिकता, मानवता, प्रकृति चित्रण, यथार्थता, श्रृङ्गारिकता, कथ्य र सरल भाषाशैलीको प्रयोग ढकालका मुख्य प्रवृत्तिहरू छन् ।

वि.सं. २०६१ सालमा 'हिमालपारि पुगेपछि' नियात्रा प्रकाशित गरी नियात्राकारका रूपमा प्रतिष्ठापित भएका ढकालका हालसम्म ६ वटा नियात्रा प्रकाशित भएका छन् । प्रस्तुत हिमालपारि पुगेपछि नियात्रामा डोल्पा र मुस्ताङ गरी दुई खण्ड रहेका छन् र ढकालले यात्रा गरेका विभिन्न स्थानका घटनाक्रम एवम् अनुभवहरूलाई विषयवस्तु बनाइएको छ । उनको दोस्रो नियात्रा कृति 'सेतीपनि कालीपनि' (२०६३) हो

। यस नियात्रामा मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलक्षेत्रका विकट, दुर्गम र अभावग्रस्त क्षेत्रहरूको वर्णन गरिएको छ । ढकालको तेस्रो कृति ‘सगरमाथाको आधारशिविरबाट’ (२०६४) हो । प्रस्तुत कृतिमा सम्पूर्ण खुम्बु क्षेत्रको यात्राको क्रममा भएका घटनाहरूलाई विषयवस्तु नाइएको छ । त्यस्तै उनको चौथो प्रकाशित कृति ‘चीनको विचित्र चित्र’ (२०६६) हो । उनको यो कृति विदेश भ्रमणमा आधारित एक मात्र कृति हो र चीनका विभिन्न भागमा गरेको यात्राका क्रममा घटेका घटनाहरूलाई प्रस्तुत नियात्राको विषयवस्तु बनाइएको छ । ढकालको पाँचौ कृति ‘पाइतालाका छापहरू’ (२०६६) हो । पूर्व दर्शन, पश्चिमदर्शन र हिमालदर्शन गरी तीन खण्डमा विभाजित प्रस्तुत नियात्रामा पूर्व, पश्चिम र हिमालका विभिन्न स्थानको भ्रमणका घटनाक्रमलाई विषयवस्तु बनाइएको छ भने ढकालको छैटौं नियात्रा कृति ‘गण्डकीको मुहानतिर’ (२०६८) हो । यसमा नियात्राकारले पोखरादेखि मनास्लु आधारशिविरसम्मको यात्रामा रहँदा देखे-भोगेका सम्पूर्ण कुराहरूलाई विषयवस्तु बनाइएको छ ।

यसरी प्रस्तुत शोधपत्रमा प्रतीक ढकालको जीवनी व्यक्तित्व र नियात्राकारिताको संक्षिप्त विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## सन्दर्भ ग्रन्थ सूची

आचार्य, भीमार्जुन (२०६९), 'प्रतीक ढकाल एक मानवतावादी लेखक', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

काँइला, वैरागी (२०६९), 'मनमा लागेको कुरो', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

खड्का, राजेश (२०६९), 'सम्मानका शब्दहरू', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

खनाल, हरिहर (२०६९), 'एक विहङ्गम दृष्टि', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

घिमिरे, देवराज (२०६८), **सेती पनि काली पनि नियात्राको विधातात्विक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौं: त्रिचन्द्र कलेज ।

जंगम, दिपक, (२०६९), 'प्रतीकसँगै हिमालतरि घुम्न निस्कँदा', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

ढकाल, प्रतीक (२०६१), **हिमालपारि पुगेपछि,** छैं. सं., ललितपुर: साझा प्रकाशन ।

..... (२०६३), **सेती पनि काली पनि,** चौ.सं., ललितपुर: साझा प्रकाशन ।

..... (२०६४), **सगरमाथाको आधारशिविरबाट,** चौं.सं. काठमाडौं: मकालु प्रकाशन गृह ।

..... (२०६६), **चीनको विचित्र चित्र,** दो.सं., काठमाडौं: म्यानेजमेण्ट स्टुडेन्ट्स् एसोसियसन अफ नेपाल ।

..... (२०६६), **पाइतलाका छापहरु,** ललितपुर: साझा प्रकाशन ।

..... (२०६८), **गण्डकीको मुहानतिर,** काठमाडौंः पैरवी बुक हाउस ।

धरावासी, कृष्ण (२०६९), 'शेर्पा जस्तो प्रतीक', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

नयाँघरे, युवराज, 'प्रतीकलाई पत्र', जनभावना (२०६३ः ४८ ।

निरौला, उदय, 'कठिन पदयात्राको नियात्रा', मधुपर्क (२०६२ः ३४) ।

बन्धु, चूडामणि (२०६९), 'नियात्राकार प्रतीक ढकाल', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

भट्टराई, तुलसी (२०६९), 'प्रतीक ढकाल अर्थात् यात्रा साहित्यकार प्रतीक', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

रावल, रामबहादुर, 'चुपचाप वेस्टसेलर', इन्द्रेणी (२०६५ः ५५)

भट्टराई, राधेश्याम (२०६९), 'नियात्राका प्रतीकः प्रतीक ढकाल', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

शर्मा, तारानाथ (२०६९), 'नियात्रा बगैंचाका पर्वतीय माली', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

शर्मा, 'नेपाल' बसन्त कुमार (२०६९), 'एउटा घुमन्तेको हिमाल यात्रा', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौंः पैरवी बुक हाउस ।

शेर्पा, आपा (२०६९), 'पर्वतारोहीका सक्कली साथी' **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

सत्याल, शिवप्रसाद (२०६९), 'पदपाठको प्रतिक्रिया', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

सुवेदी, विश्वमणी 'कुकर्म नै हो र ? कम्युनिष्ट समर्थक हुनु', जनआस्था ( २०६५/१२/१२) ।

सुब्बा, विजय (२०६९), 'आधारशिविरबाट फर्केपछि', **नेपाली पर्वतीय साहित्य सृष्टिमाथि दृष्टि,** डा. खेम कोइराला बन्धु, (सम्पा.) काठमाडौं: पैरवी बुक हाउस ।

ज्ञवाली, ईश्वरी, 'हिमाल पारि पुगेपछि', नेपाली राष्ट्रिय साप्ताहिक (२०६२: ४६) ।